# इजरायली आक्रमणको निन्दा गर्दै साँखुमा विरोध प्रदर्शन तथा सभा

काठमाडौँ (साँखु)। प्यालेस्टिनको गाजा क्षेत्रमा इजरायलले पुन: सञ्चालन गरेको नरसंहारविरुद्ध नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको संयुक्त आयोजनामा विरोध प्रदर्शन तथा सभा गत मङ्सिर १९ गते मङ्गलबार सम्पन्न भयो।

विरोधसभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले प्यालेस्टिनी युद्ध समकालीन इतिहासकै सबैभन्दा आततायी र बर्बर युद्ध भएको बताउनुभयो। इजरायली सेनाले बालबालिकालाई मात्र होइन, शिशुहरूको समेत हत्या गरेको चर्चा गर्दै उहाँले इजरायली आक्रमणको भर्त्सना गर्नुभयो। उहाँले नाजीवादी हिटलरको अन्त्य भएजस्तै यहुदीवादी नेतन्याहुको पनि एक दिन अन्त्य हुने र विश्वको न्यायप्रेमी जनताको विजय हुने औँल्याउनुभयो।

इजरायलले १८ लाख प्यालेस्टिनी जनतालाई बेघरबार बनाएको उल्लेख गर्दै प्रदेशसभा सदस्य गोसाईले भन्नुभयो, "शान्तिका वास्तविक पक्षधरहरूसँग साम्राज्यवादको विरोध गर्नुबाहेक अर्को विकल्प छैन।" प्यालेस्टिनी र नेपाली जनताको पीडा एउटै भएको चर्चा गर्दै उहाँले बाइडेन–नेतन्याहु–मोदीको साम्राज्यवादी र फासीवादी गठबन्धनले तेस्रो विश्वयुद्ध निम्त्याउन सक्ने परिदृश्यबिच नेपालका शासक दलका नेताहरू भने एमसीसी तथा एसपीपी सम्झौतामार्फत देशमा साम्राज्यवादलाई स्वागत गरिरहेको बताउनुभयो।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले अमेरिकी राष्ट्रपति जो बाइडेनकै साथ, सहयोग र उक्साइमा इजरायलले प्यालेस्टिनी जनताको नरसंहार गरिरहेको हुनाले इजरायलभन्दा ठूलो आतङ्ककारी अमेरिकी साम्राज्यवाद हो भन्नुभयो। गाजाका ५५ अस्पतालमध्ये २२ ध्वस्त भएको, ४५ हजार घर भत्किएको र ६ लाख २५ हजारभन्दा बढी विद्यार्थी पढाइबाट वञ्चित भएको कहालीलाग्दो स्थितिमा नेपालका शासक दलका नेताहरू भने साम्राज्यवादलाई नै पोस्न उद्यत रहेको उहाँको भनाइ थियो। इजरायलमा मारिएका नेपाली युवाको दोष स्वदेशमै रोजगारी दिन नसक्ने शासक दलहरूलाई जाने विचार राख्दै उहाँले भन्नुभयो, "युवालाई स्वदेशमा रोजगारी दिन नसक्ने दलले सरकारबाट तत्काल राजीनामा दिनुपर्छ।" देशको खस्किँदो आर्थिक

बाँकी पृष्ठ ११ मा


साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३० ✪ अङ्क ४७ ✪ २६ मङ्सिर २०८०, मङ्गलबार ✪ 12 Dec., 2023, Tuesday ✪ मूल्य रू. १०/-


# नेपाली जनतालाई खानेपानी खुवाउन दबाब दिनु जरुरी छ

काठमाडौँ। खानेपानी मन्त्री महिन्द्रराय यादवको अध्यक्षतामा काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयको पुनर्संरचनासम्बन्धी र मेलम्ची आयोजनाको दिगो समाधानका विषयमा पृष्ठपोषण सङ्कलनको लागि काठमाडौँ उपत्यकाका सांसद तथा नगर प्रमुखहरूबिच बुधबार मन्त्रालयको सभाकक्षमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा मन्त्री यादवले काठमाडौँ उपत्यकाको खानेपानी समस्या हल गर्न सरकार गम्भीर रहेको बताउँदै खानेपानीको समस्या समाधान सङ्घ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएको बताउनुभयो।

उहाँले काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयको पुनर्संरचनाबिना उपत्यकामा खानेपानी सरलरूपमा वितरण गर्न सम्भव नभएको बताउनुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले केन्द्र सरकारले खानेपानीको पूर्वाधार बनाई खानेपानीको वितरण, महसुल सङ्कलन र सामान्य मर्मतको जिम्मेवारी स्थानीय तहलाई दिनु उपयुक्त हुने धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "सरकारमा गएका दलहरूको घोषणापत्रमा प्रत्येक नगरपालिकामा खानेपानीको बोर्ड बनाउने, आर्सेनिक नभएको खानेपानी आपूर्ति गर्ने, बस्ती बस्तीमा खानेपानी पुऱ्याउने, पानी रिचार्जको व्यवस्था गर्ने, खानेपानी योजना पाँच वर्षमा सम्पन्न गर्ने, तराईमा नदीबाट पानी उठाएर खुवाउने, देशभरि एक घर एक धाराको व्यवस्था गर्नेलगायत वाचा गरिएको छ। ती पार्टीका जनप्रतिनिधिहरूले आआफ्ना पार्टीका नेता, प्रम, मन्त्रीहरूलाई घोषणापत्रमा वाचा गरिएअनुसार नेपाली जनतालाई खानेपानी खुवाउन दबाब दिनु जरुरी छ।"

सरकारले काठमाडौँ उपत्यकाभित्र र बाहिरका खानेपानी स्रोतसम्म पुग्ने पूर्वाधार निर्माण गरिदिनुपर्ने आवश्यकता औँल्याउँदै सांसद सुवालले भन्नुभयो, "भक्तपुरको बाँसबारीस्थित खानेपानी भण्डारण धेरै पुरानो हो। पञ्चायतको ३० वर्ष र बहुदल (राजतन्त्र) को ३४ वर्षमा एउटा सानो प्रशोधन पोखरीमात्र निर्माण भयो। प्रम माधवकुमार नेपालको पालामा मुहान खोलाको पानी सङ्कलन गर्न एक करोड रुपैयाँ विनियोजन भएको बजेट भाषणमा उल्लेख थियो। त्यो बजेट अहिलेसम्म निकासा भएन।"

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सरकारले उपत्यकावासीहरूलाई खानेपानीको सुनिश्चितताको लागि मेलम्चीको विकल्पमा थप अध्ययन अनुसन्धान गर्नुपर्ने बताउनुभयो।

संविधानले मौलिक हकअन्तर्गत राखेको स्वच्छ पिउने पानीको अधिकारलाई सरकारले प्रत्याभूति गराउनुपर्ने बताउँदै उहाँले सरकारले खानेपानीको स्रोत संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिनुभयो।

शिक्षा, स्वास्थ्य र खानेपानीलाई निजीकरण गर्न नहुने बताउँदै उहाँले उपत्यकाका नदी, खोला र पोखरी संरक्षणमा ध्यान दिएको भए मेलम्ची आयोजनामा ठूलो लगानी आवश्यक नहुने बताउनुभयो।

काठमाडौँ क्षेत्र नं. १० का सांसद राजन केसीले खानेपानी वितरण प्रणाली कमजोर भएकै कारण खानेपानीको समस्या विकराल बन्दै गइरहेको बताउँदै खानेपानीका प्राकृतिक स्रोतहरूलाई पनि संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

बाँकी पृष्ठ १२ मा

# कुत्सित मनसाय बोकेको साम्राज्यवादी अमेरिकालाई चिन्नु जरुरी




मध्यपुर। इजरायली फासीवादले प्यालेस्टिनमा गरेको नरसंहारविरुद्ध नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घले आइतबार मध्यपुर थिमिमा प्रदर्शन तथा सभा आयोजना गऱ्यो।

सभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईले अमेरिकी साम्राज्यवादले रुसको मस्कोलाई चुनौती दिन युक्रेनमा युद्ध गराएको उल्लेख गर्दै चीनको पेइचिङलाई पनि कमजोर पारेर विश्वको एकमात्र शक्तिशाली मुलुक बन्ने कुत्सित मनसाय बोकेको अमेरिकी साम्राज्यवादलाई नेपाली जनताले चिन्नु जरुरी रहेको बताउनुभयो।

"अमेरिकाले इजरायली फासीवादलाई हतियार दिएर प्यालेस्टिनी जनताको नरसंहार गर्न लगाएको हो। अमेरिकाको बमले १७ हजार ५०० प्यालेस्टिनको मृत्यु भयो भने ६५ हजार जनता अपाङ्ग बने। यो युद्धमा २९१ जना स्वास्थ्यकर्मीहरूको हत्या भइसकेको छ भने संरा सङ्घका १३२ जना कर्मचारीको पनि निधन भइसकेको छ। २३ लाख मानिसको बसोबास रहेको गाजापट्टीमा १९ लाख जनतालाई घरवारविहीन बनाई अमेरिका र इजरायलले युद्ध अपराध गर्दै छन्। यो अपराध मध्यपूर्वका देशहरूलाई कमजोर पारेर त्यहाँको तेलखानी कब्जा गर्ने नियतले गरिएको हो" सांसद गोसाईले भन्नुभयो।

प्रदेश सांसद गोसाईले भन्नुभयो, "प्यालेस्टिनी जनतामाथि भएको बर्बर जातीय सफायाविरुद्ध नेपालका कुनै पनि शासक दलले बोलेनन्। नेपालको सरकार पनि अमेरिकी साम्राज्यवादको कठपुतली साबित भयो। शासक दल र नेपाल सरकारले यो बर्बरताको विरुद्धमा नबोले पनि शान्तिकामी नेपाली जनताको तर्फबाट नेपाल मजदुर किसान पार्टी न्यायको पक्षमा बोल्दै छ।"

"यही शुक्रबार संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्को विशेष बैठकमा गाजामा युद्धविराम गर्ने प्रस्तावमाथि अमेरिकाले फेरि पनि भिटो लगाएपछि मानवीय युद्धविराम गर्ने प्रयास विफल भएको छ। यो साम्राज्यवादी अमेरिकाको जघन्य अपराध हो। विश्वका न्यायप्रेमी जनताले अमेरिकाको यो अपराधलाई क्षमा दिने छैनन्। नेपाली जनताले पनि

बाँकी पृष्ठ ११ मा

# ललितपुरमा प्रकाशनहरूको अध्ययन र अन्तरक्रिया

ललितपुर। नेपाल मजदुर किसान पार्टी महालक्ष्मी नगर समितिको आयोजनामा सिद्धिपुरमा 'श्रमिक' र 'मजदुर' लगायतको प्रकाशनको अध्ययन–अन्तरक्रिया कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय वैकल्पिक सदस्य एन.बी. श्रेष्ठले भन्नुभयो, "साम्राज्यवादी देश संरा अमेरिका र बेलायतको आडभरोसामा इजरायलले प्यालेस्टिन सहर गाजामा पुन: भीषण हमला गरिरहेको छ।"

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीले कुनै देशमाथि हमला हुने, अतिक्रमणविरुद्ध सङ्घर्ष गरिरहेको छ। भारतीय विस्तारवादले नेपालको सुस्ता क्षेत्र अतिक्रमण गर्दा नेपाल सरकार मौन बसेको थियो। त्यसको विरोधमा नेमकिपाका अग्रजहरूले भक्तपुरमा २०२५ मङ्सिर २२ गते भारतीय अतिक्रमणविरुद्ध जुलुस गरी विरोध जनायो।"

नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले भन्नुभयो, "देश र जनताको हितमा लड्ने कार्यकर्ताहरू शत्रुसामु झुक्दैनन्। त्यस्ता कार्यकर्ता जस्तोसुकै दु:ख, कष्ट र सङ्कट आइपरे पनि निरास हुँदैनन्। उनीहरू हरेक चुनौतीको डटेर सामना गर्छन्। त्यस्ता कार्यकर्ता नि:स्वार्थी, त्यागी र देशभक्त हुन्छन्। उनीहरू कुनै जनविरोधी शासक, विदेशी शक्तिको प्रभाव र दबाबमा बस्दैनन्। उनीहरू कुनै लोभ र धम्कीको अगाडि झुक्दैनन्। इमानदार र नि:स्वार्थी कार्यकर्ताहरूले मात्र देश बनाउँछन्, जनताको सेवा गर्छन्।"

नेपाल कर्मचारी समाजका अध्यक्ष एल.पी. गौतमले भन्नुभयो, "नेपालका शासकहरू अहिले भारतीय एकाधिकार पुँजीका कठपुतली बनेका छन्। नदीनाला भारतको जिम्मामा दिइसकेको छ। दाल, चामल, तरकारीसमेत भारतबाट आयात गर्नुपर्ने बनाइएको छ। सत्तामा जाने नेता र पार्टीलाई सिँहदरबार भए पुग्छ। देश र जनताको चिन्ता छैन।"

प्राध्यापक समाज नेपालका केन्द्रीय सदस्य कान्छा दुवालले भन्नुभयो, "पुँजीवादी व्यवस्था दोषरहित भएको भए समाजवादी व्यवस्थाको उदय हुने थिएन। पुँजीवादमा सबै सीप पैसामा बिक्री गर्नुपर्ने हुन्छ।"

अधिवक्ता अनिता महर्जनले अचेल महिला हिंसा बेग्लै ढङ्गबाट भइरहेको उल्लेख गर्दै गलत बाटोमा लगाउने गरी

बाँकी पृष्ठ ११ मा

# कैलालीमा इजरायली फासीवादको विरोध




कैलाली। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा नेक्राविसङ्घको स्थापना दिवसको अवसरमा प्यालेस्टिनमाथि इजरायली फासीवादी बर्बर हमला तथा नरसंहारविरुद्ध विरोध प्रदर्शन तथा सभा कार्यक्रम जानकी गाउँपालिका वडा नं.१ दुर्गौली बजारमा सम्पन्न भयो।

कार्यक्रममा नेमकिपा कैलालीका अध्यक्ष रमेशकुमार रावलले नेमकिपा सदनमा सधैँ प्रखर प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको कुरा बताउँदै नेमकिपाले वर्गीय राजनीति गरिरहेको विचार व्यक्त गर्नुभयो। उहाँले प्यालेस्टिनीहरूले आफ्नो भूमि रक्षाको निमित्त इजरायलसँग युद्ध गरिरहनु परेको कुरा बताउनुभयो। पटकपटक प्यालेस्टिन भूमि हडपी अमेरिकी साम्राज्यवादको आडमा इजरायलले प्यालेस्टिनी जनतालाई सास्ती दिइरहेको उल्लेख गर्दै उहाँले अहिलेसम्मका शासक दलहरू अमेरिकी साम्राज्यवाद र भारतीय पुँजीवादको दलाल भएको कुरा एमसीसी र नागरिकता विधेयक पास गरेबाट पुष्टि भएको बताउनुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव तथा कैलाली अध्यक्ष लक्ष्मी पुनले अरूको देशमा गिद्दे नजर लगाउने अमेरिकी साम्राज्यवादले

बाँकी पृष्ठ ११ मा



*शान्तिको अर्थ हामी प्यालेस्टिनीहरूका लागि इजरायलको उन्मूलन हो । हामीले यहुदी जातिवादी शासनविरुद्ध सबै आयामको युद्धको तयारी गरिरहेका छौँ र त्यो युद्ध पुस्तौंपुस्तासम्म रहनेछ ।*

*यास्सेर अराफात (प्यालेस्टाइनी नेता)*

## सम्पादकीय

# नेमकिपाबारेका भ्रमहरूबाट मुक्ति आवश्यक

कम्युनिस्टहरू आफ्नो उद्देश्य लुकाउनु आफ्नो प्रतिष्ठाको विपरीत मान्छ । (कम्युनिस्ट घोषणापत्र)

लेनिनले प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घसंस्थामा काम गरी जनतालाई पुँजीवादी प्रभावबाट मुक्त गर्नु जरुरी भएको शिक्षा दिनुभएको थियो । ('उत्ताउला' कम्युनिज्म एक केटाकेटी रोग)

प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घसंस्थामा समेत गई कामदार जनतालाई पुँजीवादी प्रभावबाट मुक्त गर्ने उद्देश्य राखेर कम्युनिस्टहरूले पुँजीवादी सरकार र गुप्तचर विभागको विरोधमा गुप्तचरी गर्नु होइन बरु, पुँजीवादी सरकार र त्यसका प्रहरी र गुप्तचरहरूको अन्याय र अत्याचारको विरोधमा सङ्घर्ष गर्नु हो ।

रुसी बोल्शेविक पार्टीले रुसी संसद् (ड्युमा) को निर्वाचनलाई उपयोग गर्यो र केही सांसद विजय पनि भए साथै धेरै मत पाएर पनि जार सरकारको युद्धको करको विरोधमा मत दिए । साम्राज्यवादी युद्धलाई विरोध गरेकोमा जार शासनको अदालतले पाँच जना ड्युमाका सदस्यहरूलाई जीवनभर कालापानीको सजाय सुनायो । तर, बोल्शेविकहरू विचलित भएनन् किनभने तिनीहरूले मन्त्री बन्नका लागि वा पैसा र पद पाउन संसदीय निर्वाचनलाई उपयोग गरेका थिएनन् ।

रुसी बोल्शेविक पार्टीले १९०५ को जनवरी ९ को दिन भएको प्रदर्शनलाई गोपन भन्ने एक धर्माधिकारी पादरीले नेतृत्व गरेको थियो । बोल्शेविकहरूले त्यस जुलुसमा भाग लिनु हुन्न भनी मजदुरहरूलाई धेरै सम्झाएका थिए । तर, मजदुरहरूमा धर्म र पादरीप्रतिको विश्वास बाँकी थियो र राजनैतिकरूपले सचेत भई नसक्दा एक धार्मिक गीत गाउँदै मन्दिर (चर्च) को तस्बिर बोकी १ लाख ४० हजार मानिसहरू बिन्तीपत्र लिई दरबारतिर हिँडे । तर, सरकारले जुलुसमाथि गोली चलायो, एक हजारभन्दा बढी मानिसहरूको हत्या गर्‍यो तथा दुई हजारभन्दा बढी घाइते भए । सडकहरू मजदुरहरूको रगतले रातो भयो । गोपन भन्ने पादरी प्रहरीको गुप्तचर थियो भन्ने पछि थाहा भयो ।

बोल्शेविक पार्टीका सदस्य र मजदुर कार्यकर्ताहरूले अन्य मजदुरहरूलाई एक्लै छोडेनन्, सँगै लडे र मरे । आन्दोलन चर्किंदै गयो । त्यो आन्दोलनमा १९०५ को जनवरी महिनामा देशभरमा चार लाख ४० हजार मजदुरहरूले हडतालमा भाग लिएका थिए ।

यसरी बोल्शेविक कम्युनिस्ट पार्टीका कार्यकर्ताहरू प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थामा समेत भाग लिएर जनतालाई राजनीतिक शिक्षा दिँदै थिए ।

तर, सरकारले पार्टीभित्र मेलोनोभस्कीजस्ता जासुसहरू केन्द्रीय स्तरसम्म पुर्‍याइसकेको थियो र धेरै नेता र कार्यकर्ताहरूलाई पक्राउ गराई कालापानी र ज्यान सजाय दिएको थियो । क्रान्तिपछि मजदुरहरूको उजुरीअनुसार मेलोनोभस्की पक्राउ परे तथा जासुस साबित भएपछि उनलाई सजाय दिइएको थियो ।

मेलोनोभस्कीले एकातिर पत्रपत्रिका चलाउन पार्टीलाई मद्दत गर्थ्यो भने अर्कोतिर मुख्यमुख्य कार्यकर्तालाई पक्राउ गराउन सरकारलाई सहयोग गर्थ्यो । यसकारण, पार्टीले आफ्नो कार्यकर्तालाई बचाउनु स्वाभाविक हो । पार्टीका वर्गीय सङ्गठनभित्र र अनेक समूह बनाएर अनेक गतिविधि गराउँदै पार्टी कार्यकर्ता चिनाउने काम गर्नेबारे सबै सचेत हुनै पर्छ ।

पार्टीको आदेश नमान्ने कार्यकर्ताहरूलाई सम्झाइ बुझाइ गल्तीलाई अनुभव गराउनु आवश्यक छ र मानेन भने त्यस्ता व्यक्तिलाई पार्टीबाट अलग बनाउन आवश्यक छ ।

पार्टीका हरेक समिति पार्टीको केन्द्रीय समितिको मातहतमा बस्नुपर्छ र आवश्यक तालिमबाट अनेक प्रकारले शिक्षित गराइसकेपछि आलोचना र आत्मालोचनाबाट सचिन दिनुपर्दछ । परीक्षणकालपछि पनि नसचिएमा निगरानीमा राख्न जरुरी छ । पार्टी कार्यक्रम घोषणापत्र र विधानबारे व्यवस्थितरूपले अध्ययन गराउनु आवश्यक छ ।

तर बुद्धिजीवी भनिने पार्टी सदस्य र समर्थकहरूसमेत आफूलाई साधारण कार्यकर्ताहरू भन्दा माथि सम्झने हुँदा कति बुद्धिजीवी साथीहरू कामदार वर्गसँग नजिक छैनन् । जीवनको लामो सङ्घर्षमा विद्यालय र विश्वविद्यालयको अध्ययन नभएका किसान र मजदुरवर्गका साथीहरूमा आआफ्नै अनुभवले पनि तिनीहरूमा समाज र व्यक्तिहरूका राम्रा र नराम्रा जानकारीहरू प्राप्त गरेका हुन्छन् । यसकारण, सबैसँग सल्लाह गरेर काम गर्नु समाज परिवर्तनको निम्ति बढी लाभदायक हुन्छ ।

# सरकारहरू भ्रष्टाचारीलाई उम्काउने काममा हुन् र ?

✍ **प्रेम सुवाल**

बचत तथा ऋण सहकारी संस्थाहरूले किसानहरूको हितमा मल, बीउबिजन, उपकरण, सिंचाइलाई प्राथमिकतामा राखेर कार्यक्रम अगाडि बढाउनु आवश्यक छ ।

बहुदल र गणतन्त्रको ३४ वर्षयताका सरकार र तिनका पार्टीहरू गतिला नहुँदा दाल, चामल, तरकारीसमेत भारतबाट किनेर खानुपर्ने देशको अवस्था भयो । अहिले भारतले प्याज निर्यात रोकेपछि नेपालीलाई दुःख भयो । खाद्यान्न र तरकारीसमेत भारतमा निर्भर हुनु कृषि प्रधान देशका सरकारहरूका प्रधानमन्त्रीहरूको लागि लज्जाको विषय कसरी भएन ? आयात हुने आलु, प्याजमा मात्र सरकारले भ्याट लगाउने भनेको थियो अहिले नेपाली किसानको खेतीबाट उत्पादित आलुमा समेत भ्याट लगाउनु सरकारको किसानविरोधी काम हो ।

भारतीय विदेशमन्त्री नेपाल आउने र १० हजार मेघावाटको बिजुली बिक्रीसम्बन्धी भारतसँग समझदारी हुने समाचार नेपालीको हितमा छैन । भारतबाट कोइला, खाना पकाउने ग्यास, पेट्रोल, डिजेल, मट्टीतेल आयात गर्नुभन्दा नेपालको नदीनालाबाट बिजुली उत्पादन गरेर नेपालीलाई खाना पकाउन, उद्योग चलाउन, कृषिको लागि सिंचाइ गर्न सस्तोमा बिजुली दिनु जरुरी छ ।

चिसो मौसमसँगै नेपालको नदीमा पानीको बहाव कम भयो र बिजुली उत्पादन घट्यो । अहिले भारतबाट महँगोमा बिजुली खरिद सुरु भयो । जलस्रोतको धनी र कृषिप्रधान देशमा बिजुली र खाद्यान्न विदेशीसँग किन्नुपर्ने अवस्था हुँदासमेमत प्रधानमन्त्री भएकाहरू समृद्धिको गफ हाँक्दै छन् ।

सरकारले ब्याज घटाउने र कर्जा प्रवाह बढाउने दाबी गरे पनि यसले सामान्य जनताको जीवनमा सकारात्मक प्रभाव पार्ने छैन किनभने ४८ खर्ब ऋण प्रवाहमध्ये ४७ खर्ब रुपैयाँ आर्थिक अपराधीहरूले पाएको र मात्र १ खर्ब ९ अर्ब रुपैयाँमात्र घरेलु तथा साना उद्योगीहरूले पाएको खवर छ । उद्योग र व्यापारको लागि प्रवाह भएको कर्जासमेत शेयर कारोबार र जग्गा खरिदमा बढी लगानी भएको र यसले तरलता अभाव भएको सरकारले नै स्वीकार गरेको छ ।

आठ वर्ष अगाडि १ खर्ब ४३ करोड रुपैयाँमा बिक्री भएको एनसेललाई अहिले ६ अर्ब ६५ करोड रुपैयाँमा बिक्री गराएको यसमा अर्बौं अर्ब रुपैयाँ पुँजीगत लाभकर सरकारकै संलग्नतामा भ्रष्टाचार भएको सार्वजनिक भयो । यो भ्रष्टाचारमा सरकारका निकायहरू एकले अर्कोलाई आरोप लगाई दोषीलाई उम्काउने तयार गर्दै छन् ।

पुँजीवादी व्यवस्थाका शासक पार्टीहरू देशभक्तिमा पनि नाफा खान्छन् । नेपालमा अहिले यस्तै भइरहेको छ । समाज विकासको उत्कृष्ट उपलब्धि समाजवाद हो । सरकारको नेतृत्वमा उत्पादन र वितरण हुने समाजवादमा मात्र मानिसको भोक र रोगको समाधान हुनेछ ।

भक्तपुर विकास परियोजनाले ढल निकास उपचार पोखरी व्यवस्था गरेको सफल नहुँदा हनुमन्ते खोला र खासाङ खुसुङ खोलामा ढल बगिरहेकोले यसलाई सुधार गर्नु जरुरी रहेको उहाँले बताउनुभयो ।

सहरलाई सफा-स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउन भक्तपुर नगरपालिकाले ख्वप कलेजहरू सञ्चालन गरेको हो । तर, सरकारमा गएका प्रधानमन्त्री र मन्त्रीहरू साम्प्रदायिक विचारका हुँदा ख्वप विश्वविद्यालयको विधेयक पेश भएको ८-१० वर्ष भयो तर पारित गरेनन् ।

**जातीय नरसंहारलाई कसरी न्यायपूर्ण मान्न सकिँदैन**

प्यालेस्टिनीहरूको भूमि कब्जा गरी इजरायल घोषणा भएको ७५ वर्ष भयो । अहिले पनि मध्यपूर्वमा प्यालेस्टाइन र इजरायलबीच लडाइ भइरहेको छ । गएको असोज ५ गते संयुक्त राष्ट्र सङ्घको महासभामा इजरायली प्रम न्येतन्याहुले प्योलेस्टिनी भूमि सबै इजरायल बनाई नयाँ मध्यपूर्वको नक्सा देखाए । प्यालेस्टाइनको एउटा राजनैतिक र सैनिक सङ्गठन हमासले असोज २० गते इजरायललाई जवाफ दियो । इजरायली सरकरले हमासलाई समाप्त पार्ने निहुँमा गाजापट्टीका सर्वसाधारण जनताविरुद्ध बमबारी गर्‍यो । दुई महिनायता इजरायली बमबारीबाट १७ हजार बढी सर्वसाधारण प्योलस्टिनी जनताको मृत्यु भयो । मृत्यु हुनेमा चारहजार बढी महिला र सातहजार बढी केटाकेटीको थिए ।

इजरायलले गाजापट्टीमा स्थल, जल, हवाई आक्रमण गरिरहेको छ । यो आक्रमणमा परेर गाजापट्टीका विद्यालय र कलेज ३३९, अस्पताल ३६, अन्य स्वास्थ्य संस्था ५६ र चर्च एवम् मस्जिद ८८ ध्वस्त भए । चालू १४ वटा अस्पतालमध्ये ४ वटामा प्राथमिक उपचार उपलब्ध छ भने बाँकी अस्पतालमा आंशिक स्वास्थ्य सेवामात्र चालू छ । गाजाका अस्पतालमा भएको बमबारीबाट डाक्टर र नर्ससहित २८६ को मृत्यु भयो । प्यालेस्टाइनको पश्चिम किनारमा हमास थिएनन् तर दुई महिनायता इजरायलले त्यहाँ २५० भन्दा बढी सर्वसाधारणको हत्या गर्यो ।

गाजाका सर्वसाधारणको ३ लाख घरमध्ये ६० प्रतिशत घर ध्वस्त भयो । विश्व खाद्य कार्यक्रमले गाजावासी भोक र अनिकालमा परेको उल्लेख गर्यो । गाजाको उत्तरी क्षेत्रका आधा र दक्षिणका एक चौथाइ सर्वसाधारण जनता अहिले भोकै छन् । अस्पताल, विद्यालय, कलेज र शरणार्थी शिविरमा जस्तोसुकै शत्रु पसे पनि बमवारी गर्न नहुने विश्वव्यापी मान्यतालाई इजरायल र अमेरिकी सरकारले उल्लङ्घन गर्दै छन् । इजरायली सेनाको प्यालेस्टिनी महिलाहरूविरुद्धको यौन हिंसासमेत डरलाग्दो छ ।

युद्धको बेला पनि सर्वसाधारण जनताको आवश्यकतालाई रोक्न मिल्दैन । मानवअधिकारको विश्वव्यापी मान्यता प्यालेस्टाइनमा किन लागू हुँदैन ? यही मङ्सिर २२ गते संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्मा पेश भएको युद्धविराम सम्झौतालाई अमेरिकी सरकारले विशेषाधिकार (भिटो) लगाई असफल बनायो । संयुक्त अरब इमिरेट्सले पेश गरेको यो युद्धविराम सम्झौतालाई महासभाका १०० देशको समर्थन थियो भने सुरक्षा परिषद्का १५ मध्ये १३ देशको समर्थन थियो । यो प्रस्तावलाई अमेरिकी सरकारले विरोध गर्‍यो भने बेलायत तटस्थ बस्यो । यसअघि पनि अमेरिकी सरकारले सुरक्षा परिषदमा विशेषधिकार लगाई प्यालेस्टाइनमा इजरायली आक्रमण चालू राख्ने र हतियार बिक्री गर्ने युद्धमा सामेल भयो ।

संयुक्त राष्ट्र सङ्घका लागि प्यालेस्टिनी राजदूतले प्रश्न गरे- जातीय नरसंहारलाई कसरी न्यायपूर्ण मान्न सकिन्छ ?

युद्धभूमि इजरायलमा नेपाली युवा विद्यार्थी पठाउनु हुँदैनथ्यो तर नेपालका सरकारहरूले अहिले पनि पठाइरहेका छन् । यसको दोषी सरकारका प्रम, मन्त्री र सचिवहरू नै हुन् ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवंम् प्रतिनिधिसभाका सदस्य प्रेम सुवालले मसिर २३ गते तलेजु बचत तथा ऋण सहकारी संस्थाको सोन्हौँ साधारणसभामा राख्नु भएको मन्तव्यको सार सं)*

**सङ्घीय सरकारले खानेपानीका पूर्वाधार तयार गर्नु जरुरी छ**

सङ्घीय सरकारले देशैभरिको खानेपानीको पूर्वाधार बनाउनु आवश्यक छ । खानेपानीको वितरण, महसुल सङ्कलन र सामान्य मर्मतको जिम्मेवारी स्थानीय तहलाई दिनु उपयुक्त हुनेछ । सरकारमा गएका दलहरूको घोषणापत्रमा प्रत्येक नगरपालिकामा खानेपानीको बोर्ड गठन गर्ने, आर्सेनिक नभएको खानेपानी आपूर्ति गर्ने, बस्ती बस्तीमा खानेपानी पुर्‍याउने, पानी रिचार्जको व्यवस्था गर्ने, चालू खानेपानी आयोजना पाँच वर्षमा सम्पन्न गर्ने, तराईका जनतालाई नदीबाट पानी तानेर खुवाउने, देशभरि एक घर एक धाराको व्यवस्था गर्नेलगायत बाचा गरिएको छ । यसकारण सरकारी दलका जनप्रतिनिधिहरूले आआफ्ना पार्टीका नेता, प्रम, मन्त्रीहरूलाई घोषणापत्रमा बाचा गरिएअनुसार नेपाली जनतालाई खानेपानी खुवाउन दबाब दिनु जरुरी छ ।

सङ्घीय सरकारले काठमाडौँ उपत्यकाभित्र र बाहिरका खानेपानी स्रोतसम्म पुग्ने पूर्वाधार निर्माण गरिदिनुपर्दछ । भक्तपुरको बाँसबारीस्थित खानेपानी भण्डारण धेरै पुरानो हो । बहुदल (गणतन्त्र) को ३४ वर्षमा भक्तपुर बाँसबारीमा एउटा सानो प्रशोधन पोखरीमात्र निर्माण भयो । प्रम माधवकुमार नेपालको बजेटमा मुहान खोलाको पानी सङ्कलन गर्न एक करोड रुपैयाँ विनियोजन भएको थियो तर त्यो बजेट अहिलेसम्म निकासा भएन ।

सरकारका एक सांसदले स्थानीय जनतालाई चित्त बुझाएर योजना सञ्चालन गर्नुपर्ने बताएको ठीक हो । काठमाडौँ उपत्यकामा भइरहेको बसाइसराइमा पनि यहाँका जनताको सहमति लिनु उपयुक्त हुनेछ । काठमाडौँ उपत्यकामा खानेपानी, प्रदूषण, फोहरमैला, ढल निकासको समस्या बढ्दो छ । यही ठाउँमा जनसङ्ख्या केन्द्रित नगरी देशको सन्तुलित विकास गर्नु आवश्यक छ । मेलम्ची खानेपानी आयोजनाको सुरुङ मार्ग निर्माणमा एशियाली विकास बैकसँग ऋण लिएर ३० अर्ब र अन्य पूर्वाधार निर्माणमा ३० अर्ब रुपैयाँभन्दा बढी बजेट खर्च गर्नु उचित होइन । एउटै टोकरीमा सबै अण्डा राख्न नहुने भनेझैँ सरकारले काठमाडौँ उपत्यकाका स्थानीय खानेपानी स्रोतहरूलाई उपयोग गर्ने योजनालाई जोड दिनुपर्छ ।

*बाँकी पृष्ठ ११ मा*

# भ्रष्ट शासक–प्रशासकहरूलाई बहिष्कार गर्नुपर्ने




**शुक्र**

भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा मङ्सिर २३ गते नेपालमा पनि विभिन्न कार्यक्रम भए । वाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कटेलले भ्रष्टाचारमा मुख्य दोषी राजनीतिक दलका नेतृत्व भएको बताए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा हेटौँडामा भएको कार्यक्रममा भ्रष्टाचारको संस्कार राणा शासन, राजाहरूको शासन र अहिलेसम्म आइपुग्दा झन् विकसित भएको उनको भनाइले आजसम्म सरकारमा गएकाहरू भ्रष्टाचारी भएको देखाउँछ । यसबाट भ्रष्टाचारीहरूले नै देशको शासन गरिरहेको स्पष्ट हुन्छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनलको हरेक वर्षको अध्ययन प्रतिवेदनले नेपालमा राजनीतिक र सार्वजनिक पदमा रहेकाहरूबाट सबैभन्दा बढी भ्रष्टाचार भएको उल्लेख छ । सन् २०२२ मा नेपाल ३४ अङ्क प्राप्त गरेर भ्रष्टाचार हुने देशको सूचीमा ११० औँ स्थानमा पर्‍यो । विश्वभरिका १८० देशमा गरिएको अध्ययनले भ्रष्टाचार निवारणमा नेपाल कमजोर भएको देखाइरहनु लज्जाको विषय हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दर्ता गरेका ४१ प्रतिशत मुद्दामा मात्र भ्रष्टाचार ठहर भएका छन् । विशेष अदालतले भ्रष्टाचार ठहर गरे पनि सर्वोच्च अदालतले सफाइ दिएका धेरै उदाहरण पनि छन् । दिनहुँजसो हुने भ्रष्टाचारका घटनामा अख्तियारको आँखा पुग्न सकेको छैन । बिचौलिया तथा एजेन्टमार्फत हुने भ्रष्टाचारका प्रक्रियामा संलग्न राजनीतिक नेतृत्व तथा उच्च तहका कर्मचारी उम्किने गरेका छन् ।

नागरिक दैनिकले मङ्सिर २४ गते 'सुशासनको बाधक राजनीतिक नेतृत्व' शीर्षकमा समाचार प्रकाशित गर्‍यो । देशमा मौलाइरहेको भ्रष्टाचार, ढिलासुस्ती, अनियमितता नियन्त्रण गर्न बनाइएका कतिपय विधेयक पारित भएनन्, बनेका कतिपय कानुन कार्यान्वयनमा आएनन्, कार्यान्वयनमा आएका केही कानुनमा पनि भएका अनेक छिद्रले गर्दा भ्रष्टाचारीहरूलाई उम्किने मौका मिलिरहेको छ ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाउने काण्डमा पूर्वगृहमन्त्री बालकृष्ण खाण दोषी देखिए पनि अदालतले दोषी ठहर गरेन । सरकारी दल नेपाली काङ्ग्रेसले भ्रष्टाचारी खाणलाई नेता नै मानिरह्यो । ३३ किलो सुन काण्डका दोषी राजनीतिक नेतत्वलाई अहिलेसम्म पक्राउ गरिएको छैन । एनसेलको सेयर बिक्री प्रकरणमा प्रधानमन्त्रीका परिवारसमेत संलग्न भएको समाचार आयो । सरकार, अदालत, सांसद, सेना, प्रहरी, उच्च अधिकारी, अख्तियार नै भ्रष्टाचारमा लिप्त भएर ललिता निवासको सरकारी जग्गा व्यक्तिलाई दिएबाट भ्रष्टाचारी कस्ता हुन् भनी जनताले चिन्ने मौका पाए ।

भ्रष्टाचारमा जेल सजाय काटेर निस्केका पूर्वगृहमन्त्री खुमबहादुर खड्कालाई गलाभरि फूलको माला लगाइदिएर उनका समर्थकहरूले कानुनलाई चुनौती दिए । सरकारमा गएका दलका नेता, प्रधानमन्त्री, मन्त्री, उच्चअधिकारी भ्रष्टाचारीको पर्याय बने । निमुखा जनताले भ्रष्टहरूलाई नेता मान्नुपर्ने ? भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवसमा भ्रष्टाचारीहरूलाई नै प्रमुख वक्ता बनाएर देश भ्रष्टाचारमुक्त हुन सक्दैन । भ्रष्टाचार निवारण गर्ने प्रतिवद्धता जनाएकाहरूले भ्रष्टाचारीलाई मृत्युदण्डको व्यवस्था गर्ने प्रतिवद्धता जनाएनन् । 'चोरको खुट्टा काट्भन्दा खुट्टा उचालेका' राजनीतिक नेतृत्वलाई जनताको अभियानले मात्र ठिक ठाउँमा ल्याउन सकिने भएकोले भ्रष्टाचारमा संलग्न सरकारमा गएका दलका नेता, प्रधानमन्त्री, मन्त्री, उच्च अधिकारीहरूलाई आजैदेखि बहिष्कार गर्नु समयको माग हो ।

# लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान र गरिब महिलाको प्रश्न

**विवेक**

नेपालमा लैङ्गिक हिंसाविरुद्ध अभियान ९ मङ्सिरदेखि २४ मङ्सिर (२५ नोभेम्बरदेखि १० डिसेम्बर) सम्म विभिन्न कार्यक्रमका साथ सम्पन्न भयो । नेपाल सरकारले नै १६ दिने लैङ्गिक हिंसाविरुद्ध अभियान चलाउन स्थानीय तहलगायत विभिन्न सङ्घ–संस्थाहरूलाई पत्राचार गरेबमोजिम उक्त अभियान सञ्चालन भएको हो ।

नेपालमा २०५४ सालदेखि नै यो अभियान चलाउँदै आएको हो । विदेशी पैसाबाट चल्ने एनजीओ, आइएनजीओ र सरकारको सशर्त बजेट खर्च गरी सरकारी सङ्घ–संस्थाहरूले यो कार्यक्रमलाई निरन्तरता दिँदै आएका हुन् । साढे दुई दशकसम्म निरन्तर अभियान चलाएपछि त्यसको उल्लेख्य प्रगति समाजमा देखा पर्नुपर्ने थियो अर्थात् लैङ्गिक हिंसामा निकै कमी आउनु पर्ने थियो । हरेक वर्ष हत्या, हिंसा, बलात्कार, दुर्व्यवहारका घटनाहरू झन् झन् बढ्दै छन् । अभियान ठूल्ठूला होटल, रेष्टुरेन्ट, पार्टी प्यालेसहरूमा सञ्चालन गर्दैमा त्यसले आफ्नो लक्ष्य प्राप्त गर्न सक्दैन भने एक उदाहरण आजको वास्तविकता हो ।

राजधानी समेत रहेको वाग्मती प्रदेशको तथ्याङ्क हेरौँ ! प्रदेश प्रहरी कार्यालय हेटौडाका अनुसार आर्थिक वर्ष २०७७।७८ मा वाग्मती प्रदेशका १० वटा जिल्लामा २,२१९ वटा लैङ्गिक हिंसाका घटना भए भने आ.व. २०७९।८० मा २,५२० वटा लैङ्गिक हिंसाका घटना भएका थिए (राजधानी १८ मङ्सिर) । दुई वर्षपछि पनि त्यो सङ्ख्या ३१९ ले बढेको देखाइएको छ । यो देशभरिकै तस्बिर हो । त्यसैले सरकारले अभियान सञ्चालन गर्दैमा हिंसा न्यूनीकरण हुने भए वर्षभरिमा यस्ता धेरै किसिमका अभियानहरू चलाउँछ तर कुनैमा पनि सफल भएको देखिँदैन । कारण लैङ्गिक हिंसाका स्रोतबारे सरकार र सङ्घ–संस्थाले ध्यान दिएको देखिँदैन ।

लैङ्गिक हिंसा बढ्नुको मुख्य कारण विद्यमान राजनैतिक व्यवस्था नै हो । नेपालमा अहिले पुँजीवादी व्यवस्था छ । यो राजनैतिक व्यवस्थामा धनी र गरिबबिचको खाडल गहिरिँदै जाने भएको कारण गरिबहरू प्रजातन्त्र र मानव अधिकारको उपभोगबाट वञ्चित हुन्छन् । गरिबीको कारण महिलाहरू, बालबालिकाहरू अरूको घरमा नोकर, चाकर बस्नुपर्ने बाध्यता छन् । आफ्नो घरमा काम गर्न राखेका कति महिलाहरूलाई मालिकहरू नै दुर्व्यवहार र बलात्कार गर्छन्, पैसाका लागि बेचबिखन गर्छन् । हरेक दिनजसो पत्रपत्रिकामा आउने समाचारहरूले यही कुरा बताइरहेका छन् ।

कार्यस्थलमा यौनजन्य दुर्व्यवहार, बलात्कार हुने घटना, बलात्कारपछि हत्या, केटीहरू बेचबिखन, कुटपिट गरी अङ्गभङ्ग गरेका धेरै घटनाहरू सार्वजनिक भइरहेका छन् । त्यसमा अशिक्षित परिवारमात्र होइन, शिक्षित र सभ्य भनिएका मानिसहरूको संलग्नता पनि उतिकै पाइएको छ । तर गरिबीको कारण कैयौँ पीडितहरूले आफ्नो पीडा सम्बन्धित ठाउँसम्म पुऱ्याउन सक्दैनन् । प्रहरीसम्म उजुरी गरी हालेको अवस्थामा पनि कतिपय प्रहरी चौकीमा बस्नेहरूले गरिब परिवारको त्यो पीडा बुझ्ने कोसिस गर्दैनन् । उजुरी दर्ता गरेकै खण्डमा पनि टाठाबाठाहरू मिलेर उजुरी फिर्ता लिन लगाउने, अभियुक्तलाई भगाउने, पीडित महिलालाई केही प्रलोभन दिएर अदालतमा बयान फेर्न लगाउने, साक्षीहरूले पीडितको पक्षमा उपस्थित भई नदिने, पीडितले बयान फेर्न नमानेको अवस्थामा डर, धम्की र त्रास देखाई गाउँबाट विस्थापित हुनुपर्ने अवस्थामा पुऱ्याउनेजस्ता घटनाहरू दैनिकजसो हामीले देखी भोगिरहेका छौँ ।

कानुन निर्माण हुँदैमा लैङ्गिक हिंसामा कमी आउने आशा गर्नु हुन्न । कानून आफै कार्यान्वयनमा आउने होइन । त्यसलाई कार्यान्वयन गर्ने पक्ष अझ प्रभावकारी हुनु आवश्यक छ । नेपालको संविधान र कानुनमा समानताका थुप्रै व्यवस्थाहरू छन् । सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछ (धारा १८ उपधारा १), सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिंग, शारीरिक अवस्था … यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन (उपधारा २), प्रत्येक नागरिकलाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ (धारा ३८ उपधारा १), लगायतको व्यवस्था गरिएको छ । संविधानको यो प्रावधान कार्यान्वयनमा भने अत्यन्त फितलो देखिन्छ ।

हरेक वर्ष सरकारले राम्रा राम्रा नाराहरू तय गर्छ । यस वर्षको नारा पनि 'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' राखिएको छ । नारा जतिसुकै राम्रो र कर्णप्रिय भए पनि जनताको भावनाअनुसार काम हुन सक्दैन भने त्यसको कुनै अर्थ हुँदैन ।

महिलाहरू नीति निर्माण तहमा पुग्दैमा महिलाको समस्या समाधान हुन सक्दैन । त्यसो हुँदो हो त नेपालमा महिलासम्बन्धी समस्या निकै कम हुनुपर्ने थियो । राष्ट्रपति, प्रधान न्यायाधीश, सभामुख समेत नेपालमा महिला भइसकेका छन् । कानुनमै सङ्घ र प्रदेशमा ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिएको छ । प्रतिनिधि सभा र राष्ट्रिय सभामा सभामुख/अध्यक्ष र उपसभामुख/उपाध्यक्षमध्ये १ महिला हुनुपर्ने तथा स्थानीय तहमा प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षमध्ये १ महिला अनिवार्य गरिएको छ । उच्च पदमा ५० प्रतिशत महिलाको लागि आरक्षणको व्यवस्था गरिएको छ । विश्वको कम देशहरूमा मात्र यस्तो व्यवस्था होला । अहिले महिलाहरू सरकारका धेरै क्षेत्रमा बसेर काम गरिरहेका छन् । खोइ त महिला हिंसामा कमी आएको ?

*महिलाहरू नीति निर्माण तहमा पुग्दैमा महिलाको समस्या समाधान हुन सक्दैन । त्यसो हुँदो हो त नेपालमा महिलासम्बन्धी समस्या निकै कम हुनुपर्ने थियो । राष्ट्रपति, प्रधान न्यायाधीश, सभामुख समेत नेपालमा महिला भइसकेका छन् । कानुनमै सङ्घ र प्रदेशमा ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिएको छ । प्रतिनिधि सभा र राष्ट्रिय सभामा सभामुख/अध्यक्ष र उपसभामुख/उपाध्यक्षमध्ये १ महिला हुनुपर्ने तथा स्थानीय तहमा प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षमध्ये १ महिला अनिवार्य गरिएको छ । उच्च पदमा ५० प्रतिशत महिलाको लागि आरक्षणको व्यवस्था गरिएको छ । विश्वको कम देशहरूमा मात्र यस्तो व्यवस्था होला । अहिले महिलाहरू सरकारका धेरै क्षेत्रमा बसेर काम गरिरहेका छन् । खोइ त महिला हिंसामा कमी आएको ?*

कतिजना महिला शासन सत्तामा पुगेभन्दा पनि कुन वर्गका महिला नीति निर्माण तहमा पुगे भनेर हेर्नु आवश्यक छ । जनप्रतिनिधिमूलक संस्थाहरूमा हजारौँको सङ्ख्यामा महिलाहरू पुगिसके । अझै ग्रामीण क्षेत्रमा छाउपडी प्रथा, बोक्सी जस्तो अन्धविश्वासमा कमी आउन सकेको छैन । त्यसको अन्त्यको नाउँमा विदेशीहरूले कति डलर खर्च गरे ? नेपाल सरकारले कति बजेट स्वाहा पाऱ्यो ? त्यसको कुनै हिसाबकिताबै छैन ।

महिला हिंसा पीडितहरूमा अधिकांश आर्थिक रूपले पछाडि परेका वर्ग वा परिवारकै हुने गर्छन् । शिक्षा र चेतनास्तरको कमी नै त्यसको मुख्य कारण हो । त्यसैले महिला हिंसामा कमी ल्याउन सङ्घ, प्रदेश र स्थानीय तह तीनवटै सरकारहरूले महिलाहरूका लागि विशेष शिक्षा र रोजगारीलाई पहिलो प्राथमिकतामा राख्नु आवश्यक छ । शिक्षाले मानिसको चेतनास्तर वृद्धि गर्छ भने रोजगारीले महिलालाई आत्मनिर्भर बनाउँछ । रोजगारी भएको शिक्षित महिला कसैको सामु झुक्नु पर्दैन ।

समाजवादी मुलुकहरूमा महिला र पुरुष सबैले समान अवसर पाउने हुँदा त्यहाँ कुनै किसिमको भेदभावको अनुभूति गर्नुपर्ने अवस्था रहँदैन । सबै क्षेत्रमा समान अधिकार कार्यान्वयन हुने हुँदा त्यहाँ महिलाको लागि भनी विशेषाधिकारको आवश्यकता पनि पर्दैन । महिलाविरुद्ध कसैले हिंसा गर्यो भने कानुनमै कडा सजायको व्यवस्था गरिएको हुन्छ । बलात्कार, हत्याजस्ता जघन्य अपराध गर्नेहरूका लागि मृत्युदण्डको व्यवस्था हुन्छ । नेपालमा पनि बलात्कार, क्रुर हत्या, भ्रष्टाचारजस्ता जघन्य अपराध गर्नेहरूलाई मृत्युदण्डको कानुनी व्यवस्था हुनुपर्ने माग पटक पटक उठ्यो तर शासक दलहरूले त्यसलाई ध्यान दिएका छैनन् ।

कति मानव बेचबिखन गर्ने दलालहरूले सरकारले निषेध गरेका देशहरूमा समेत महिला, बालबालिकाहरू अवैधरूपमा पठाएर नारकीय जीवन बिताउन बाध्य पारेका छन् । त्यस्ता कार्यमा म्यानपावर कम्पनी वा दलालहरूमात्रै जिम्मेवार छैनन्, उसलाई राजनैतिक संरक्षण दिने मालिकहरू मुख्य दोषी छन् । अहिलेसम्म पक्राउ परेकाहरू भरियामात्रै छन्, उनीहरूलाई संरक्षण दिने राजनैतिक दलका नेता कार्यकर्ताहरू कहिल्यै पक्राउ परेका छैनन् । त्यसैले पक्राउ परेकाहरू पनि छिट्टै छोडिने र अनुसन्धान नै नगरी वा मुद्दा नै नचलाई दिसमिस पार्ने गरेका थुप्रै घटनाहरू छन् ।

लैङ्गिक हिंसाको कुरा गर्दा महिलाहरू मात्रै पीडित हुने हो कि भनी बुझ्नु एकपक्षीय हुनेछ । अहिले विदेश जाने युवाहरू धेरै छन् । त्यसरी विदेश गएर कमाएर पठाएको रकम श्रीमतीको नाउँमा बैङ्कमा पठाउने, श्रीमतीकै नाउँमा घरखेत खरिद गर्ने गरेका छन् । १०।१५ वर्ष विदेशी भूमिमा पसिना बगाएर कमाएर ल्याएको त्यो पैसा र अचल सम्पत्ति जब श्रीमान् घर फर्किन्छ, श्रीमती सारा सम्पत्ति लिएर अर्कैसँग भाग्ने गरेका थुप्रै उदाहरणहरू छन् । यो महिलाबाट पुरुषमाथि हुने लैङ्गिक हिंसाको अर्को उदाहरण हो । छोरी र सासू मिलेर श्रीमान्/ज्वाइँको हत्या गर्ने गरेका घटनाहरू पनि समाजमा नभएका होइनन् । साथै महिलालाई बढी सताउने वा दुःख दिनेमा महिला पनि बढी छन् । के यो आजको हाम्रो समाजको यथार्थता होइन ?

दाइजो कम ल्यायो भनी सासूसमेतको मिलेमतोमा बुहारीको हत्या गरेको, बेचबिखन गरेको, कुटपिट वा बोक्सीको आरोप लगाएर दुःख दिएका धेरै छन् । यो अर्को प्रकारको हिंसा हो । केटीहरू बेचबिखन गर्ने महिला गिरोह र कोठी चलाउने महिला कोठी मालिक के हिंसा गर्न जिम्मेवार होइनन् ?

यसर्थ, लैङ्गिक हिंसाविरुद्धको अभियान सँगसँगै वर्ग व्यवस्थाबारे जनचेतना जगाउन आवश्यक छ । धनी र गरिब वर्ग हुने पुँजीवादी व्यवस्था नै लैङ्गिक हिंसाको प्रमुख कारण हो । आर्थिक समानता हुने समाजवादी व्यवस्था स्थापना नभएसम्म यो प्रक्रियाले निरन्तरता पाइरहन्छ । जनतालाई यो अभियानमार्फत पुँजीवादी व्यवस्थाविरुद्ध लड्न ऊर्जा दिन सकेको भए यस अभियानले सार्थकता पाएको अनुभव गर्न सकिन्थ्यो । तर, त्यसो भएन । यस वर्षको लैङ्गिक हिंसाविरुद्धको अभियान पनि विगतकै निरन्तरता र फगत एउटा झारा टार्ने औपचारिकतामा मात्रै सीमित भएको सबैले अनुभव गरे ।

# हमासको निहुँमा प्यालेस्टिनीहरूको नरसंहार विश्वलाई मान्य नहुने

**मिनबहादुर बाटा**

बहुदलीय प्रजातन्त्र स्थापना भएको ३४ वर्षयता देशलाई सङ्कटको खाडलमा जाकेका शासक दलहरूले अहिले पनि 'समृद्धिका लागि सङ्कल्प यात्रा र सुशासन एवम् सङ्क्रमणकालीन न्याय' को नारा लगाई जनतालाई धोका दिँदै छन् । शासक दलहरूको समृद्धि र सुशासनलाई एनसेल बिक्रीमा अघिल्लो पटक ६६ अर्ब रुपैयाँ र यसपटक अर्बौं रुपैयाँ पुँजीगत लाभकर छलेको भ्रष्टाचारको घटनाले गिज्याउँदै छ । आठ वर्षअघि १ खर्ब ४३ अर्ब रुपैयाँमा बिक्री भएको एनसेलको मूल्य अहिले ६ अर्ब ६५ करोड मात्र कसरी हुन्छ ? अहिले एनसेललाई कारबाही गर्ने कानुनी व्यवस्था नभएको दाबी गरी सरकार विदेशी पुँजीको सेवा गर्दै छ । के भ्रष्टाचारीलाई कारबाही गर्ने मौजुदा कानुन शासक दलले देखेको छैन ?

सरकारले बजेटमा विदेशबाट आयात हुने आलु र प्याजमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने बताएको थियो । अहिले स्वदेशी किसानको आलु-प्याजमा समेत भ्याट लगाएर किसानमारा काम गर्दै छ । यसरी शासक दलहरूको समृद्धि र सुशासन जनविरोधी भएको प्रमाणित हुन्छ ।

समृद्धि र सुशासनको नारा दिएका शासक दलहरूको अहिलेसम्मका सरकारहरूले उखुको मूल्य समयमा कहिल्यै तोकेनन् । उखु काटेपछि केही दिनमा क्रसिङ भएन भने सुकेर काम नलाग्ने हुन्छ । नेपालका उखु किसानले अनुदान पाउँदैनन् । सरकारी अधिकारीहरूले कमिशन खाएर भारतीय उखु किसानलाई अनुदान दिइरहेको समाचार छ । केही खराब व्यापारीहरू भारतबाट चिनी ल्याएर नेपाली चिनी भनी महङ्गोमा बेच्दै छन् । भारतीय चिनीको कारण कतिपय किसानले उखु खेती गर्न छाडिसके । के यही हो समृद्धि र सुशासन ?

सरकार विदेशबाट पाउडर दूध आयात गरी नेपाली किसानको उखु खेतीजस्तै पशुपालन पनि समाप्त पार्ने प्रपञ्च गर्दै छ । भारतीय दूध ल्याएर कमिसन खान पल्केका सरकारका मन्त्री तथा अधिकारीहरूले नेपालको दुग्ध कृषक र व्यवसायीहरूलाई समाप्त पार्न खोज्दैछन् । सरकारले किसानलाई दूधको ८ अर्ब रुपैयाँभन्दा बढी भुक्तानी गराएको छैन । स्वास्थ्य बीमाको अर्बौं अर्ब रुपैयाँ भुक्तानी नगरेका सरकारहरू अहिले जनतालाई बिनाउपचार मार्ने तयारी सरकारले गर्दै छन् । के यही हो सुशासन र समृद्धि ?

देशको सन्तुलित विकास नगराई सरकारहरूले प्रदेश राजधानी र काठमाडौँ उपत्यकामा जनसङ्ख्या केन्द्रित गर्ने र ध्वनि, धुवाँ, सडकजाम, फोहोरमैलाको प्रदूषण बढाउने गर्दै छन् । काठमाडौँ उपत्यकामा ढलनिकास, उपचार पोखरीको समस्या, खानेपानीको समस्या बढ्दै छ । सिंहदरबार अपराध र भ्रष्टाचारको केन्द्र बन्दै छ । के यही हो सुशासन ?

सरकारहरूले मेलम्ची खानेपानी आयोजनाको सुरु मार्ग बनाउन ३० अर्ब र अन्य पूर्वाधारको लागि थप ३० अर्बसमेत ६० अर्ब रुपैयाँ खर्च गरे तर पानी आएको छैन । मेलम्ची खानेपानीको इन्टेक रहेको हेलम्बु गाउँपालिकाको भूभाग पहिरोको जोखिममा छ । एसियाली विकास बैङ्कसँग ऋण ल्याएर सुरु गरिएको मेलम्ची खानेपानीमा भएको खर्बौं रुपैयाँ लगानी खेर जाने अवस्था छ । के यही हो समृद्धि ?

शासक दलहरूकै कारण नेपालको ऋण २३ खर्ब रुपैयाँ पुग्यो । यो ऋणको बर्सेनि ३ खर्ब रुपैयाँ सावाँ ब्याज भुक्तानी गर्नुपर्दछ । नेपालमा राजस्व १० खर्ब रुपैयाँ उठ्छ भने चालू खर्च १२ खर्ब रुपैयाँ हुन्छ । ४८ खर्ब रुपैयाँ कर्जा प्रवाहमध्ये घरेलु तथा साना उद्योगीलाई १ खर्ब ९ अर्ब रुपैयाँ मात्र दिइएको छ । बाँकी ४७ खर्ब विदेशी पुँजीका दलालहरूलाई कर्जा दिई शासक दलहरूले कमिशन कुम्ल्याइरहेका छन् । यही हो सुशासन ?

सरकारले नेपाली युवालाई युक्रेन र इजरायलको सेनामा पनि पठाइरहेको छ । 'लर्न एन्ड अर्न' को नाममा युद्ध भूमि इजरायलमा नेपाली विद्यार्थी र युवालाई रोजगारीमा पठाउने सरकारका प्रम, मन्त्री, म्यानपावर कम्पनीका सञ्चालकहरूकै कारण असोज २० गते इजरायलमा १० जना नेपालीको मृत्यु भयो । बेपत्ता भनिएका विपिन जोशी इजरायल सरकार वा हमास कोसँग छ, सरकारले स्पष्ट गर्न सकेको छैन । गोर्खा भर्तीको नाममा नेपाली युवाहरू बेलायती र भारतीय सेनामा 'भाडाका सिपाही' बन्न बाध्य छन् । नेपाली युवालाई विदेशी सेनामा भर्ना गराउने 'गोर्खा भर्ती' खारेज गर्नुपर्दछ ।

शासक दलहरूले जनताको मत धेरै लिए तर समस्याको समाधान दिन सकेनन् । जाजरकोटका भूकम्प पीडितहरू अहिले चिसोले कठ्याङ्ग्रिरहेका छन् । चिसोको कारण भूकम्प पीडितहरू ज्यान गुमाउँदै छन् । सरकारले उचित बन्दोवस्त गर्न सकेको छैन । पीडितहरू सरकारबाट उचित राहत नपाएको गुनासो गर्दै छन् । २०७२ सालमा चिनियाँ राहत बोकेको हवाइजहाज रोक्न नदिएको सरकारले जाजरकोट भूकम्प पीडितलाई राहत ल्याइएको चिनियाँ जहाज यसपटक पनि नेपाल भित्रिन बाधा दियो । यसले सरकार भारतीय विस्तारवादको पिछलग्गु भएको थप पुष्टि गऱ्यो ।

भारतले नेपालको नदीनाला कब्जा गर्दै चुरेको गिटी, ढुङ्गा ओसार्दै छ । भारतको हितमा अमेरिकी सरकारले नेपाल सरकारलाई एमसीसी सम्झौता र एसपीपी साझेदारी गरायो । ८० लाख नेपाली युवालाई विदेश पठाएर सरकार दाल, चामल, तरकारी भारतबाट किन्दै छ । शासक दलका नेताहरू मन्त्री बन्ने र भ्रष्टाचार गर्ने काममा लागेको हुँदा नेपालको सङ्कट झन्झन गहिरिँदै आएको हो । यसकारण सम्पूर्ण नेपाली जनता मिलेर यस्ता शासक दलहरूलाई सजाय दिनु जरुरी छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले संयुक्त राष्ट्रसङ्घको बडापत्रको धारा ९९ लागू गरेका छन् । यो धारा संयुक्त राष्ट्रसङ्घको सबैभन्दा महत्त्वपूर्ण र शक्तिशाली प्रावधान हो । यसअन्तर्गत संयुक्त राष्ट्रसङ्घका महासचिवले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई खतरामा पार्न सक्ने कुनै पनि मुद्दामाथि सुरक्षा परिषदको ध्यानाकर्षण गराउन सक्छन् । संयुक्त राष्ट्रसङ्घको इतिहासमा नौ पटक मात्र प्रयोग भएको यो धारा लामो समयदेखि प्रयोगमा ल्याइएको थिएन ।

संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुखले गाजापट्टीका प्यालेस्टाइनीहरू अत्यन्तै गम्भीर त्रासमा बाँचिरहेको बताउँदै इजरायल र हमासबिच तत्काल युद्धविराम गर्न आह्वान गरेका थिए । प्यालेस्टाइनी इलाकामा बसोबास गर्ने २३ लाख मानिसमध्ये १९ लाख विस्थापित भएका छन् । उनीहरू अस्वस्थ्यकर परिस्थिति भएको दक्षिणी गाजामा अत्यधिक भीडभाड हुने स्थानमा धकेलिएका छन् ।

प्यालेस्टिनको पीएलओ र हमास दुवै प्रतिस्पर्धी राजनीतिक दल हुन् । हमास राजनीतिक विचार भएको हुँदा यसलाई सैनिक दमनले समाप्त पार्न खोज्नु अमेरिका र इजरायलको गलत काम हो । यसको राजनीतिक समाधान जरुरी छ । तत्कालको राजनीतिक समाधान स्थायी युद्ध विराम हो । अन्ततः अमेरिकी सरकारले इजरायललाई हमाससँग स्थायी युद्धविराम सम्झौता गराई प्यालेस्टिनीहरूको भूमि फिर्ता गराई स्थायी समाधान खोज्नु आवश्यक छ ।

*(नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घद्वारा प्यालेस्टिनी जनताको पक्षमा २०८० मङ्सिर २२ गते काभ्रेको धुलिखेलमा भएको प्रदर्शन तथा सभामा नेक्रायुसङ्घ केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले राख्नुभएको मन्तव्यको सार-सं)*

# धुलिखेलमा प्यालेस्टिनमाथि इजरायली फासीवादी बर्बर हमला तथा नरसंहारविरुद्ध प्रदर्शन तथा सभा












# इजरायली फासीवादी बर्बर हमला तथा नरसंहारविरुद्ध साँखुमा जुलुस तथा सभा












# चीनको छिमेक सम्बन्धबारे 'कन्टेम्पोररी वर्ल्ड'– एक चर्चा

✍ जमिला

'कन्टेम्पोररी वर्ल्ड' अर्थात् 'समकालीन विश्व' नामको बुलेटिन चीनलाई हेर्ने एउटा आँखीझ्याल हो । चीनको आँखाबाट अन्तर्राष्ट्रिय जगत या विश्व व्यवस्था नियाल्ने एउटा उत्तम माध्यम पनि हो 'कन्टेम्पोररी वर्ल्ड' । यसका विविध अङ्कहरूले चीनको इतिहासदेखि वर्तमानसम्मको जानकारी मात्र दिँदैन भविष्यको परिकल्पना र चीनको सपनासम्म डोऱ्याउँछ । युरोप, अमेरिका, ल्याटिन अमेरिका, अफ्रिका, एसिया, अष्ट्रेलियालगायतका महादेशहरूसँगको कूटनीतिक, राजनीतिक र आर्थिक सम्बन्धबारे बुझ्न यो बुलेटिनले सघाउँछ । आजको विश्व व्यवस्था कुन दिशामा छ ? कस्तो खालको विश्व व्यवस्था मानव जातिका लागि श्रेयस्कर हुन्छ ? कस्तो राजनीतिक र आर्थिक बन्दोबस्तले साँचो अर्थमा मानव सभ्यता जोगाउँछ र जगाउँछ ? भन्ने सवालहरूमा विमर्श पस्कन्छ । चीनको अन्तर्राष्ट्रिय सम्बन्धदेखि विश्वव्यापी सुशासन र चिनियाँ




कम्युनिस्ट पार्टीका गतिविधिहरूबारे थाहा पाउन यो बुलेटिन निकै पठनीय छ । कन्टेम्पोररी वर्ल्डको जुलाइ–अगस्त अङ्कले चीनको छिमेक सम्बन्धबारे बुझ्न सघाउँछ । केन्द्रीय एसिया, आसियान देशहरू र सीमा जोडिएका देशहरूसँग चीनको सम्बन्ध र सम्बन्धमा देखापरेका चुनौतीहरूबारे छलफल यो अङ्कको विशेषता हो ।

चीनले साझा भविष्यसहितको विश्व समुदाय निर्माणमा अनवरत योगदान गर्दै छ । केन्द्रीय एसियाका देशहरूसँग काँधमा काँध मिलाई विकासको मार्गमा हिँड्न चीन प्रतिबद्ध छ । त्यसका लागि नेता सी चिङ फिङले केही प्रस्तावहरू अघि सार्नुभएको स्मरण गराउँछ बुलेटिनले । अत्यन्त असल एवम् मित्रवत् छिमेक सम्बन्ध, उच्च गुणस्तरीय विकासका लागि सहकार्यको मार्ग निर्माण, शान्ति रक्षाका लागि बलिया आधारहरू निर्माण, विविध अन्तरक्रियाहरूबाट एउटा सुन्दर परिवारको निर्माण, शान्ति र विकाससँगै विश्वव्यापी समुदायको संरक्षणको निम्ति आधारहरूको तयारी आदि विषयहरूमा नेता सीले स्पष्ट धारणा सन् २०२३ मे १९ मा आयोजित पहिलो चीन केन्द्रीय एसिया सम्मेलनमा राख्नुभएको थियो । चीन-केन्द्रीय एसियाको साझा समुदाय निर्माणका लागि आपसी सहयोग, साझा विकास, विश्वव्यापी सुरक्षा, अनन्त मित्रता निकै जरुरी हुन्छ । केन्द्रीय एसियासँग साझा भविष्यसहितको समुदाय निर्माण चीनको मात्रै रहर होइन बरु ऐतिहासिक तर्क र बलियो आधार पनि छ । पुरानो एवम् ऐतिहासिक सिल्क रोड अर्थात् रेसम मार्ग नै चीन र केन्द्रीय एसियाको महत्त्वपूर्ण सेतु हो भन्दा फरक नपर्ला । चीन र केन्द्रीय एसियाबिचको सम्बन्ध २१०० वर्ष पहिले हान वंशकै पालामा जोडिएको थियो । ऐतिहासिक रेसम मार्गले चीनमा युरोपेली सभ्यतालाई केन्द्रीय एसियाको बाटोबाट भित्र्याएको भन्न मिल्ला ।

रेसम मार्गको मूल भावना शान्ति र सहकार्यको सभ्यता बसाल्नु हो । खुलापन र समावेशिता, आपसी सिकाइ र आपसी हितको भावना चीन केन्द्रीय एसियाली सम्बन्धको आधार बन्यो । चीन र केन्द्रीय एसियाबिच वस्तुहरूको आदानप्रदानदेखि आज प्रविधिको आदानप्रदानसम्म पुगेको छ । जसले दुबै पक्षको सभ्यताको विकासमा महत्त्वपूर्ण प्रभाव छोड्यो । सांस्कृतिक आदानप्रदानले दुवै पक्षको विविध सांस्कृतिक पृष्ठभूमिलाई अझ सुन्दर बनायो । एक समय केन्द्रीय एसियासँग चीनको अलिक दूरी बढेको बुझाइ छ तर सन् १९९१ डिसेम्बरमा सोभियत सङ्घको विघटनपछि चीनले पाँच स्वतन्त्र केन्द्रीय एसियाली देशहरूसँग छुट्टाछुट्टै कूटनीतिक सम्बन्ध जोड्यो । केन्द्रीय एसियाली देशहरूको स्वतन्त्रता र सार्वभौमिकतालाई चीनले सम्मान गर्‍यो र त्यहाँको घरेलु र आन्तरिक मामिलामा कहिल्यै हस्तक्षेप गरेन । चीनले पहिलेदेखि नै अहस्तक्षेप र शान्ति सुव्यवस्थाको विदेश नीति अँगालेको पाइन्छ । चीनले केन्द्रीय एसियासँग असल छिमेकी बन्ने प्रतिबद्धतासहित दुइपक्षीय सम्झौता (साङहाई सहकार्य सङ्गठनको फ्रेमवर्क) हस्ताक्षर गर्‍यो । चीन भन्छ – "देश आकारमा सानो या ठुलो जस्तो भए पनि बराबर हुन्छन् , सार्वभौम हुन्छन् ।" यही नै चीनको विदेश नीति र छिमेक नीतिको आधार हो । केन्द्रीय एसियाली देशहरूको गौरव र स्वाधीनताको सदैव सम्मान गर्‍यो । बरु केन्द्रीय एसियाका तीन राक्षसहरू आतङ्कवाद, विभाजन या विखण्डनवाद र अतिवादविरुद्ध लड्न सैद्धान्तिक एवम् नैतिक बल प्रदान गर्‍यो । त्यतिमात्र होइन तिनको स्वतन्त्रता र सार्वभौमिकताको पक्षमा आवाज दियो ।

आर्थिक मामिलामा चीनले दुबै पक्षको हित हुने बाटो रोज्यो । चीनले केन्द्रीय एसियाका प्राकृतिक स्रोतसाधनमाथि आँखा गाडेन बरु त्यही स्रोतबाट विकासको द्रुत मार्गमा हिँड्न उत्प्रेरित गर्‍यो । चीन - काजाखस्तान तेल पाइपलाइन र चीन-केन्द्रीय एसिया प्राकृतिक ग्यास पाइपलाइन केही महत्त्वपूर्ण परियोजना हुन् । यसका साथै कन्फ्युसियस संस्थाको स्थापनाबाट सांस्कृतिक आदानप्रान, जनता-जनताबिचको सम्बन्ध विस्तारमा महत्त्वपूर्ण सहयोग मिलेको छ । अहिले भने राजनीतिक सुरक्षा, आर्थिक र सांस्कृतिक पक्षहरूको विकासमा दुईपक्षीय सम्बन्ध अझ बलियो बनाउन बहुपक्षीय आधारहरूको खोजी हुँदै छ ।

चीन र केन्द्रीय एसियाको सम्बन्ध बलियो बनाउन रेसम मार्गकै विकसित रूप क्षेत्र तथा मार्ग अगुवाइ, विश्वव्यापी विकास अगुवाइ, विश्वव्यापी सुरक्षा अगुवाइ, विश्वव्यापी सभ्यता अगुवाइजस्ता चीनका महत्त्वपूर्ण अवधारणाहरूको व्यावहारिक अवलम्बन आवश्यक देखिन्छ । केन्द्रीय एसियामा शान्ति, सुरक्षा र विकासको प्रत्याभूति यही विचारले प्रदान गर्ने विश्वास पनि लिइएको छ । दुई पक्षबिचको ३३०० किलोमिटर साझा सिमाना शान्तिपूर्ण सहकार्य र सहकार्यमार्फत प्राकृतिक र पृथक भूराजनीतिक शक्तिको उपयोग गर्ने पुल बन्नुपर्ने तर्क बुलेटिनमा छ । दुवै पक्ष शान्ति र स्थायित्वका लागि परम्परागत विश्व व्यवस्थाको सुरक्षा चुनौती अर्थात् असुरक्षित विश्व व्यवस्थाविरुद्ध एकताबद्ध रहनुपर्ने सन्देश छ । आर्थिकरूपमा दुवै पक्ष एक अर्काका परिपूरक जस्तै हुन् । स्रोत, उद्योग, यातायातलगायत अन्तर्राष्ट्रिय क्षेत्रमा साझा पहुँचका लागि सहकार्यको विकल्प छैन ।

चीनले छिमेक नीतिलाई आफ्नो विदेश नीतिको प्राथमिकतामा राखेको छ । छिमेकी देशहरूको सुरक्षालाई आफ्नो दायित्वको रूपमा ग्रहण गरेको छ । संरा अमेरिका चीनको छिमेक क्षेत्रमा हिन्द प्रशान्त रणनीतिमार्फत चीनलाई दबाउन हरसम्भव प्रयत्न गर्दै छ । क्वाडमार्फत जापान र दक्षिण कोरियालाई आफ्नो सैन्य गठबन्धनमा सामेल गरी एसिया क्षेत्रको शान्ति खलबल्याउने षड्यन्त्र रच्दै छ । एसियाली मुलुकहरूलाई नाटो शक्तिहरूमा सामेल गरी सिङ्गो एसियालाई रणनीतिक चक्रब्युहमा फसाउने प्रपञ्च बुन्दै छ । संरा अमेरिकाको स्पष्ट उद्देश्य एसियामा कलह र अशान्ति मच्चाउनु नै हो । यसमा अब दुविधा रहेन । त्यसकारण, केन्द्रीय एसिया सतर्क रहनुपर्ने आवश्यकता छ । युक्रेन सङ्कटको पृष्ठभूमिविरुद्ध नलडे एसियाले पनि पश्चिमको असुरक्षा, अनिश्चय र अस्थिरता बेहोर्नुपर्ने हुन्छ । अबको प्रतिस्पर्धा युद्धको विरुद्ध शान्ति र सुरक्षाको पक्षमा हुनुपर्ने जोड बुलेटिनको हो ।

पुरानो सुरक्षा व्यवस्था संरा अमेरिकाकै मुट्ठीमा छ । उच्च सुरक्षा चुनौतीविरुद्ध चीन–केन्द्रीय एसिया सम्बन्ध बलियो बनाउनुको विकल्प छैन भन्दा अतिशयोक्ति हुँदैन । विश्वको दिगो एवम् स्थायी विकास र हरित विकासका लागि सहकार्य, साझेदारी नै उत्तम उपाय हो भन्ने पुष्टि भइसकेको छ । अब सहकार्यको विकल्प प्रभुत्व र साझेदारीको विकल्प उपनिवेश विश्वलाई मञ्जुर छैन । विश्व अब एउटा मात्र ध्रुव मान्न तयार छैन । त्यसकारण, बहुध्रुवीय विश्वको एउटा हिस्सा केन्द्रीय एसिया हो भन्नेमा चीन विश्वास राख्छ । आपसी हित र वीन–वीन सहकार्य समान विकासको बाटो हो भने वास्तविक सभ्यताको विश्वव्यापीकरण समावेशी सभ्यता, वार्ता, आपसी सिकाइ र समभावनाले सम्भव बनाउँछ । रेसम मार्ग आर्थिक क्षेत्र र 'सीफाइभ प्लस वान' जस्तो मञ्च त्यसका निम्ति सहयोगी बन्न सक्छन् ।

दुई पक्षबिच बलियो सञ्जाल निर्माणको लागि जनता-जनताबिचको आदानप्रदान निकै महत्त्वपूर्ण हुन्छ । अझ रणनीतिक सञ्चार र राजनीतिक विश्वासको लागि नीतिगत पहलहरू जरुरी हुन्छ । आजको युगमा शिक्षा, मिडिया, प्रविधि आदानप्रदानको माध्यम मात्र होइन अवसर पनि हुनसक्छ । डिजिटल अर्थतन्त्र, आर्टिफिसियल इन्टेलिजेन्स, फाइभजी, बिगडाटा ई-कमर्स, लामो दूरीको शिक्षा, सफा र फराकिलो रेसम मार्ग सहकार्यको क्षेत्र हुनसक्छन् । चीनको विकास अनुभव, गरिबी निवारणको यात्रा केन्द्रीय एसियाको निम्ति महत्त्वपूर्ण मार्गदर्शन हुनसक्छ । दुई पक्षबिचको बलियो सम्बन्ध सारा एसियाका निम्ति हितकारी हुनेछ ।

आसियान देशहरूसँग पनि चीनले साझा भविष्यको बाटो तयार गरेको जगजाहेर छ । आसियान देशहरूसँगको सम्बन्धमा पुन: मलजल गर्नुपर्ने समय पनि हो यो । क्षेत्रीय व्यवस्थामा दक्षिणपूर्वी एसियाली देशहरूको अवस्थानुसार सम्बन्ध प्रभावित बनेको छ । शान्ति, सुरक्षा र सुरक्षित मातृभूमि आसियान देशहरूको एउटै अभिलाषा हो । विगत १० वर्षदेखि चीन आसियान देशहरूसँगको दुईपक्षीय सम्बन्धका लागि अथक मेहनत गर्दै छ । 'लानकाङ मेकोङ सहकार्य' त्यसमध्येको एउटा सेतु हो । मानव जातिको लागि साझा भविष्यसहितको समुदाय निर्माणको लागि आसियान चीनसँग छिमेक हुनुको धर्म भने निर्वाह गर्दै छ । उपनिवेश र सन्धि सम्झौता प्रथाभन्दा धेरै माथि उठेर सहकार्यको संस्कार बसाल्नु नै नयाँ विश्व व्यवस्थाको कल्पना हो । संरा अमेरिका नेतृत्वको पश्चिमा शैलीको अन्तर्राष्ट्रिय आर्थिक सम्झौताको विपरीत चीनले अत्यन्तै प्रभावकारी परामर्श, संयुक्त योगदान र साझा हितको मान्यता विकास गर्‍यो । आसियान मुलुकहरूमा यही संस्कृतिको विकास हुँदै छ । पुरानो विश्व व्यवस्थाको थिलथिलो कमजोर बन्दै छ ।

विशेषत: चीन र जापान मिलेर संरा अमेरिकाको प्रभुत्ववादविरुद्ध औँला ठड्याउनुपर्ने हो । एकपक्षीयताको विकल्प बहुपक्षीयता नै हो भन्ने स्थापित गर्न ढिला भइसकेको छ । चीनले 'चीन केन्द्रित' व्यवस्थाको कल्पना बिल्कुल गरेको होइन । आसियान सहकार्य त्यसको उदाहरण नै हो । चीन "छिमेकी देशहरूमा आधारित" समुदाय निर्माण गर्न चाहन्छ । शीतयुद्धहरूको अन्त्य चाहन्छ चीन । शीतयुद्धअघि चीन र छिमेक देशहरूको सम्बन्धलाई तीन किसिमले यसप्रकार व्याख्या गरिन्थ्यो - प्राचीन युगमा चीन केन्द्रित, आधुनिक समयमा पश्चिम केन्द्रित र दोस्रो विश्वयुद्धपछि सोभियत सङ्घ र संरा अमेरिकाकेन्द्रित । शीतयुद्धपछि समय बदलियो । आजको युगमा चीन–आसियान सम्बन्ध आफैमा एउटा महत्त्वपूर्ण केन्द्र बन्न सफल छ । यो सम्बन्ध आफ्नो क्षेत्रमा विकास, सुरक्षा र शान्तिको पक्षमा छ । यद्यपि, संरा अमेरिका आसियान देशहरूलाई भड्काएर चीनलाई थुन्न खोज्दै छ । संरा अमेरिका आसियान नेतृत्वको बहुध्रुवीय विश्व व्यवस्थाको एउटा महत्त्वपूर्ण खम्बालाई समूल नष्ट पार्न चाहन्छ । आसियान क्षेत्रको सुरक्षा, खुलापन, समावेशिता, पारदर्शिता, आपसी सम्मान, सर्वभौमिकता, आन्तरिक मामिलामा हस्तक्षेप, समानता र सहअस्तित्वको सम्बन्ध हो चीन–आसियान सम्बन्ध । यसलाई नाटो र संरा अमेरिकी सैन्य गठबन्धनहरूबाट हमला भइरहेको नकार्न मिल्दैन । त्यसकारण, विकास र सुरक्षाका लागि नयाँ विश्वव्यापी अगुवाइहरू जरुरी छ ।

चीन आसियानको सम्बन्ध भौतिकमात्र नभएर भावनात्मक या सांस्कृतिक पनि हो । सभ्यता र सांस्कृतिक सम्बधले दुई पक्षबिच सौहार्दता थपिएको बुझ्न गाऱ्हो छैन । त्यसकारण, संरा अमेरिकाको कुटिल सैन्य मोर्चाबन्दीहरूले चीन र आसियान देशहरूको प्रगति नरोकिने तर्क बुलेटिनको हो । प्रमुख देशहरूको प्रतिस्पर्धाको अवधारणाबाट छिमेकसँग साझा भविष्यसहितको समुदाय निर्माणका लागि चीनको प्रयास बेजोडको छ । तर अमेरिकाले चीनको हितैषी देशहरू जापान, भारत र अस्ट्रेलियालाई क्वाडमा समेटेर क्वाड निर्माण गर्‍यो । दक्षिण कोरिया र दक्षिण पूर्वी एसियालाई समेटेर हिन्द प्रशान्त आर्थिक फ्रेमवर्क अर्थात् रूपरेखा तयार गर्‍यो । चीनको आर्थिक र व्यापार सम्बन्धहरू माथि प्रहार गर्‍यो ।

अहिले युक्रेन सङ्कटले निम्तिएको भूराजनीतिक सङ्कटले छिमेकी देशहरू आक्रान्त छन् । युक्रेन सङ्कटको राजनीतिक, आर्थिक र सुरक्षा प्रभाव सतहमा आएको छ । रुस र संरा अमेरिका र युरोपबिचको प्रतिद्वन्द्वी मानसिकता सतहमा आएको छ । युक्रेन सङ्कटको असर जी २० र पूर्वी एसिया सम्मेलनसम्म मात्र परेन बरु सारा अन्तर्राष्ट्रिय सम्बन्ध र व्यवस्थाको स्थिरतामा धक्का पुग्यो । सिङ्गापुरमा आधारित 'युसोफ इसाक' भन्ने एउटा संस्थाले गरेको सर्वेक्षणको आधारमा युक्रेन सङ्कटबाट ८२.९ प्रतिशत दक्षिणपूर्वी एसियाली सरोकारवालाहरू प्रभावित बने । दक्षिणपूर्वी एसियामा युक्रेन सङ्कटको नराम्रो र ठुलो असर पर्‍यो । ५८.३ प्रतिशत प्रतिवादीहरू ऊर्जा र खाद्यान्न सङ्कट सामना गर्दै छन् । २५.९ प्रतिशतले सार्वभौमिकतामाथिको हमला र विश्वासको वातावरण खल्बलिएको देखे । ५.२ प्रतिशतले चीन र संरा अमेरिकाबिचको सम्बन्ध खल्बलिएको अनुभव गरे ।

कोभिड १९ महामारीपछि युक्रेन-रुस युद्धले संसारलाई अर्को आर्थिक सङ्कटको धक्का दिएको अनुभव गरियो । संरा अमेरिका नेतृत्वको चीनविरुद्धको व्यापार युद्ध र प्रविधि युद्धले संसारका अन्य देशहरू आर्थिक र सामाजिकरूपले प्रभावित बने । केही देशहरू आर्थिक र सामाजिक रुपले प्रभावित बने । केही देशहरूले पुँजी बाहिर गएको र मुद्राको मूल्य घटेको अनुभव गरे । संरा अमेरिका चीनको आर्थिक विकास र अन्तर्राष्ट्रिय सम्बन्धबाट डराएको निष्कर्ष चीनको होइन, सारा विश्वको हो । संरा अमेरिकाले दक्षिण चीन सागरमा गरेको कलह, चीन-भारत सीमा विवादमा हस्तक्षेपलगायतका घटनाबाट चीनको छिमेक नीतिमा हमला गर्दै छ । साझा भविष्यसहितको मानव समुदाय निर्माण गर्ने चीनको कोसिसमाथि आक्रमण गर्दै छ । कुनै पनि समय चीन र चीनसँग सहकार्यमा जोडिएका छिमेक देशहरूमाथि भौतिक आक्रमणमा नहोला भन्न गाऱ्हो छ । संरा अमेरिकाको आक्रामक चीनविरोधी नीतिविरुद्ध चीन भने फेरि पनि सहकार्य, सहअस्तित्व र साझेदारीको नयाँ ध्रुव निर्माण गर्ने कोसिसमा छ । विकास, शान्ति र सुरक्षा आजको विश्वको आवश्यकता हो ।

संरा अमेरिकाको 'अमेरिका प्रथम' नीतिले अमेरिका मात्रको विकास हुने र बाँकी विश्व कुनै न कुनै रूपमा संरा अमेरिकी अधीनमा बस्नुपर्ने अवस्था तयार गर्‍यो । आजको विश्व 'अमेरिका प्रथम'को अमेरिकी सपना मान्न तयार छैन । विश्व मानव जातिको सभ्यता पुनर्जागरण, विकास र शान्ति आजको आवश्यकता हो र यो चीनको सपना हो । क्षेत्रीय युद्धहरूविरुद्ध सुरक्षा र शान्तिका लागि एकताबद्ध हुनु नै अबको सुन्दर विकल्प हो । संरा अमेरिकी युद्ध मानसिकता, एकध्रुवीयता, प्रभुत्ववाद र आक्रमणविरुद्ध लड्नु नै आजको आवश्यकता हो भन्ने सन्देश यस अङ्कले दिन्छ । मध्य पूर्वी क्षेत्रमा पनि संरा अमेरिका निर्मित सङ्कट छ । युक्रेनपछि मध्य पूर्वी क्षेत्रमा कलहको बीजारोपण हुँदै छ भन्ने यो बुलेटिनले ३ महिनाअघि गरेको अनुमान आज सही साबित भएको छ । आज प्यालेस्टिनमाथि इजरायल र संरा अमेरिकी युद्ध आतङ्क छ । विश्वमा यसले अर्को मानवीय सुरक्षा सङ्कट र आर्थिक सङ्कट निम्त्याउँदै छ । तर, यथार्थ यो पनि हो कि संरा अमेरिका पुन: एकपल्ट प्यालेस्टिनको भूमिमा उदाङ्गिएको छ । एकध्रुव र अमेरिकी प्रभुत्वको नियति विध्वंश नै हो भन्ने देख्दै छ, सारा विश्व । शान्ति र स्थायित्वका लागि, समृद्धि र भ्रातृत्वका लागि चीनले देखाएको बाटो नै उत्तम हो भन्ने महसुस गरिँदै छ ।

अझ एसियाको पूर्ति चक्र अर्थात् 'सप्लाई चेन' एसियाकै हातमा हुनुपर्ने तर्क चीनको हो । उत्पादन, वितरण र व्यवस्थापनमा सहकार्य एसियाली देशहरूबिच हुनु सकारात्मक पक्ष हो । एसियासँग बाँकी महादेशहरू जोड्ने बाटो निर्माण पनि त्यति नै महत्त्वपूर्ण छ । श्रमशक्तिको सप्लाई चेनमाथि पनि एसियाकै पकड हुनुपर्छ । एसियामा विश्वको पुँजी भित्रनु, श्रमशक्ति व्यवस्थापन गर्नु, व्यापार बढ्नुमा चीनको एसियाली देशहरूसँगको सम्बन्धकै हात छ ।

तसर्थ, एसियाको विकासमात्र होइन सुरक्षा र सभ्यताको पुनर्जागरणको लागि चीनको छिमेक नीति अर्थात् विदेश नीतिबारे विचार विमर्श जरुरी छ । यस अङ्कमा विश्वव्यापी आर्थिक सुशासनसम्बन्धी चीनको धारणा, विश्व बैङ्कको जलवायु वित्तसम्बन्धी अलमल र सम्भावनाहरूको जानकारी छ । साथै बेलायत र युरोपको सम्बन्ध र बेलायती पार्टीको राजनीति, टर्कीको राजनीतिको विषयमा सङ्क्षेपमा चर्चा छ । चिनियाँ कम्युनिस्ट पार्टीले विश्व राजनीतिमा छोडेको राजनीतिक एवम् सैद्धान्तिक प्रभाव बुझ्न बुलेटिन निकै सहयोगी छ । बुलेटिन प्रकाशक कन्टेम्पोररी वर्ल्ड जर्नल प्रेसप्रति साधुवाद छ ।

# एउटा प्यालेस्टिनी मारिँदा चहऱ्याउँछन् सयौँ घाउहरू

विजय प्रसाद

'मानवीय युद्धविराम' त्यति अर्थपूर्ण रहेन । नृशंस हिंसाबिचको छोटो विराममा 'मानवीय' र 'विराम' नामको केही थिएन । बरु त्यो तुफान आउनुअघिको सन्नाटा मात्र साबित भयो । कर्मचारी शैलीमा अनैतिकता प्रदर्शन हुँदै छ । महान् अर्थ दिने पुराना शब्दलाई नयाँ तर खोक्रो पारामा प्रयोग गरिँदै छ । शब्दले वास्तविक अर्थ गुमाएका छन् । पहिलो चरणको बमबारीबाट गाजापट्टीभरि फैलेको भग्नावेश सफा गर्नुअघि नै अर्को विभत्स बमबारी सुरु भयो ।

पश्चिमा देशहरूले 'मानवीय' शब्दलाई सिकिस्तै पारेका छन् । पाठकहरूले 'मानवीय हस्तक्षेप' शब्द सुन्नुभएको हुनुपर्छ । लिबियामा सन् २०११ मा पश्चिमी देशहरूले सैन्य हस्तक्षेप गरे । सन् २००३ मा इराकमा अमेरिकाले अवैध आक्रमण गऱ्यो । ती आक्रमणहरूलाई 'मानवीय हस्तक्षेप' शब्दले ढाकछोप गरिएको थियो । आफ्नो अवैध कर्तुतलाई वैधानिकताको जामा लगाउन पश्चिमा देशहरूले संयुक्त राष्ट्र सङ्घलाई एउटा नयाँ सम्मेलन गर्न लगाए । सम्मेलनबाट नयाँ सिद्धान्त नै जन्मियो । त्यसलाई 'रक्षा गर्ने दायित्व' (आर-टु-पी, रिस्पोन्सिबिलिटी टु प्रोटेक्ट) भनियो । पहिले जातिसंहार, युद्धअपराध, जातीय सफाया र मानवताविरुद्ध हुने अपराधजस्ता जघन्य अत्याचारलाई जहिल्यै अन्तर्राष्ट्रिय जगतले रोक्नुपर्ने भन्ने थियो । नयाँ सिद्धान्तका कारण (राष्ट्र सङ्घको बडापत्रको ७ औँ अध्यायबमोजिम) सुरक्षा परिषद्ले पश्चिमी देशहरूलाई बलप्रयोग गर्ने अधिकार दियो । सोही सिद्धान्तका आधारमा सन् २०११ मा लिबियामाथि हमला भयो । मानवीयताको खोलमा पश्चिमा देशहरूले लिबिया राज्यलाई नै ध्वस्त पारे र त्यस देशलाई स्थायी गृहयुद्धको दलदलमा धकेले । तर, सन् २००८-०९, सन् २०१४ र अहिले गरी गाजामाथि बारम्बार इजरायली बमबारी हुँदा 'रक्षा गर्ने दायित्व' को 'र' पनि उच्चारण भएन ।

यसपालि सन् १९४८ (नक्बा, विनाशलीला) मा भन्दा पनि बढी प्यालेस्टिनी जनता मारिएका र विस्थापित भएका छन् । सन् १९४८ मा 'मानवीय' शब्दको केही अर्थ थियो होला, तर अहिले त्यो शब्दले अर्थ गुमाएको छ ।

मारिने र विस्थापित हुनेहरूको सङ्ख्या बढ्दै छ । साथमा सन्नाटा पनि बढ्दै छ । पहिले केही सय प्यालेस्टिनीहरू मरे । त्यसमा केही सय थपिए । लगत्तै मर्नेहरूको सङ्ख्या अकासियो । इराकमा अमेरिकाले १० लाख मान्छे माऱ्यो । दिमागमै नअट्ने सङ्ख्या हो यो । त्यसमाथि मर्नेहरूको नाम समेत छैन । त्यसैले पनि बाँकी विश्वको लागि त्यो नरसंहार टाढाको विषय बन्यो । मर्ने र विस्थापित हुनेहरूको एकएक कथा नजोडिएसम्म मान्छेको दिमागलाई सङ्ख्याले मात्र घचघच्याउन गाह्रो हुने रहेछ ।

अन्तर्राष्ट्रिय जगतले हिसाबमा ठुलो अन्याय गरेको छ । यो विद्यमान समस्याको एउटा कारण हो । के अक्टोबर ७ मा मारिएका इजरायलीहरूलाई जति महत्त्व गाजाबासी प्यालेस्टिनीको जीवनलाई दिइएको छ ? के गाजाबासी जनताको जीवन र मृत्युको पनि मूल्य छैन ? यी मृत्युलाई समान आँखाले हेरिएको छैन । यो विभेदको आलोचनासम्म भएको छैन । यो धारणालाई मान्यता दिइएको मात्र होइन, पश्चिमी देशका नेताहरूले यसखाले प्रचार नै गरिरहेका छन् । तिनीहरू गोरा लासको बदलामा गहुँ गोरा धेरै लास देख्न चाहन्छन् । तिनीहरू गोरो शरीरलाई मूल्यवान र गहुँ गोरो शरीरलाई मूल्यहीन मान्छन् । त्यसैले इजरायललाई मार्ने छुट दिँइदै छ ।

'मानवीय युद्धविराम' हुँदा हमास र प्यालेस्टिनी पक्षले ११० इजरायलीलाई छोड्यो । त्यसको सट्टा इजरायलले २४० प्यालेस्टिनी महिला र


फैज अहमद फैज

बालबालिकालाई छोड्यो । धेरै इजरायली पीडितहरू गाजा आसपासका बासिन्दा थिए । उनीहरूका कथा र विदेशी बन्दीहरूका कथा बाहिर आइसकेका छन् । तर, प्यालेस्टिनी बन्दीहरूका कथाहरूको थोरैमात्र छलफल भएको छ । त्यसबारे कम बुझिएको छ । त्यस्तै अक्टोबर ७ पछि इजरायलले ३ हजारभन्दा बढी प्यालेस्टिनीहरूलाई बन्दी बनाएकोमा झन्डै २०० जना बालबालिका मात्र रहेको विषयमा पनि उति ध्यान दिइएको छैन । सम्झौता वार्ताको पहिलो चार दिनमा मात्र इजरायलले आफूले छोडेजति प्यालेस्टिनीहरूलाई बन्दी बनायो ।

इजरायली कैदबाट रिहा गरिएका दुई-तिहाइभन्दा बढी प्यालेस्टिनीहरूमाथि कुनै आरोप थिएन । उनीहरूलाई सैन्य कानुनअन्तर्गत 'प्रशासनिक थुना' मा राखिएको थियो । यसप्रकार इजरायलले प्यालेस्टिनीहरूलाई अनन्तकालसम्म थुनामा राख्दै आएको छ । यसको लागि पक्राउ गरिएका प्यालेस्टिनीहरूमाथि मुद्दा चलाउनुपर्दैन । न त उनीहरूले कुनै कसुर नै गरेको हुनुपर्छ । उनीहरूले वर्तमान र भविष्यमा कतै कानुन उल्लङ्घन गरेको वा गर्ने सोचेको हुनुपर्छ भन्ने छैन । 'प्रशासनिक थुना' को यो परिभाषा इजरायली मानवअधिकारवादी संस्था बेत्सालमको हो । केही मानिसहरू कहिल्यै नफर्किने गरी इजरायली कालकोठरीहरूमा हराएका छन् । उनीहरूलाई बन्दी प्रत्यक्षीकरणको मौलिक अधिकार पनि छैन । उनीहरूलाई अदालतमा ल्याइँदैन, वकिल भेट्ने हक छैन । उनीहरूलाई आफूविरुद्ध दिइएका दलिल थाहा पाउने अधिकार पनि छैन । इजरायली कारागारहरूमा अहिले ७ हजारभन्दा बढी प्यालेस्टिनी राजनीतिक बन्दी छन् । तीमध्ये धेरै वामपन्थी छन् । बन्दीहरूमा प्यालेस्टिनी मुक्तिका लागि जनमोर्चा र प्यालेस्टिनी मुक्तिका लागि प्रजातान्त्रिक मोर्चाजस्ता राजनीतिक दलका नेता-कार्यकर्ताहरूको बाहुल्य छ । 'प्रशासनिक थुना' मा २ हजारभन्दा बढी कैदीहरू छन् ।

अधिकांश प्यालेस्टिनी कैदी बालबालिका छन् । तीमध्ये धेरैले इजरायली 'थुना' मा वर्षौं वर्ष बिताएका छन् । 'थुना' मा राखिएको हुनाले तिनलाई छुटाउन कुनै मुद्दा हाल्न पनि सकिन्न । 'बालबालिका प्रतिरक्षा इन्टरनेसनल' को प्रतिवेदनअनुसार इजरायलले प्रतिवर्ष ५००-७०० बालबालिकालाई कैदी बनाउँदै आएको छ । सन् २०१५ को राष्ट्र सङ्घीय बालकोष (युनिसेफ) ले एउटा सनसनीपूर्ण प्रतिवेदन प्रकाशित गऱ्यो । सो प्रतिवेदन अनुसार इजरायलले राष्ट्रसङ्घको बालअधिकार अभिसन्धि ( सन् १९९०) को पूर्ण उन्मूलन गरेको छ । अभिसन्धिको धारा ३७ अनुसार 'बालबालिकालाई पक्राउ गर्ने, हिरासत वा कैदमा राख्ने कार्य कानुनबमोजिम गर्नुपर्छ र सकेसम्म त्यसलाई अन्तिम अस्त्रको रूपमा प्रयोग गर्नुपर्छ र गरे पनि छोटो अवधिका लागि गर्नुपर्छ ।' तर धेरै घटनामा इजरायलले यो कानुनलाई पहिलो अस्त्रको रूपमा प्रयोग गरेको छ र बालबालिकालाई दीर्घकालका लागि थुनामा राख्दै आएको छ ।

'बालबालिका प्रतिरक्षा इन्टरनेसनल' ले सन् २०१६ जनवरी १ देखि २०२२ डिसेम्बर ३१ सम्म अतिक्रमित पश्चिम किनाराबाट थुनामा रहेका ७६६ बालबालिकाको मुद्दाको अध्ययन गरेको थियो । त्यसबाट निम्न निष्कर्ष निस्कियो :

- ७५ प्रतिशत बालबालिकाले शारीरिक हिंसा भोगेको ।
- ८० प्रतिशतलाई नाङ्गै पारेर खानतलासी लिइएको ।
- ९७ प्रतिशतलाई परिवारको सदस्य नै नराखी केरकार गरिएको ।
- ६ प्रतिशतलाई तिनको हकअधिकारबारे राम्ररी नबताइएको ।
- ५५ प्रतिशतलाई हिब्रु भाषामा लेखिएको कागजातमा हस्ताक्षर गराइएको । प्यालेस्टिनी बालबालिका हिब्रु भाषा लेखपढ गर्न जान्दैनन् ।
- ५९ प्रतिशतलाई रातमा पक्राउ गरिएको ।
- ८६ प्रतिशतलाई पक्राउ गर्नुको कारण नबताइएको ।
- ५८ प्रतिशतमाथि छाडा शब्द प्रयोग गरिएको, अपमानित गरिएको र पक्राउ गर्नुअघि र पछि डरधम्की देखाइएको ।
- २३ प्रतिशतलाई दुई वा सोभन्दा बढी दिनका लागि कालकोठरीमा राखेर केरकार गरिएको ।



प्यालेस्टिनी बालबालिकामाथि गरिएको क्रूर व्यवहारका अगणित र अकथनीय कथाहरू छन् । तीमध्ये एक अहमद मनास्रा हुन् । उनलाई १३ वर्षको उमेरमा २०१५ अक्टोबर १२ मा अतिक्रमित पूर्वी जेरुसेलमबाट पक्राउ गरिएको थियो । उनीमाथि दुई इजरायलीहरूमाथि छुरा प्रहार गरेको आरोप थियो । तीमध्ये योसेफ बेन-शालम २० वर्षीय सुरक्षा गार्ड थिए भने नाओर शालेभ बेन-इज्रा १३ वर्षीय किशोर थिए । नाओर शालेभ उपचारपछि बाँचेका थिए । सुरुमा इजरायली अदालतले अहमदलाई दोषी ठहऱ्यायो । तर पछि अदालतले आफ्नो फैसला उल्ट्याएर उनकै १५ वर्षीय दाजु हसन खालिद मनास्रालाई दोषी करार गऱ्यो । हसनलाई घटनास्थलमै गोली ठोकी मारिएको थियो । ती दुई इजरायलीको हत्यामा अहमदको हात रहेको वा उनले सघाएको एउटा पनि ठोस प्रमाण छैन । तर पनि उनले इजरायली कारागारमा साढे ९ वर्ष बिताइसकेका थिए ।

अहमद अहिले २१ वर्षका भए र अझै पनि कारागारमै छन् । उनलाई एक महिनादेखि कालकोठरीमा एक्लै राखिएको छ । पछिल्लो दुई वर्षको धेरै अवधि कालकोठरीमा बिताएका उनलाई गत सेप्टेम्बरमा मानसिक अस्पतालमा लगिएको एमनेस्टी इन्टरनेसनलका खलुद बादावीले बताए । इजरायली कारागार सेवाले अहमदको एकान्तबास अझै ६ महिना लम्ब्याउन सरकारसँग माग गरेको थियो । यो अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लङ्घन हो । खासमा १५ दिनभन्दा बढी समय कालकोठरीमा राख्न पाइन्न । कानुनअनुसार यातना, क्रूर व्यवहार, अमानवीय वा अपमानजनक व्यवहारमाथि रोक छ - खलुदले भने ।

खलुदले भने - अहमदको मुद्दा सुरु हुँदा 'छुरा प्रहार' को लहर जस्तो थियो । जवान प्यालेस्टिनीहरूमाथि इजरायली सैन्य चौकीमा छुरा लिएर पस्ने र तिनलाई इजरायली सैनिकले गोली ठोकी मार्ने खबर छ्यापछ्याप्ती आउँथ्यो । सोही बेला मैले यी हमलाबारे सोधखोज गरेको थिएँ । धेरैजसो त इजरायली सैनिकले भनेकै भरमा यस्ता आरोपहरू लाग्थे । उदाहरणको लागि २०१५ डिसेम्बर १७ मा हुवारा चौकीका केही इजरायली सिपाहीहरूले १५ वर्षका अब्दुल्लाह हुसेन अहमद नसास्रालाई गोली ठोकी मारे । प्रत्यक्षदर्शीका अनुसार ती किशोरको हात हावामा उचालिएको थियो । त्यति नै बेला उनलाई गोली हानिएको थियो । प्रत्यक्षदर्शीमध्ये एक नासेरले मलाई भने अनुसार उनको हातमा छुरा थिएन । बरु उनलाई मारेको नासेरले देखेका थिए । उनको हत्या भएलगत्तै एक एम्बुलेन्स चालक घटनास्थलमा आइपुगे । कमाल बाद्रान कबालन नाउँका ती चालकले अब्दुल्लाहको लास गाडीमा राख्न खोज्दा इजरायली सिपाहीहरूले रोके । उनीहरूले लास मात्र लिएनन्, त्यससँग जोडिएको कथा पनि आफै रचे ।

अर्को कथा हेब्रोन सहरका १२ वर्षीय अनास अल-अत्रासको हो । अनास र उनका भाइ इस्माइल जेरिचोमा एक हप्ता काम गरेर घर फर्किँदै थिए । उनीहरू चढेको गाडी तरकारी र फलफूलले भरिएको थियो । नाकामा इजरायली सिपाहीले गाडीबाट ओर्लिन भनेपछि अनास तल ओर्ले । यत्तिकैमा एक इजरायली सिपाहीले उनलाई गोली हानी माऱ्यो । भोलिपल्ट इजरायली मिडियाले इजरायली सैनिकलाई मार्न खोजेको हुनाले अनासको मृत्यु भएको समाचार लेखे । बेन इरेनराइख नामक एक पत्रकारले घटनाको गहिराइमा जाने प्रण गरे र उनी अनासको परिवारलाई भेट्न गए । परिवारले भन्यो - अनासलाई राजनीतिमा चासो थिएन बरु उनी लेखा विषय लिएर पढ्दै थिए र छिट्टै बिहे गर्ने सोचमा थिए । इजरायली सैनिक र गुप्तचरहरूले अनासका भाइ इस्माइललाई दाजुको हातमा छुरा थियो भनी मनाउन धेरै प्रयास गऱ्यो । तर, हतियार नै नभएपछि इस्माइलले स्वीकार्ने कुरा भएन । जे होस् अनासको विभत्स हत्या भयो । एक प्रत्यक्षदर्शीले इरेनराइखसँग भने - यो बर्बर देश हो, तिनीहरूसँग लाजसरम भन्ने केही छैन । उनलाई इजरायली सैनिकहरूबारे त्यसो भनेका थिए ।

इजरायली कब्जाको व्याकरण सिधा छ - प्यालेस्टिनी जनतालाई हिंसामा उत्रिने गरी दबाउने, त्यसपछि उनीहरू छुरा वा अन्य यस्तै हतियार लिएर हमला गर्न आउँछन् र त्यही निहुँमा प्यालेस्टिनीहरूलाई पशुझैँ लघार्ने र तिनको भूमिमा अवैध बस्ती बसाल्ने । गत अक्टोबर ७ पछिको घटनाक्रमले यो इजरायली नियमलाई पुष्टि गर्दै छ । अनास, अब्दुल्लाह र अहमद सबैको हकमा तिनले अपराध गरेको फर्जी कथा रचियो र त्यसलाई निहुँ बनाएर प्यालेस्टिनी घर भत्काउने र अवैध इजरायली बस्ती फैलाइयो । यो वास्तवमा सन् १९४८ कै नक्बा (विनाशलीला) को निरन्तरता हो ।

दश वर्षअघि मैले प्रोफेसर नादेरा शालहौब-केभोर्किनलाई भेटेको थिएँ । उनी जेरुसेलमस्थित हिब्रु विश्वविद्यालयमा पढाउँथिन् । उनको अध्ययनअनुसार इजरायलको कब्जाकारी नीतिका कारण प्यालेस्टिनीहरूले दैनिक हिंसा भोग्नुपर्छ । बाटोमा हिँड्दा होस् वा रातमा सुतिरहेको बिस्तरामा होस्, प्यालेस्टिनीहरू हिंसाको सिकार बन्नुपर्छ । उनले सन् २०१५ मा प्रकाशित गरेको पुस्तक 'सुरक्षा धर्म, निगरानी र त्रासको राजनीति' मा भयको उद्योगले कसरी काम गर्छ भनी प्रकाश पारिएको छ । प्यालेस्टिनीहरूलाई इजरायली बस्तीबासी र सैनिकहरूले हरेक दिन त्रासमा राख्छन् । दैनिक हिंसाकै रूपमा यो अगाडि बढेको छ । बच्चा जन्माउँदा होस् वा कोही मर्दापर्दा होस्, प्यालेस्टिनीहरूले दैनिक हिंसाको सामना गर्नुपर्छ । हिंसा र असुरक्षाको गहिराइ निकै ठूलो छ । लेखिका लेख्छिन् - यसकारण प्यालेस्टिनी महिलाहरू इजरायली सैनिकले 'घाँटी समाएको, सास थुनेको वा मुखमा कपडा कोचेको' जस्ता अत्याचारबारे खुलेर बोल्न सक्ने भएका हुन् । इजयराली सैनिकको यही हर्कतका कारण धेरै प्यालेस्टिनी बालबालिकाहरू बाँच्न रहर गर्दैनन् - लेखिका लेख्छिन् । प्यालेस्टिनी समाज रन्थनिएको छ । यसलाई शालहौब-केभोर्किन 'समाजसंहार' वा सामाजिक मृत्यु भन्छिन् ।

इजरायलले प्यालेस्टिनलाई कब्जामा लिएको ५० वर्ष नाघिसकेको छ । यसले गर्दा अनौठो परिस्थिति उत्पन्न भएको छ । इरेनराइख र शालहौब दुवैको अध्ययनले इजरायली पागलपनको झलक दिन्छ । शालहौब जेरुसेलममा बस्छिन् । उनले एउटा उदाहरण सुनाइन् - प्यालेस्टिनी महिलाहरूले टोलटोलमा समूह बनाएका हुन्छन् । प्रत्येक दिन ती समूहले छोराछोरीलाई पाठशाला पुऱ्याउँछन् किनभने इजरायली प्रहरी र बस्तीबासीहरूअघि उनीहरूलाई एक्लैदुक्लै छोड्नु खतरनाक हुन्छ । परिवारका अन्य सदस्य वा साथीहरूसँग पनि केटाकेटीहरू पाठशाला जान मान्दैनन् । ८ वर्षकी मराहले शालहौबसँग भनिन् - तिनीहरूले मलाई तर्साउँछन् ।

बालबालिकाले पाठशालामा चित्र कोर्छन् । तीमध्ये एउटा बालकले जोकरको चित्र बनायो । शालहौबले ९ वर्षको त्यो बालकसँग प्यालेस्टिनी जोकर कस्तो हुँदो रहेछ भनी सोधिन् । बालकले भन्यो - यो प्यालेस्टिनी जोकर हो र हाम्रो जोकर रुन्छ ।

सन् १९७७ मा पाकिस्तानमा सैनिक विद्रोह भयो । त्यसपछि पाकिस्तानी शायर फैज अहमद फैज बेरुत जानुभयो र त्यहाँ 'लोटस' नामक पत्रिका सम्पादन गर्न थाल्नुभयो । उहाँले प्यालेस्टिनीहरूको पीडा र सङ्घर्षको त्रासदीबारे लेख्नुभएको छ :
एउटा प्यालेस्टिनी मारिँदा
चहऱ्याउँछन् सयौँ घाउहरू

फैजले प्यालेस्टिनी बालबालिकाको लागि एउटा कविता पनि लेख्नुभयो । यो कविता सन् १९८२ मा इजरायलले लेबनानमाथि हमला गर्दाताकाको हो । यसमा प्यालेस्टिनी बालबालिकाले आज भोगिरहेकै पीडा पोखिएको छ । कविता यसप्रकार छ :

नरोऊ नानीबाबु,
तिमी आमा रुँदारुँदै सुतिन् ।
नरोऊ नानीबाबु,
तिम्रा बुबा पिल्सिँदापिल्सिँदै मरे ।
नरोऊ नानीबाबु,
तिम्रा दाजुभाइ परदेशमा छन् ।
तिम्रा दिदीबहिनी परदेश छन् ।
नरोऊ नानीबाबु,
मृत घाम पानीमा डुबिसकेको छ
र, जुन आँगनमा पुरिएको छ ।
नरोऊ नानीबाबु,
तिमी रोयौ भने
तिम्रा आमाबुबा, दाजुभाइ र दिदीबहिनी
र घाम र जुनले
तिमीलाई अझ रुवाउला ।
तर तिमी मुस्कायौ भने
सायद तिनीहरू एक दिन फर्केलान्
र तिमीसँगै खेल्लान् ।

***(एमआर अनलाइनबाट)***

# बाइडेनको हातमा रगत : संयुक्त राज्य अमेरिकाले गाजामा तार तानेको छ

✍ मोहम्मद हासिम

अमेरिकी राष्ट्रपति जो बाइडेनकी उपराष्ट्रपति कमला ह्यारिसले शनिबार दुबईमा आफ्नो पश्चिम एसिया भ्रमणको क्रममा बोल्दै अक्टोबर ७ देखि घेराबन्दीमा रहेको गाजापट्टीमा धेरै निर्दोष प्यालेस्टाइनीहरू मारिएका छन् भनिन् तर लगत्तै इजरायली शासनसँग ‘रक्षा गर्ने अधिकार’ छ भनेर जोड्न हतार गरिन् ।

अमेरिकी रक्षा सचिव लोयड अस्टिनले शनिबार क्यालिफोर्नियाको सिमी उपत्यकामा रेगन नेशनल डिफेन्स फोरमलाई सम्बोधन गर्दै इजरायलले प्यालेस्टिनी नागरिकहरूको सुरक्षा गर्ने ‘नैतिक जिम्मेवारी’ रहेको बताए र लगतै इजरायली शासनलाई अवैध नस्लवादी कब्जाविरुद्ध लड्नेहरूलाई मार्ने स्वतन्त्रता रहेको भनी नरसंहार गर्ने इजाजतपत्र पनि दिए ।

बाइडेन आफैँ यद्यपि उनी के भन्छन् कुनै ठेगान हुँदैन, हालैका हप्ताहरूमा आफूलाई सबैभन्दा सियोनिस्ट (यहुदीवादी) अमेरिकी राष्ट्रपतिको रूपमा प्रस्तुत गर्नका लागि बाल–हत्या गर्ने शासनको विरोध गर्ने कुनै शब्दहरू उच्चारण गरेका छैनन् ।




उनले अमेरिकी हतियार भण्डारमा शासनको पहुँचमा सबै प्रतिबन्ध हटाउने कदमलाई हरियो बत्ती देखाएका छन् । वाल स्ट्रिट जर्नलको शनिबारको एक रिपोर्टले पुष्टि गऱ्यो कि वाशिङ्गटनले प्यालेस्टिनीहरूविरुद्ध प्रयोग गर्न तेलअभिव शासनलाई ‘बङ्कर बस्टर’ बम र अन्य घातक हतियारहरू पठाएको छ ।

पश्चिम एसियाका लागि बाइडेनका राजदूत डेभिड सेटरफिल्डले गतहप्ता घेराबन्दी गरिएको गाँजा क्षेत्रका लागि ‘विरोध संयन्त्र’ को विचार लिएर आएका थिए । जसलाई उनले भनेका थिए कि शासनलाई संयुक्त राष्ट्र सङ्घका सहायताकर्मी र अन्य प्यालेस्टाइनीहरूबिचको भिन्नता छुट्ट्याउन सक्नेछ – मूलत: भने कि संयुक्त राष्ट्र सङ्घका अधिकारीहरूले मात्र ।

अमेरिकी विदेश सचिव एन्टोनी ब्लिन्केनले शुक्रबार तेलअभिवको आफ्नो द्रुत यात्राको क्रममा बोल्दै इजरायली शासनको तथाकथित ‘आत्मरक्षाको अधिकार’ को लागि वाशिङ्गटनको समर्थनलाई पुन: पुष्टि गरे र दक्षिणी गाजामा ‘ठूलो’ नागरिक क्षतिबाट बच्न आग्रह गरे । उनले उत्तरी गाजामा देखिएको ‘नागरिक जीवनको ठूलो क्षति र स्केलको विस्थापन’ दक्षिणी गाजामा दोहोरिनु हुँदैन, गाजामा हत्यारा अभियान जारी रहन सक्ने सुझाव दिए ।




संयुक्त राज्य अमेरिका र इजरायली शासन सधैँ आफ्नो घनिष्ठ सम्बन्धको बारेमा खुला छ, बाइडेन र उनको प्रशासन सैन्य, राजनीतिक र रणनीतिक ढङ्गले एक कदम अगाडि बढेको छ ।

शुक्रबार अस्थायी युद्धविरामको म्याद सकिएपछि र इजरायली शासनले आफ्नो अन्धाधुन्ध बमबारी पुन: सुरु गरेपछि, हमासको प्रतिरोधी आन्दोलनले गाजापट्टीमा बिग्रँदै गएको अवस्थाको लागि कसलाई दोषी ठहराउने भनेर स्पष्टरूपमा बताएको छ, जहाँ मानवीय सङ्कट द्रुत रूपमा बिग्रँदै छ ।

“अमेरिकी प्रशासन र राष्ट्रपति बाइडेनले गाजापट्टीमा सियोनिस्ट (यहुदीवादी) युद्ध अपराधको निरन्तरताको लागि पूर्ण जिम्मेवारी वहन गरेको छ । यसको लागि उनीहरूको पूर्ण समर्थनपछि र उनीहरूले आफ्नो विदेशमन्त्री एन्टोनी ब्लिन्केनको भ्रमणपछि फेरि एक पटक हरियो बत्ती देखाए ।” हमासको विज्ञप्तिमा उल्लेख छ ।

आक्रमणको पुन: सुरुआत ब्लिन्केनले इजरायलद्वारा कब्जा गरिएका क्षेत्रहरूको भ्रमण गरेको एक दिनपछि आएको हो ।

प्यालेस्टाइनको मुक्तिको लागि लोकप्रिय मोर्चाले पनि अमेरिकी सरकार र बाइडेनलाई ‘गाजापट्टीमा नवीकरण गरिएको सियोनिस्ट ( इजरायली) आक्रमणको लागि पूर्ण रूपमा जिम्मेवार’ ठहराएको छ ।

यस नाटकको वास्तविक खलनायक संरा अमेरिका हो, जुन प्यालेस्टाइनी प्रतिरोधलाई हटाउन र प्यालेस्टिनीहरूलाई विस्थापित गर्न लागिपरेको छ भन्ने कुरा अहिले झन बढ्दै गएको छ – तर संरा अमेरिकाले कुनै वास्ता गरेको देखिएन ।

अक्टोबरमा वाशिङ्गटन र यसका केही पिछलग्गु राज्यहरूले संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्मा गाजामा मानवीय युद्धविरामको लागि आह्वान गर्ने प्रस्तावको विरोध गरेपछि यो स्पष्ट भयो ।

त्यस समयमा युद्धविरामको विरोध गरेर अमेरिकी शासकहरूले अनिवार्यरूपमा सघन जनसङ्ख्या भएको आवासीय क्षेत्रहरू, शरणार्थी शिविरहरू, अस्पतालहरू, विद्यालयहरू र अन्य नागरिक सुविधाहरूमा इजरायलको भीषण आक्रमणलाई सहयोग पुऱ्याइरहेका छन् ।

अक्टोबरको अन्तमा बाइडेनको तेलअभिव भ्रमणको पूर्वसन्ध्यामा इजरायली युद्धक विमानले उत्तरी गाजाको एउटा अस्पतालमा आक्रमण गऱ्यो, जसले ५०० भन्दा बढी मानिसहरूलाई एकै विष्फोटमा हत्या गऱ्यो, जसमध्ये अधिकांश बालबालिका र महिलाहरू थिए । नरसंहारको निन्दा गर्नुको सट्टा सियोनिस्ट–अमेरिकी राष्ट्रपतिले शैतान (इजरायल) को पक्षमा वकालत गरे ।

इरानको इस्लामिक क्रान्तिका नेता अयातुल्ला सेयद अली खामेनीले हालैका हप्ताहरूमा आफ्ना भाषणहरूमा बारम्बार गाजामा भएको नरसंहारको वास्तविक मास्टरमाइन्ड संरा अमेरिका हो भनी दोहोऱ्याएका छन् । “वास्तवमा, यो संरा अमेरिका हो जसले कुनै न कुनै रूपमा गाजामा भइरहेको अपराधको व्यवस्थापन गरिरहेको छ । अमेरिकाले इजरायली अस्त्रखानाको व्यवस्थापन गरिरहेको छ”, आयतोल्लाह खामेनीले अक्टोबरमा भने । इरानका राष्ट्रपति इब्राहिम राइसी र विदेशमन्त्री होसेन अमीर–अब्दुल्लाहियानले पनि गाजामा भइरहेको घटनामा अमेरिकाको प्रत्यक्ष संलग्नताको अन्तर्राष्ट्रिय समुदायलाई बारम्बार सम्झाएका छन् ।

इराकी प्रधानमन्त्री मोहम्मद शिया अल–सुदानीसँगको संयुक्त पत्रकार सम्मेलनमा राइसीले गत महिना इराकी प्रधानमन्त्री मोहम्मद शिया अल–सुदानीसँगको संयुक्त पत्रकार सम्मेलनमा भने, “यहुदीवादी शासनलाई संरा अमेरिकाबाट आएको सहायताले उनीहरूलाई प्यालेस्टाइनी जनताको विरुद्धमा बेवास्ता गर्ने र क्रूर कार्यहरू गर्न उत्प्रेरित गरिरहेको छ ।”

हालैका हप्ताहरूमा इराकी प्रतिरोधी समूहहरूले यस क्षेत्रमा अमेरिकी सैन्य अखडाहरूविरुद्ध आफ्नो कारबाही तीव्र बनाएको तथ्य यो हो कि प्यालेस्टाइनको मुक्ति अमेरिकी सेनाको निष्कासनबाट सुरु हुन्छ ।

तेलअभिवको अवैध शासन (इजरायल) संरा अमेरिकाले प्रदान गरेको जीवन समर्थनबिना बाँच्न सक्दैन र अमेरिकीहरूले प्लग तान्दा गाजामा यसको आक्रामकता टिक्न सक्दैन ।

*(लेखक मोहम्मद हासिम पश्चिम एसियामा केन्द्रित राजनीतिक र मिडिया विश्लेषक हुनुहुन्छ ।)*

***–प्रेस टिभी अनलाइन विचार***

# कलाकृतिहरू फिर्ता गर्न अस्वीकार गर्ने बेलायत अझै आफ्नो औपनिवेशिक मानसिकतामा !

✍ मार्क ब्ल्याकलक

ब्रिटिस सङ्ग्रहालयमा राखिएका र प्रदर्शन गरिएका कलाकृति र पुरातात्त्विक सम्पदाहरूलाई तिनीहरूको भूमिमा फिर्ता नगर्ने पक्षमा तर्क प्रस्तुत गर्न त सम्भव छ । तर, तपाईंले अर्को पक्ष सुन्नुभयो भने तिनीहरूलाई रोकिराख्न मिल्दैन । स्वदेश फिर्ताको पक्षमा एउटा तर्क जसले अत्यधिक बयानबाजी सन्तुलनलाई सुझाउँछ । एकदम सरल छ : ती वस्तुहरू बेलायतका होइनन्, बेलायतसित सम्बन्धित होइनन् ।

विगत ६० वर्षदेखि ब्रिटिस सङ्ग्रहालयले कलाकृतिलाई तिनीहरूको देशमा फिर्ता गर्न निषेध गरेको छ, चाहे तिनीहरू जे–जसरी लुटिए वा दुरूपयोग गरिए पनि । यही कारणले गर्दा सङ्ग्रहालयका ट्रस्टीहरूले चिनियाँ कलाकृति वा अन्य राष्ट्रहरूजस्तै ग्रीसका कलाकृतिहरूलाई पनि फिर्ता गर्न अस्वीकार गरेका छन् ।

तिनीहरूको तर्क छ– त्यस्ता वस्तुहरू कानुनीरूपमा तिनीहरूको हो र लन्डनमा राखिएको खण्डमा सुरक्षित हुनेछ । (एक कर्मचारीले सङ्ग्रहालयको सङ्ग्रहबाट सुनका वस्तुहरू र अर्ध–बहुमूल्य चट्टानहरूसहित – लगभग २,००० वस्तुहरू – कालोबजारमा बेचेको आरोप लगाइएको बेलामा यो तर्क कमजोर देखिएको छ ।)

जब विश्वको जमिनको एकचौथाइ भाग ह्वाइटहल (बेलायती प्रधानमन्त्रीको कार्यालय) बाट शासन गरिएको समयको आफ्नो साम्राज्यको बितेको युगमा बेलायतको अकर्मण्यता र अहङ्कारी संलग्नताले बेलायत र ग्रीसबिच एक अस्पष्ट कूटनीतिक विवाद सिर्जना गऱ्यो ।

जब ब्रिटिस साम्राज्यले आफ्नो उचाइमा ४५ करोड ८० लाख मानिसलाई जित्यो, उपनिवेश बनायो र वशमा पार्यो, उसले ट्रफीको रूपमा अन्य संस्कृतिका पुरातन वस्तुहरू चोरी गरी आफ्नो देशमा ल्याउन पूर्णरूपमा स्वीकार्य मानिन्थ्यो । यद्यपि, ग्रीस कहिल्यै ब्रिटिस साम्राज्यको हिस्सा थिएन, यो अटोमनहरूको अधीनमा थियो र तिनीहरूबाट नै १८०१ मा ग्रीसका लागि बेलायती राजदूतले उनलाई पार्थेननबाट पुरातन वस्तुहरू लिन अनुमति दिइएको बताए । ग्रीकहरूलाई तिनीहरू के चाहन्छन् भनेर कसैले सोधेनन् । जर्जियन इङ्ल्यान्डमा पनि अधिग्रहण विवादास्पद थियो, केहीले बेलायती कूटनीतिज्ञहरूमाथि समेत सांस्कृतिक तोडफोडको आरोप लगाएको थियो । यद्यपि, देशको अभिजातवर्ग संसद्को रूपमा तिनीहरूको रक्षामा वरिपरि गोलबन्द भए र तिनीहरूको कार्यलाई वैध घोषित गरियो ।

स्मरणहोस् कि ग्रीसले १९ औं शताब्दीको प्रारम्भमा एक्रोपोलिसबाट लिइएको चट्टानमा कुँडिएको नक्काशी एथेन्सको हो भनेर पुस्तादेखि जोड दिइरहेको छ । बेलायतमा, जहाँ तिनीहरू १८०३ देखिरहेका छन्, तिनीहरूलाई एल्गिन मार्बल भनिन्छ, त्यो नाम उडाएर ल्याउने ब्रिटिस मालिकको नाममा राखिएको थियो । अर्कोतर्फ, ग्रीकहरूले तिनीहरूलाई पार्थेनन मार्बल भनिन्छ, शास्त्रीय पुरातात्त्विक साइटपछि जहाँ तिनीहरू ब्रिटिसहरूले तिनीहरूलाई भत्काउनु अघि दुई सहस्राब्दीभन्दा बढी समयसम्म सुरक्षितरूपमा रहेका थिए ।

ग्रीसका प्रधानमन्त्री किरियाकोस मित्सोटाकिस आफ्ना बेलायती समकक्षी ऋषि सुनकसँगको पूर्वनियोजित बैठकअघि सप्ताहन्तमा बेलायत आइपुगेका छन् । युक्रेन युद्ध, मध्यपूर्व सङ्कट र जलवायु परिवर्तनजस्ता विषयहरू एजेन्डामा रहेको बताइएको छ । पार्थेनन मार्बलहरूको विषय पनि उठ्ने अपेक्षा गरिएको थियो ।




आइतबार, मित्सोटाकिसले बीबीसी टेलिभिजनमा अन्तर्वार्ता दिँदै आफ्नो देशको लामो समयदेखिको अडानलाई दोहोऱ्याए कि ब्रिटिस म्युजियममा रहेका मार्बलहरू हाल एथेन्सको एक्रोपोलिस सङ्ग्रहालयमा रहेको फ्रिजको अर्को आधासँग पुन: मिलाउनुपर्छ । उनले भने, “आधा बेलायत छोड्नु भनेको मोनालिसालाई आधा काट्नुजस्तै हो ।” ग्रीसको लागि मार्बलहरू स्वामित्वभन्दा बढी महत्त्वपूर्ण छन्, तिनीहरू पाँचौं शताब्दीको एथेन्समा उनीहरूको प्रख्यात अग्रजहरू र विशाल राष्ट्रिय गौरवको प्रतीकको सीधा सम्बन्ध हुन् ।

बेलायत आफ्नो ऐतिहासिक डकैतीको बारेमा कतिको संवेदनशील छ भन्ने कुरा ग्रीक प्रधानमन्त्रीको टिप्पणीबाट ‘रिसाएको’ सुनकको जङ्गली असमान प्रतिक्रियाबाट प्रकट भयो । सुनकले दुवै देशका प्रम मिलेर लामो समयदेखि योजना बनाएको भेटवार्तालाई रद्द गरे । मङ्गलबार खाजाको लागि निर्धारित ४५ मिनेटको बैठकअघि, बेलायतीहरूले यसलाई रद्द गरे । मित्सोटाकिस मार्बल वा एजेन्डामा अन्य कुनै कुरामा छलफल नगरी आफ्नो देशतर्फ उडे । सुनकले किन यस्तो घमण्ड गरे भन्ने कुरामा धेरैजसो मानिसहरू हैरान छन् ।

दुर्भाग्यवश, बेलायतसँग अन्य देशका सम्पदा वस्तुहरू कुम्ल्याउने प्रवृत्तिको अभिलेख रेकर्ड छ, चीनलाई राम्रोसँग थाहा छ । अगस्टमा, पेइचिङको मामलामा, अनुचित तरिकाले अधिग्रहण गरिएका लगभग २३,००० चिनियाँ राष्ट्रिय सम्पदाहरू पेइचिङको मामलामा ब्रिटिस सङ्ग्रहालयले आफ्नो सङ्ग्रहबाट कलाकृतिहरू फिर्ता गर्न माग गर्ने राष्ट्रहरूको बढ्दो सूचीमा चीन सामेल भयो । चिनियाँ अनुरोधलाई पनि ग्रीकहरूलाई दिइएको जस्तै प्रतिक्रिया मिल्यो – कि १९६३ को ब्रिटिस सङ्ग्रहालय ऐनले कुनै पनि वस्तु फिर्ता गर्न निषेध गर्दछ, जबसम्म ती वस्तु दोहोरिएको, क्षतिग्रस्त भएको र सार्वजनिक चासोको हुँदैन । यद्यपि, ती कानुन ती कलाकृतिलाई बेलायतमै राख्नको लागि योजनाबद्ध तवरले निर्माण गरिएको थियो जुन स्पष्टरूपमा बेलायतसँग सम्बन्धित छैन र सायद भविष्यमा एक उचित सरकारले – एकपटक यसको प्रधानमन्त्री शान्त भएपछि – न्याय गर्न अनुमति दिने नयाँ कानुनहरू निर्माण गर्नेबारे विचार गर्न सक्छ ।

ब्रिटिस सङ्ग्रहालय र बेलायत सरकार दुवै दाबी गर्छन् कि कलाकृतिहरू वैधरूपमा अधिग्रहण गरिएको थियो र कानुनीरूपमा स्वामित्वमा छ । उनीहरूले यहाँ कानुनलाई ओभरराइडिङ मुद्दा होइन भनेर देख्न सकेनन् । यो नैतिक मुद्दा हो । यो सही काम गर्नेबारे हो ।

सानो बच्चा आरामयुक्त कम्बलमा गुट्मुटिएजस्तै बेलायत अझै आफ्नो औपनिवेशिक विगतमा टाँसिएको छ । धेरैले बेलायतको औपनिवेशिक विरासतलाई शोषणको रूपमा नभई बेलायतलाई वास्तवमै ‘महान्’ भन्न सकिने विगतको सम्झनाको रूपमा हेर्छन् । उनीहरूले यो बिन्दुमा विश्वास गुमाउँछन् कि न्याय, वैधताको सट्टा, यहाँ मुद्दा हो – गल्ती स्वीकारसँगै पुन:स्थापना र न्यायको । चोरिएका वा हडपिएका कलाकृतिहरू फिर्ता गर्नु साम्राज्यको गल्तीको लागि माफी माग्ने तरिका हुनेछ, त्यसो गर्न असफल भएमा पुराना विचारहरूलाई स्थायी बनाउनुजस्तै हुन्छ, जसले ब्रिटिस सङ्ग्रहालयजस्ता ठाउँहरूलाई ८० लाख वस्तुहरूको यस्तो शानदार सङ्ग्रह निर्माण गर्न सक्षम बनाएको छ – जसमध्ये धेरै पुरातन सभ्यताहरूबाट आएका छन् र ती बेलायतसित सम्बन्धित होइनन् ।

*(लेखक बेलायतमा बसोबास गर्ने पत्रकार तथा व्याख्याता हुन् ।)*

***– ‘ग्लोबल टाइम्स’ बाट***
***अनुवाद : प्रकाश***

सन्दर्भ : मानवअधिकार दिवस

# मानवअधिकार, युद्ध र शान्ति



✍ रामप्रसाद प्रजापति

**विश्वव्यापी घोषणापत्र**

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ जारी भएको ७५ वर्षगाठको अवसरमा हरेक वर्षझैं डिसेम्बर १० का दिन स्वतन्त्रता, समानता र सबैका लागि न्याय भन्ने मूल नाराका साथ मानवअधिकार दिवस मनाइँदै छ ।

मान्छेको बाँच्न पाउने अधिकार मानवअधिकारको सबैभन्दा महत्त्वपूर्ण अधिकार हो । मान्छे बाँच्न पाएन भने स्वतन्त्रता, समानता र न्यायजस्ता आधारभूत अधिकार व्यर्थ हुन्छ । त्यसैले विश्व शान्तिको कामना गर्दै मानव अधिकार दिवसलाई सार्थक बनाउनु जरुरी छ ।

तर यो वर्ष मानवअधिकार दिवसकै दिन पनि युद्ध जारी हुनु संसारका मानवअधिकारवादी तथा मानवअधिकारका हिमायतीहरूका लागि विडम्बना र लज्जाको विषय हो ।

**संरा अमेरिका नै युद्ध सरदार हो**

हो, इजरायली सेनाले प्यालेस्टाइनविरुद्ध मानव हत्याको युद्ध छेडेको करिब २ महिना हुँदै छ । इजरायली सेनाले प्यालेस्टाइनी भूमि गाँजामा निरन्तरको आक्रमणबाट १६ हजार पाँच सयभन्दा बढी प्यालेस्टाइनीहरूको हत्या गरिसकेका छन् । मानव हत्या अझै जारी छ ।

युद्धको नाममा ६ हजार ६ सयभन्दा बढी बालबालिकाहरू, ४ हजार ३ सयभन्दा बढी महिलाहरू र ७ सयभन्दा बढी ज्येष्ठ नागरिकहरूको आमहत्या र ४१ हजारभन्दा बढी घाइतेहरूको हत्याका दोषी इजरायली नेता नेतन्याहु र युद्धलाई आगोमा घ्यू थपेझैं बढावा दिने अमेरिकी सरकार र जो बाइडेन यसका लागि जिम्मेवार रहेको र युद्ध अपराधी भएको विश्वका व्यापक मानवअधिकारकर्मीहरूको भनाइ रहेको छ ।

इजरायली पक्षले युद्धका नियमसमेत पालना नगरी सैन्य क्षेत्रबाहेकका युद्धका नियमले हमला र आक्रमण गर्न नमिल्ने स्थानहरू जस्तै अस्पताल, शैक्षिक संस्था, आम जनताको बाक्लो बस्ती रहेका स्थानहरूमा निरन्तर बमबारी गरी स्वास्थ्यकर्मी, पत्रकार, शिक्षकलगायतका निहत्था मानिसहरूको ज्यान लिइरहेका छन् ।

इजरायली सेनाले अस्पताल र स्वास्थ्य केन्द्रहरूलाई लक्षित गरी गरेको हमलाबाट ५६ वटा स्वास्थ्य सुविधाहरू नचल्ने गरी ध्वस्त भएका छन् । २० वटा अस्पतालहरू ध्वस्त बनाएका छन् भने ४६ वटा स्वास्थ्य केन्द्रहरू सञ्चालन नहुने गरी ध्वस्त भएका छन् । जसमा २ सय ८१ जना स्वास्थ्यकर्मीहरू मारिएका छन् ।

युद्धका कारण आवश्यक आधारभूत सामग्रीहरूको आपूर्तिसमेत हुन नसक्दा, उचित स्वास्थ्य उपचार नपाउँदा युद्धमा मारिएकाभन्दा बढी मानिसहरू खाना, पानी नपाएर तथा उचित स्वास्थ्य उपचार नपाएर धेरैको मर्ने सम्भावना बढेको बताइन्छ ।

इजरायली युद्धमा १० जना नेपाली विद्यार्थीहरूको समेत ज्यान गयो । तर, युद्धको विरोधमा नेपाल सरकार र मानवअधिकारवादी सङ्घ संस्थाहरूको आवाज फिनो सुनियो ।

अधिकांश मानिसहरूमा इजरायल र प्यालेस्टाइन विवादको आधारभूत तथ्यहरूमै भ्रम रहेको देखियो । संयुक्त राष्ट्र सङ्घको एउटा बैठकमा संरा अमेरिका र इजरायल एकातर्फ रहे भने बाँकी सारा विश्व अर्को तर्फ हुने गरी मत विभाजन हुँदा समेत इजरायल र संरा अमेरिका निर्लज्जतापूर्वक बर्बर युद्ध गर्दै छन् । इजरायलले प्यालेस्टाइनी भूमिमा खसालेका बमहरू संरा अमेरिकामा बनेको पुष्टि हुँदा समेत जो बाइडेनलगायतका युद्ध सरदारहरू झूटमाथि झूटको प्रचार गर्न थाकेका छैनन् र मानवताविरुद्धको युद्ध छेड्दै हतियारको व्यापार गर्दै छन् ।

जबसम्म संरा अमेरिकाको दादागिरीको अन्त्य हुँदैन, विश्व शान्ति, मानवअधिकार, हरेक मान्छेले समानता र स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूति हुने सम्भावना देखिँन्न । तर संरा अमेरिका नै आफूलाई संसारको मानव अधिकारको रक्षक रहेको भ्रम फैलाइरहेको हामी पाउँछौं ।

विश्व शान्तिको नारालाई भ्रमित पार्दै इराक, सिरिया, युक्रेन, इजरायल युद्ध जस्ता मानवताविरोधी युद्ध गर्न गराउन हतियारको व्यापार गर्ने संरा अमेरिका नै युद्धका सरदार हुन् भन्दा फरक नपर्ला ।

यो वर्षको नोभेम्बरमा पृथ्वीमा १ दसमलब ५ डिग्री सेल्सियस तामक्रम बढेको बताइन्छ । विविध कारणहरूमध्ये यस वर्ष भएको युक्रेन युद्ध र इजरायलले प्यालेस्टाइनी जनताविरुद्ध गरेको युद्धमा प्रयोग गरेको बमबारी तामक्रम बढ्नुको प्रमुख कारण भएको बताइन्छ ।

**नेपालमा संरा अमेरिका**

नेपालमा पनि संरा अमेरिकाले आफ्नो प्रभाव र दबाब बढाएको हामी अनुभव गर्दै छौं जुन नेपाल र नेपाली जनताको हितमा देखिँदैन ।

संरा अमेरिकी सरकार जसले नेपाल सरकारको अहिले नेतृत्व गरिरहेका प्रचण्डलगायतका माओवादी नेताहरूलाई आफ्नो देश प्रवेशमा प्रतिबन्ध गरेका थिए आज ऊनै प्रचण्ड अमेरिका पुगी संयुक्त राष्ट्र सङ्घमा मानव अधिकारको भाषण गर्न पाएका छन् किनभने उनले नेपाल र नेपाली जनताको हितका लागि होइन, संरा अमेरिकाले सन् २००१ देखि बुनेको सैन्य सङ्गठनको योजनाबमोजिम नेपालमा पनि एमसीसी र एसपीपी लागु गराउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

योजना कार्यान्वयनको क्रममा जुनसुकै किसिमले नेपालीको मृत्यु भएमा पनि नेपालमा मुद्दा नलाग्ने, अमेरिकी कानुन लागु अर्थात् एमसीसी सम्झौता लागु हुने गरी देशघाती एमसीसी सम्झौता पारित गर्दै एसपीपी अर्थात् सैन्य सहकार्यसम्बन्धी सम्झौता पनि पारित गर्ने योजना छ ।

नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न आएका प्रायः सबै चाइनिज लगानीकर्ताहरू फर्किसकेको, त्यसको स्थानमा भारतीय कम्पनीहरूलाई देशहितविपरीत देशका महत्त्वपूर्ण एवं ठूलठूला नदीनालाहरूमा जलविद्युत् योजनाको जिम्मा दिइएको, भारतीय सरकारले आफूसँग विद्युत् व्यापारसम्बन्धी सम्झौता नगर्ने पक्षसँग विद्युत् खरिद बिक्रीको कारोबार नगर्ने भनेपछि नेपाल सरकारले बाध्य भई भारतलाई उनले तोकेको मूल्यमा विद्युत् बिक्री गर्न बाध्य हुनुका साथै संरा अमेरिकी परियोजना एमसीसीले निर्माण गरिने विद्युत् प्रशारण लाइनबाट नेपालमा उत्पादित विद्युत् सिधै भारत निर्यात गर्ने हुँदा एमसीसी परियोजनाबाट निर्माण हुने प्रशारण लाइन नेपाल र नेपाली जनताको लागि कुनै काम नलाग्ने, नेपाली जनताले एउटा बिजुलीको बत्ती पनि बाल्न नपाउने देशघाती सम्झौता रहेको विज्ञहरू बताउँछन् ।

**सङ्क्रमणकालीन न्याय**

मानवअधिकार दिवसको सन्दर्भमा नेपालमा अहिले पनि सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनको चर्चा चल्ने गरेको छ ।

देशमा माओवादी द्वन्द्वका नाममा भए गरेका अपराध पीडितका लागि लक्षित गरि बनेको कानुनले न्याय पाएको अनुभूति पीडितहरूले गरिरहेका छैनन् । जो त्यसबेलाका पीडक हुन् ऊ नै अहिले सत्ता र सरकारमा छन् । सायद त्यसैले पनि सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन संशोधन गर्न कठिन र सकसको अवस्था विद्यमान छ ।

नेपाल सरकार र माओवादीबिच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको गत मङ्सिर ५ गते १७ वर्ष पुगेको छ । तर, सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन सकेको छैन । सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउन गठित आयोगहरूले पनि आठ वर्ष बिताए तर पीडितमा न्यायको आशा जगाउन सकेको छैन । यसलाई विज्ञहरूले शासकीय बेइमानी भनेका छन् ।

द्वन्द्वकालीन हत्या, हिंसा, बलात्कार, डकैतीलगायतका आपराधिक क्रियाकलापमा संलग्नहरूविरुद्ध मुद्दा चलाई पीडितहरूलाई न्याय दिलाउन सकेको अवस्था छैन ।

सरकारले राष्ट्रिय कानुन निर्माण र गम्भीर अपराधहरूको अनुसन्धान र अभियोजन गर्न इच्छा नदेखाउँदा अन्तर्राष्ट्रिय चासोसमेत बढेको छ ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक १६ महिनादेखि प्रतिनिधिसभामा विचाराधीन छ । यस्ता महत्त्वपूर्ण विधेयक कहिले र कसरी संशोधन हुन्छ कुनै टुङ्गो छैन ।

मानव अधिकारको गम्भीर उल्लङ्घनमा समावेश गरिएका स्वेच्छाचारीरूपमा क्रुरतापूर्वक गरिएको हत्या, दोहोरो भिडन्तबाहेक गरिएको हत्यामध्ये कुनलाई समावेश गर्ने ? भन्ने प्रश्नको टुङ्गो लगाउन सकेको छैन ।

त्यस्तै सशस्त्र द्वन्द्वको क्रममा जोडिएका र प्रभावित व्यक्तिलाई कसरी सम्बोधन गर्ने ? मानवअधिकार उल्लङ्घनमा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभए के गर्ने ? आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोक्ने ? जस्ता प्रश्नहरू विचाराधीन रहेको देखिन्छ ।



प्रतिनिधिसभाले गत एक वर्षमा एउटा मात्रै कानुन निर्माण गरी आफूलाई पङ्गु सावित गरेको छ ।

कृषिप्रधान देशमा समयमा कृषि कर्मका लागि अतिआवश्यक रासायनिक मलगायत बिउबिजन सहज र सरलरूपमा उपलब्ध गराउन नेपाल सरकार दशकौंदेखि असफल सावित हुँदै गरेको छ । खेत खलियानहरू बाँझै छ, देशमा रोजगारी नपाएपछि ७० लाखभन्दा बढी युवाहरू अध्ययन र रोजगारीका नाउँमा विदेसिन बाध्य भएका छन् ।

सुन तस्करीका कुरा छताछुल्ल छ, देशका हरेक क्षेत्र कृषि, बजार, आपूर्ति, शिक्षा, स्वास्थ्य उपचार, न्याय र समानतालगायतका आधारभूत मानव अधिकारसँग सम्बन्धित क्षेत्रहरू तस्कर, बिचौलिया, दलाल पुँजीपति र आपराधिक गिरोहको हातमा रहेको महसुस व्यापक जनता गर्दै छन् ।

यस्ता मान्छेको बाँच्ने आधारभूत अधिकारको लागि अति आवश्यक कुराहरूको वातावरण तयार गर्न नसक्नु पनि मानवअधिकारको उल्लङ्घन नै हो । यसतर्फ सम्बन्धित सबैको यथोचित ध्यान दिनु अति जरुरी छ ।

## नदीनालाबाट पर्याप्त बिजुली उत्पादन गरेर नेपालीलाई सस्तोमा बिजुली दिनु जरूरी

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा तलेजु बचत तथा ऋण सहकारी संस्थाको सोऱ्हौं साधारणसभा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा सांसद सुवालले बचत तथा ऋण सहकारी संस्थाहरूले किसानहरूको हितमा मल, बिउबिजन, उपकरण, सिंचाइलाई प्राथमिकतामा राखेर कार्यक्रम अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, “बहुदल र गणतन्त्रको ३४ वर्षयताका सरकारहरू गतिला नहुँदा दाल, चामल, तरकारीसमेत भारतबाट किनेर खानुपर्ने अवस्था भयो । भारतले प्याज निर्यात रोकेपछि नेपालीलाई दुःख भयो । खाद्यान्न र तरकारीसमेत भारतमा निर्भर भएपछि नेपाली भोकै पर्नेछन् ।”

भारतीय विदेशमन्त्री नेपाल आउने र १० हजार मेघावाटको बिजुली बिक्रीसम्बन्धी समझदारी हुने समाचार नेपालीको हितमा नहुने स्पष्ट पार्दै सांसद सुवालले भारतबाट कोइला, खाना पकाउने ग्यास, पेट्रोल, डिजेल, मट्टीतेल आयात गर्नुभन्दा नेपालको नदीनालाबाट बिजुली उत्पादन गरेर नेपालीलाई खाना पकाउन, उद्योग चलाउन, कृषिको लागि सिंचाइ गर्न सस्तोमा बिजुली दिनु जरुरी रहेको बताउनुभयो ।

आयात हुने आलु–प्याजमा सरकारले भ्याट लाग्ने भने पनि अहिले नेपाली किसानको खेतीबाट उत्पादित आलुमा समेत भ्याट लगाउनु सरकारको त्रुटि भएको उहाँले बताउनुभयो ।

सांसद सुवालले भन्नुभयो, “चिसो मौसमसँगै नेपालको नदीमा पानीको बहाव कम भयो र बिजुली उत्पादन घट्यो । भारतबाट महँगोमा बिजुली खरिद सुरु भयो । जलस्रोतको धनी र कृषिप्रधान देशमा बिजुली र खाद्यान्न विदेशीसँग किन्नुपर्ने अवस्था हुँदा प्रधानमन्त्रीलाई लाजसरम लागेन ।”

सरकारले ब्याज घटाउने र कर्जा प्रवाह बढाउने दाबी गरे पनि सामान्य जनताको जीवनमा सकारात्मक असर पर्ने छैन किनभने ४८ खर्ब ऋण प्रवाहमध्ये ४७ खर्ब आर्थिक अपराधीहरूले पाएको र मात्र १ खर्ब ९ अर्बमात्र घरेलु तथा साना उद्योगीहरूले पाएका छन् । उद्योग र व्यापारको लागि प्रवाह भएको कर्जा शेयर कारोबार र जग्गा खरिदमा बढी लगानी भएको सरकारले नै बताएको छ, उहाँले भन्नुभयो ।

आठ वर्ष अगाडि नै १ खर्ब ४३ करोडमा कारोबार भएको एनसेल अहिले ६ अर्ब ६५ करोडमा कारोबार भएको र अर्बौं अर्ब रुपैयाँ पुँजीगत लाभकर मिलेमतोमा भ्रष्टाचार भएको सार्वजनिक भएको जानकारी दिँदै सांसद सुवालले सरकारका निकायहरू एकले अर्कोलाई आरोप लगाई दोषीलाई उम्काउने तयार गर्दै छन् भन्नुभयो ।

उहाँले भन्नुभयो, “पुँजीवादी व्यवस्थाका अङ्गहरू देशभक्तिमा पनि नाफा खान्छन् । नेपालमा अहिले यस्तै भइरहेको छ । समाज विकासको उत्कृष्ट उपलब्धि समाजवाद नै हो । सरकारको नेतृत्वमा उत्पादन र वितरण हुने समाजवादमा मात्र भोक र रोगको समाधान हुनेछ ।”

भक्तपुर विकास परियोजनाले ढल निकास उपचार पोखरी व्यवस्था गरेको सफल नहुँदा हनुमन्ते खोला र खासाङ खुसुङ खोला ढलमा ढल बगिरहेकोले यसलाई सुधार गर्नु जरुरी रहेको उहाँले बताउनुभयो ।

सांसद सुवालले भन्नुभयो, “सहरलाई सफा-स्वच्छ, संस्कृतिको नगर र पर्यटकीय गन्तव्य बनाउन भक्तपुर नगरपालिकाले ख्वप कलेजहरू सञ्चालन गरेको हो । तर, सरकारमा गएका प्रधानमन्त्री र मन्त्रीहरू साम्प्रदायिक विचारका हुँदा ख्वप विश्वविद्यालयको विधेयक ८-१० वर्ष भयो, पारित भएन ।”

कार्यक्रममा भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोरा, मित्र सहकारीका प्रतिनिधिहरू जगन्नाथ प्रजापति, राजन जतिले पनि बोल्नुभएको थियो ।

सभाले कमलनारायण धुख्वाको अध्यक्षतामा नयाँ कार्य समिति र राजु शिल्पकारको संयोजकत्वमा लेखा सुपरिवेक्षण समिति निर्विरोध निर्वाचित गरेको छ ।

## नेक्राविसङ्घ स्थापना दिवसको अवसरमा अग्रजसँग अन्तरसंवाद

काठमाडौं । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको स्थापना दिवस (मङ्सिर २२) को अवसरमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ केन्द्रीय समितिको आयोजनामा अग्रजसँग अन्तरसंवाद कार्यक्रम शनिबार सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीले नेतृत्व गर्दै आएको बाली काट्ने आन्दोलनदेखि पार्टीमा योगदान पुऱ्याउनुभएका कान्छा बासुकलाले तत्कालीन अनेरास्ववियुमा आबद्ध विद्यार्थीको समूह राजाकहाँ गएर सहयोग मागी सङ्गठन चलाउने र आत्मसमर्पण गर्ने जस्ता चौसीवादी प्रवृत्ति देखाएकोले अग्रजहरूले त्यस प्रवृत्तिविरुद्ध आवाज उठाउँदै नेक्राविसङ्घ स्थापना गरेको बताउनुभयो ।

नेक्राविसङ्घ देश र जनताको पक्षमा विभिन्न आन्दोलन गर्ने सङ्गठन भएको उल्लेख गर्दै उहाँले नेक्राविसङ्घले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरूमा आवाज उठाउँदै आएको छ भन्नुभयो ।

वि.सं. २०२५ मङ्सिर २२ गते नेपालको सुस्तामा भारतले अतिक्रमण गरेको विरोधमा भएको आन्दोलनमा राज्यले प्रहरी दमन गरी किसानहरूलाई तर्साउन खोजेको तर अविचलित जनताले त्यसको प्रतिकार गरेको घटनाबारे जानकारी दिँदै उहाँले कुनै पनि आन्दोलन सङ्गठनबिना सफल नहुने बताउनुभयो ।

अर्का अग्रज विश्वनाथ प्रजापतिले वि.सं. २०३६ सालमा भएको विद्यार्थी आन्दोलनमा नेक्राविसङ्घले खेलेको भूमिकाबारे जानकारी दिनुभयो ।

भूमिगतरूपमा काम गर्दै आएको नेक्राविसङ्घ तत्कालीन विद्यार्थी सङ्गठनहरूमा शिक्षा, राजनैतिक र मौलिक अधिकारलगायतका विषयमा मतभेदका कारण अलग्ग सङ्गठनको रूपमा चिनिएको पनि उहाँले बताउनुभयो ।

मार्क्सवादी साहित्य अध्ययन गर्नुपर्ने र साङ्गठनिक अनुशासनमा रहेर काम गर्दा जनताको सेवा गर्न सकिने उहाँले बताउनुभयो ।

## लम्किचुहामा विद्यार्थी भेला

कैलाली । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा लम्किचुहा नगरपालिका वडा नं. १ मा विद्यार्थी भेला भयो ।

नेक्राविसङ्घको स्थापना दिवसको अवसरमा भएको उक्त भेलामा नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावलले विद्यार्थी नै भविष्यका राज्य सञ्चालक हुने भएकोले विद्यार्थीले निःस्वार्थरूपले राजनीति गर्ने उद्देश्य लिनुपर्ने बताउनुभयो ।

नेमकिपा कामदार जनताको हित हुने समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत रहेको चर्चा गर्दै उहाँले अमेरिकी साम्राज्यवादको आडमा इजरायलले प्यालेस्टिनमाथि हमला गरिरहेको बताउनुभयो ।

नेक्राशिसङ्घ कैलालीका टीका दर्लामीले नेमकिपाले सदन र सडकबाट देशघाती शासक दललाई खबरदारी गरिरहेको बताउनुभयो ।

भेलामा नेक्राविसङ्घ कैलालीका अध्यक्ष हिक्मत भण्डारीले पनि बोल्नुभएको थियो । भेलाले कमल प्याकुरेलको अध्यक्षतामा १५ सदस्यीय नेक्राविसङ्घ लम्किचुहा वडा नं.१ एकाइ समिति गठन गरेको छ ।

# सांसदहरूको टोलीद्वारा भक्तपुर अस्पतालमा निरीक्षण



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवाल, पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशका सांसदहरू सुरेन्द्रराज गोसाई र सृजना सायजूले बिहीबार भक्तपुर अस्पतालको स्थलगत अध्ययन गर्नुभयो ।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. त्रिभुवनचन्द्र झाले भक्तपुर अस्पतालमा आउने बिरामीको सेवामा कमी नआउने गरी काम भइरहेको उल्लेख गर्दै नवनिर्मित भवनको हस्तान्तरण यही मङ्सिर २८ गते भएमा बिरामीको सेवा थप प्रभावकारी हुने बताउनुभयो ।

सांसद सुवालले बिरामीको सेवामा कमी हुन नदिन र अस्पताललाई गुणस्तरीय बनाउन सरकारको ध्यानाकर्षण गराउने उल्लेख गर्नुभयो ।

सांसद सुवालले अस्पतालभित्र जस्तोसुकै शत्रु पसे पनि उपचार पाउने अन्तर्राष्ट्रिय मान्यता नै भएको उल्लेख गर्दै प्यालेस्टिनको गाजापट्टीको अस्पताल, विद्यालय र शरणार्थी शिविरमा इजरायली बमबारीको संसारभरि विरोध भइरहेको बताउनुभयो ।

वाग्मती प्रदेशका सांसदद्वय गोसाई र साँयजूले पनि प्रदेश सरकारको ध्यानाकर्षण गराएर भक्तपुर अस्पतालको सेवा प्रवाह गुणस्तरीय बनाउन सहयोग गर्ने उल्लेख गर्नुभयो ।

# नुवाकोटका शिक्षकहरू भक्तपुर अवलोकन भ्रमणमा



काठमाडौँ । "नेपाल र नेपाली जनताले दुःख पाउनुको मुख्य कारण गतिला प्रधानमन्त्री र मन्त्री हुन नपाउनु हो ।"

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले नुवाकोटबाट भक्तपुर नगरको अध्ययन भ्रमणमा आउनुभएका शिक्षकहरूसँगको अन्तरक्रियात्मक छलफल कार्यक्रममा शनिबार राख्नुभएको हो ।

कार्यक्रममा सांसद सुवालले सरकारको नेतृत्वमा उत्पादन र वितरण हुने समाजवादी व्यवस्था स्थापना हुनु जरुरी रहेको आवश्यकता औँल्याउँदै समाजवादी व्यवस्थामा मानिसको गर्भदेखि चिहानसम्मको जिम्मेवारी सरकारले लिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सरकारले शिक्षण पेसालाई कम प्राथमिकतामा राख्नु गलत हो । अन्य पेसामा भन्दा शिक्षण पेसालाई बढी पारिश्रमिक र थप सुविधा हुनु आवश्यक छ । शिक्षक शिक्षिका गुणस्तरीय भए विद्यार्थी पनि गुणस्तरीय नै हुनेछ ।"

ख्वप विश्वविद्यालयको विधेयक पारित नगराउने प्रधानमन्त्री र शिक्षामन्त्रीहरू लायक नभएको धारणा राख्दै सांसद सुवालले भन्नुभयो, "नालायक प्रधानमन्त्रीअन्तर्गत मन्त्री बन्नेहरू झन् नालायक छन् ।"

भक्तपुर नगरपालिकाले ख्वप कलेजहरू सञ्चालन गरी देशभरिका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको उहाँले बताउनुभयो ।

सांसद सुवालले शिक्षक शिक्षिकाहरूले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने नयाँ पुस्ता तयार गर्नु जरुरी रहेको आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा राजवीर डंगोल, एन. महर्जन, गौतम लासिवा र बदनकेसरी प्रजापतिले पनि बोल्नुभएको उक्त कार्यक्रममा नुवाकोटका शिक्षक रवीन्द्र डंगोलले भक्तपुरको अवलोकन गर्न मद्दत गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

यसअघि उक्त टोलीले ख्वप अस्पतालको अवलोकन गरेको थियो । टोलीलाई स्वागत गर्दै भनपाका प्रमुख सुनिल प्रजापतिले भनपाले गर्दै आएका गतिविधिको जानकारी दिनुभएको थियो ।

प्रमुख सुनिल प्रजापतिले नेताहरू दूरदर्शी र कार्यकर्ताहरू अनुशासित भए देशको विकास छिटो हुने सम्भावना रहेको विचार व्यक्त गर्दै नेपालमा विकासका थुप्रै सम्भावना भएर पनि पछाडि पर्नुको कारण सरकारमा पुगेका दलका नेताहरूको चिन्तनमा परिवर्तन नहुनु हो भन्नुभयो ।

भक्तपुर आजको अवस्थामा आइपुग्नुमा राजनैतिक कार्यकर्ता र स्थानीय जनताको ठूलो योगदान भएको चर्चा गर्दै पारदर्शी, आर्थिक अनुशासन तथा जनताको सेवामा समर्पित भएर लागेको खण्डमा परिवर्तन सम्भव छ, भक्तपुर एक उदाहरण हो भन्नुभयो ।

उहाँले भक्तपुर नपाले हालसम्म गरिरहेका कार्यहरूबारे सङ्क्षिप्तमा प्रस्तुति दिनुभएको थियो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका अध्यक्ष ज्ञानसागर प्रजापतिले भक्तपुर नपामा विगतमा जितेर गएका जनप्रतिनिधिहरूले सफाइ अभियान चलाएर जनचेतना जगाउने कार्य गरेको उल्लेख गर्दै सामुदायिक, शिक्षालाई जोड दिएर कार्य गर्दा अहिले सिङ्गो समाज अगाडि आएको बताउनुभयो ।

शिक्षकहरूको टोलीले दरबार क्षेत्र, टौमढी, दत्तात्रय, ख्वप इन्जिनियरिङ कलेज, वागीश्वरी मा.वि, ख्वप कलेजलगायतको स्थलगत अवलोकन भ्रमण गरेको थियो ।

# नेतन्याहुविरुद्ध पक्राउ पुर्जी जारी गर्नु जरुरी

काठमाडौँ । तिमीले अस्पतालमा बमबारी कसरी गर्छौं ? हमासका मुख्य नेता अस्पतालमा लुकेका भए पनि, भागेका भए पनि तिमीले अस्पतालमाा बम हान्न सक्दैनौ ।

तिमीले शरणार्थी शिविरमा बमबारी कसरी गर्छौं ? हमासका लडाकुहरू शरणार्थी शिविरमा लुकेका भए पनि तिमीलाई शरणार्थी शिविरमा बमबारी गर्ने अवस्था छैन ।

जातीय सफायामा संलग्नतालाई प्यालेस्टिनबाट धपाउनु जरुरी छ । यो जातीय नरसंहार हो । यो एउटा अन्तर्राष्ट्रिय अपराध हो । अदालतले नेतन्याहुविरुद्ध पक्राउ पुर्जी जारी गर्नुपर्दछ ।

पुटिनविरुद्ध मात्र पक्राउ पुर्जी किन जारी गरियो ? नेतन्याहुले जस्तो पुटिनले कुनै खराबी गरेका छैनन् ।

इजरायली शासकको पहिलो काम गाजाबाट हमासलाई समाप्त पार्ने भनिए पनि प्यालेस्टिनको जातीय सफाया गर्ने हो । युद्ध विरामको अवधि इजरायली शासकले थप्न नचाहेको हो । इजरायली टैंकहरू दक्षिण गाजाको स्थान युनिस र रफाहमा तैनाथ गरिएका छन् ।

इजरायली बमबारीले विद्यालयहरू ध्वस्त पारेको छ । इजरायली सेनाले उत्तरी गाजाका बासिन्दालाई दक्षिण गाजामा सुरक्षित भएको सूचना गरेको थियो । अहिले दक्षिण गाजालाई इजरायलले आक्रमणको तारो बनायो । शनिबारयता गाजाका ८ सयभन्दा बढी मानिसको मृत्यु भयो । विश्व स्वास्थ्य सङ्गठनले गाजाका अस्पतालहरू सुरक्षित गर्नु इजरायली सरकारको जिम्मेवारी भएको बतायो । विश्वले प्यालेस्टिनमा स्थायी युद्ध विराम गर्न गराउन अमेरिकी सरकारलाई आह्वान गर्दै छ । अमेरिकी सरकारको भरमा इजरायलले प्यालेस्टिनमा बमबारी गरेको हो ।

गाजामा इजरायली बमबारीले जेनेभा अभिसन्धि उल्लङ्घन गरेको छ । अमेरिकी सरकारले विश्वकै जनघनत्व बढी भएको गाजामा जातीय नरसंहार गर्न इजरायललाई सहयोग गर्नुहुँदैन ।

केही दिनअघि अमेरिकी विदेशमन्त्री सहभागी कार्यक्रममा एक ७०-७५ वर्षको ज्येष्ठले 'जातीय नरसंहार गर्न सहयोग बन्द गर' लेखिएको लुगा लगाई 'युद्ध विराम गर', 'गाजाका केटाकेटीलाई बचाऊ', 'अमेरिका तिम्रो गौरव कहाँ छ ?' भनी नारा लगाएका थिए । अमेरिकी प्रहरीले उनलाई कार्यक्रम कक्षबाट बाहिर पठाएको थियो ।

# प्यालेस्टिनी जनताको नरसंहारविरुद्ध सुर्खेतमा कोणसभा




सुर्खेत । नेपाल क्रान्तिकारी युवा सङ्घ सुर्खेतको आयोजनामा संरा अमेरिकाको सहयोगमा इजरायली सेनाले गाजामा प्यालेस्टिनी जनताको नरसंहार गरिरहेको विरुद्धमा वीरेन्द्रनगरको एरिचोकमा कोणसभा भयो ।

उक्त कोणसभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरूङले प्यालेस्टिनी जनतामाथि जातीय सफाया अभियान चलाउनु मानवताविरोधी गतिविधि हो, इजरायलद्वारा मारिएका करिब १५ हजार प्यालेस्टिनीहरूमध्ये ७० प्रतिशत महिला र केटाकेटीहरू छन्, यो नरसंहार अमेरिकाको उक्साइमा फासीवादी नेतन्याहुले गरिरहेको बताउनुभयो । नेमकिपाले यसलाई स्थायी युद्धविराममा परिणत गर्नुपर्छ भन्ने मागसहित विभिन्न स्थानमा सभा राखी आवाज उठाइरहेको उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ सुर्खेतका संयोजक गोविन्दनाथ योगीले साम्राज्यवादी अमेरिकाले प्यालेस्टिनलगायत संसारभर युद्ध र आतङ्क मच्चाएजस्तै हाम्रो देशका शासक पार्टीहरूलाई प्रयोग गरी एमसीसी र एसपीपीको माध्यमद्वारा नेपाललाई चीनको विरुद्धमा भिडाउँदै छ भन्नुभयो ।

# कीर्तिपुरमा अध्ययन गोष्ठी

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा 'श्रमिक' र 'मजदुर' पत्रिकाबारे शुक्रबार अध्ययन गोष्ठी भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले विचारप्रधान 'श्रमिक' पत्रिका अध्ययनले पाठकको सैद्धान्तिक ज्ञान वृद्धिमा महत्त्वपूर्ण योगदान गर्ने भएकोले पत्रिका नियमितरूपमा अध्ययन गर्नुपर्ने बताउनुभयो ।

उहाँले प्यालेस्टिनी जनतामाथि इजरायली आक्रमणको विरोधमा हुने सबै कार्यक्रममा सक्रियतापूर्वक सहभागी भई नेपालको तर्फबाट प्यालेस्टिनी जनतामा ऐक्यबद्धता जनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कान्छाबाबु महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा अशोक डंगोल, अविरमान महर्जन, विन्दिरा महर्जन, नन्दलाल महर्जनलगयातले बोल्नुभएको थियो ।

# नेक्राविसङ्घको स्थापना दिवसमा रक्तदान सम्पन्न

भक्तपुर । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको स्थापना नेपालको विद्यार्थी आन्दोलनमा देखिएको आत्मसमर्पणवादी र सिद्धान्तहीन प्रवृत्तिविरुद्ध भएको हो ।

नेक्राविसङ्घको स्थापना दिवसको अवसरमा नेक्राविसङ्घ भक्तपुर बहुमुखी क्याम्पस समितिले शुक्रबार भक्तपुर क्याम्पस परिसरमा खुला रक्तदान कार्यक्रम गऱ्यो । उक्त कार्यक्रममा १८ जना पुरुष र १४ जना महिलाले रक्तदान गरेका थिए ।

स्थापना दिवसकै अवसरमा इजरायलले प्यालेस्टिनी जनतामाथि गरेको बर्बर आक्रमणको विरोधमा मङ्सिर २४ गते आइतबार सङ्घले भक्तपुर बहुमुखी क्याम्पसमा फोटो प्रदर्शनी गर्ने भएको छ ।




फोटो प्रदर्शनमा नेमकिपा र जनवर्गीय सङ्गठनले प्रकाशित गरेका विभिन्न पुस्तकहरू प्रदर्शनीमा राखिने आयोजकले जनाएको छ ।

स्मरणीय छ, नेक्राविसङ्घ २०२६ मङ्सिर २२ गते स्थापना भएको थियो ।

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी-२

**हरिबहादुर श्रेष्ठ**




**अर्थशास्त्र**

**भाइ राजु र बहिनी दीपा,**

तिमीहरूलाई थाहै होला वा थाहा नभए पनि थाहा पाउनुपर्ने विषय हो - समाजका हरेक कुरा आर्थिक स्थितिले निर्धारण गर्छ । कुनै पनि देश सामाजिक, राजनीतिक र आर्थिकरूपमा अगाडि छ वा पछाडि, अगाडि बढ्छ वा पछाडि हट्छ भन्ने विषय त्यस देशको अर्थतन्त्र तथा अर्थनीतिले निर्धारण गर्छ । त्यतिमात्र होइन, प्राचीन भारतमा राजनीतिशास्त्रलाई पनि अर्थशास्त्र भनिन्थ्यो । उदाहरण हो - कौटिल्य अर्थशास्त्र । बेलायतजस्तो सानो देशले भारतजस्तो क्षेत्रफल र जनसङ्ख्याको हिसाबले आफूभन्दा अत्यन्त ठूलो देशमा २-३ सय वर्ष राज्य गर्‍यो । बेलायतले आजको संरा अमेरिका र चीनजस्तो विशाल देशमा समेत उपनिवेश कायम गरेर आफूलाई 'सूर्य नडुब्ने साम्राज्य' साबित गर्‍यो । त्यस्तै, सोभियत सङ्घ र जनवादी गणतन्त्र चीनले पश्चिमी देशहरूले २-३ सय वर्ष लगाएर गरेको विकास निर्माण ३०-४० वर्षमा सम्पन्न गरे ।




प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया र क्युवाजस्ता क्षेत्रफल र जनसङ्ख्याको हिसाबले नेपालजस्तै वा नेपालभन्दा साना देशले संरा अमेरिकाको ४०-५० वर्षको आर्थिक नाकाबन्दी, आक्रमण, अन्तरध्वंस र अनेक षड्यन्त्रपछि पनि विकास गर्दै छन् तथा आ-आफ्नो देशको स्वतन्त्रता एवम् सार्वभौमिकताको रक्षा गर्दै छन् । ती समाजवादी देशहरू अरू देशको भिक्षा र दानमा होइन, आफ्नै मिहिनेत र खुट्टामा उभिएका छन्; ठूला र शक्तिशाली देशहरूको धम्कीले तिनीहरू लुरुक्क दास वा अधीनस्थ मुलुकजस्तो पछि लाग्दैनन् । प्रजग कोरिया ५० वर्षदेखि निरन्तर लडाइँको स्थितिमा छ । यसकारण, त्यस देशले आफ्नो रक्षा मामिलामा अत्यन्त ठूलो धनराशी खर्च गर्न बाध्य छ ।

कोरिया प्राय:द्वीपमा युद्धको स्थिति नरही शान्ति स्थापना भएमा आफ्नो रक्षा बजेटको एक प्रतिशतमात्र कटौती गर्न पाए पनि कोरियाली जनताको आजको जीवनस्तर दोब्बर हुने अनुमान छ । आज त्यो सानो देशले संसारको सबभन्दा ठूलो महाशक्ति संरा अमेरिकाको धम्कीको विरोधमा लड्न उपग्रह प्रक्षेपण गर्‍यो । उपग्रह प्रविधिको अर्थ पृथ्वीको कुनै पनि ठाउँमा दूरमारक यन्त्रले आक्रमण गर्न सक्ने क्षमता र प्रविधि हासिल गर्नु हो । आज त्यस राज्यसँग ३ लाखभन्दा बढी इन्जिनियर छन् । सारा जनतालाई बुद्धिजीवी बनाउने योजनामा त्यो देश लागिपरेको सन् १८१५ को बेलायती साम्राज्य छ । काम-मामको दु:ख त्यो देशमा छैन । लागूपदार्थको दुर्व्यसनी र एड्स रोगीहरू प्रजग कोरियामा भएको सुनिँदैन । आवास नभएको कुनै परिवार वा व्यक्ति छैन ।

त्यस्तै, जनसङ्ख्या र क्षेत्रफलले नेपालभन्दा सानो मुलुक क्युवामा सारा जनता साक्षर छन् र स्वास्थ्य क्षेत्रमा क्युवा विकसित देशहरूको हाराहारीमा छ । त्यहाँ झन्डै ११० जना व्यक्तिलाई एकजना डाक्टर उपलब्ध छ, त्यहाँ कोही व्यक्ति उपचारविना मर्नुपर्दैन, उपचार नि:शुल्क हुन्छ । शिक्षा आर्जन नि:शुल्क गर्न पाउँछन् । काम-मामको बन्दोवस्त सबैलाई छ । सबै क्षेत्रमा महिलाहरू प्रतिस्पर्धामा छन् भने काला, गोरा र आदिवासीको बिचमा कुनै भेदभाव छैन । यस वर्ष (सन् २००५) राष्ट्रपति फिडेल क्यास्ट्रोले मजदुर, कर्मचारी, शिक्षक वा सम्पूर्ण कामदार वर्गको ज्याला र पारिश्रमिक दोब्बर बढेको घोषणा गर्नुभयो ।

यी सबै प्रगति र विकास हुनुमा त्यस देशको जनमुखी आर्थिक नीति र समाजवादी अर्थतन्त्रको चमत्कार हो । भूमण्डलीकरण, निजीकरण, उदारीकरण वा खुला अर्थतन्त्रको श्रुति-मधुर र वाक् छलको कुनै प्रभाव त्यहाँ परेन । त्यहाँ विदेशी पुँजी र डलर साम्राज्यलाई हरियो खेतमा साँढेलाई छाडा छाडेजस्तो गर्न दिइएको छैन । विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता गरिब राष्ट्रहरूमाथि थिचोमिचो गर्ने र ऋण बोकाउने अमेरिकी साम्राज्यवादी आर्थिक हात-हतियार तथा स्वतन्त्र देशको आन्द्राभुँडी नै ब्वाँसोले जस्तै लुछ्ने बहुराष्ट्रिय कम्पनीहरूको साँढेमिचाइ त्यहाँ छैन । क्युवा तिनीहरूकै विरोधमा सङ्घर्षरत छ ।

यस्ता दीर्घकालीन र सकारात्मक प्रभाव पर्ने अर्थनीति र अर्थतन्त्रको निर्माण गर्न सक्नुको कारण नै समाजवादी अर्थतन्त्र हो । समाजवादी अर्थतन्त्र र समाजवादी अर्थनीतिको जानकारीको निम्ति मार्क्सवादी आर्थिक सिद्धान्तको अध्ययन जरुरी छ । मार्क्सवादी आर्थिक सिद्धान्त बुझ्न पुँजीवादी अर्थशास्त्रको ज्ञान हुनैपर्छ । आज हाम्रा क्याम्पसहरूमा पढाइने अर्थशास्त्र पुँजीवादी अर्थतन्त्रकै जानकारी हुन् । ती जानकारीविना मार्क्सवादी आर्थिक सिद्धान्त बुझ्न गाह्रो हुन्छ ।

कहिलेकाहीँ 'पुँजीवादी शिक्षा' र 'पुँजीवादी अर्थशास्त्र' पढ्नुहुँदैन भन्ने विरोधको कुरा पनि नसुनिएको होइन । त्यो त बाह्रखरी वा क, ख नपढीकनै किताब पढ्न खोज्नुसरह मात्रै हो । पुँजीवादी अर्थतन्त्रको खण्डन गर्न पहिले त्यसबारे जानकारी हासिल गर्नैपर्छ । यसकारण, अर्थशास्त्रका पिता भनिने एडम स्मिथ र उनको रचना 'राष्ट्रको धन' तथा अन्य पुँजीवादी अर्थशास्त्रीहरूका रचना पढ्न आवश्यक छ । तिनीहरूले आफ्ना धारणा र सिद्धान्तहरू अनेक व्यावहारिक ज्ञान र प्रयोगबाट जानेका थिए । तर, ती सिद्धान्तका कमी-कमजोरी एवम् फरक-फरक वर्गीय दृष्टिकोणको व्याख्या गर्नुपर्ने हुन्छ र तल्लो वर्गीय हितको निम्ति नयाँ व्याख्या, विश्लेषण तथा प्रयोग आवश्यक छ ।


देशको अर्थतन्त्र विकास गर्न र व्यापक जनताको भौतिक सुख, सुविधा एवम् काम-माम-कपडा तथा आवासको बन्दोवस्त समाजवादी अर्थतन्त्रले मात्र गर्न सक्छ वा पुँजीवादी अर्थशास्त्रले गर्न सक्छ भनी जानकारी हासिल गर्न अर्थशास्त्रको अध्ययन आवश्यक हुन्छ ।

भाइबहिनीहरू, तिमीहरूले बिचैमा प्रश्न गर्नेछौ, समाजवादी अर्थतन्त्र राम्रो भएको भए सोभियत सङ्घ र पूर्वी युरोपका एक दर्जन देशमा किन समाजवादको पतन भयो र पुँजीवाद पुन:स्थापना भयो ?



हो, यो प्रश्न सान्दर्भिक अवश्य छ । तर, सोभियत सङ्घ र पूर्वी युरोपका समाजवादी देशहरूमा समाजवादको पतनको कारण मूलत: आर्थिक नभई सैद्धान्तिक र राजनीतिक पराजय हो । ती देशहरूमा साम्राज्यवादी देशहरूले अनेक षड्यन्त्र गरेका थिए । त्यसको उद्देश्य निश्चय पनि आर्थिक थियो । साम्राज्यवादी देशहरू सोभियत एडम स्मिथको 'राज्यको धन' सङ्घ र पूर्वी युरोपका समाजवादी देशहरूलाई आफ्नो उपनिवेश बनाउन र त्यहाँ पुँजीवादको पुन:स्थापना गर्न चाहन्थे । जतिसुकै सुन्दर भवनलाई विश्वंसकारीहरूले जसरी शक्तिशाली बमले एकै क्षणमा ध्वस्त गर्न सक्छन्, त्यस्तै निरन्तरको साम्राज्यवादी षड्यन्त्र र अन्तरध्वंसले समाजवादी व्यवस्थालाई सैद्धान्तिक र राजनीतिकरूपले असफल पार्न सक्छ भन्ने प्रमाणित भयो ।

इतिहासमा सत्ताबाट फालिएको वर्ग पुन: सत्तामा फर्केका अनेक उदाहरण छन् । सैद्धान्तिक र राजनीतिकरूपले सोभियत सङ्घको पार्टी नेतृत्वमा विचलन नआएको भए त्यहाँको समाजवादी अर्थतन्त्र पनि असफल हुने थिएन किनभने प्रजग कोरिया र क्युवाजस्ता साना देशका समाजवादी अर्थतन्त्रहरू तेस्रो देशका अर्थतन्त्र र अन्य बन्दोवस्तभन्दा धेरै राम्रा देखिएकै छन् । यसको अर्थ समाजवादी अर्थतन्त्रमा कुनै कमजोरी छैन र थिएन भन्ने कुरा अवश्य होइन । समाजवादी अर्थतन्त्र पुँजीवादी अर्थतन्त्रभन्दा नयाँ हो । तर्कमा आधारित अनेक नीति व्यवहारमा लागु गरेर अथवा परीक्षण र गल्तीहरू सच्याएर त्यस अर्थतन्त्रलाई अझ विकास गर्न र परिपक्व बनाउन बाँकी नै हुन्छ । समय र अनुभवले परिपक्वता प्राप्त हुँदै जानेछ ।




जलस्रोतको धनी हाम्रो देशमा ७० प्रतिशत जनता खानेपानी र बिजुलीबाट वञ्चित छन्; अन्न निर्यात गर्ने देशले आज अन्न, तरकारी र खाने तेलसमेत विदेशबाट आयात गर्दै छ । वनविनाश हुँदै छ; बेरोजगारीका कारण वर्षको लाखौँ युवा बिदेसिँदै छन् । निर्माण सामग्री र अन्य हजारौँ उपभोग्य सामानमा नेपाल परनिर्भर छ । अहिले पनि सबै जिल्लामा मोटर-बाटो वा रज्जुमार्ग पुग्न सकेको छैन । गरिबी, महिला विकास र प्रतिव्यक्ति आम्दानी आदिमा देशको स्थिति कहालीलाग्दो छ । राणा शासन ढलेको ५० वर्षपछि पनि बहुमत जनता निरक्षर छन् र सबै बालबालिका स्कुल जान पाएका छैनन् ।

यी सबैले गर्दा देशमा तल्लो वर्गको हित हेर्ने वा त्यसो गर्न जान्ने मार्क्सवादी वा प्रगतिशील चिन्तन भएका अर्थशास्त्रीहरूको कमी छ वा छँदै छैनन् । समाजले जहिलेसम्म आर्थिक क्षेत्रमा त्यस्ता जानकारहरू पाउँदैन, देश अगाडि बढ्नेछैन । आर्थिक नीति तयार गर्ने अर्थ मन्त्रालय, योजना आयोग, बैङ्क, उद्योग र वाणिज्य तथा वित्तीय क्षेत्रहरू जहिलेसम्म जनमुखी अर्थशास्त्रीहरूले खचाखच भरिँदैनन् तबसम्म देश आर्थिकरूपले अगाडि बढ्दैन । त्यस्ता अर्थशास्त्रीहरू तयार गर्ने ठाउँ नै विश्वविद्यालयहरू हुन् । तिनीहरूले यसबारे चिन्ता गरेको देखिँदैन । यसकारण, भाइबहिनीहरू आफैले अर्थशास्त्रको महत्त्व बुझेर त्यसबारे थप जानकारी लिन र अर्थशास्त्रका कक्षाहरूमा सामेल हुनलाई समय मिलाउन आवश्यक छ ।

अचेल भन्सारको भ्रष्टाचार, बैङ्क घाटा, भ्याटको कचकच, करछली र तस्करी वा सीमाको चोरी व्यापार, ऋणको साँवाब्याज नतिर्ने प्रवृत्ति र चर्को ब्याजदर, व्यापार घाटा र अचाक्ली नाफा तथा आर्थिक विषमता बढ्दै गएका खबर सुन्दा कहिलेकाहीँ अर्थशास्त्रको कक्षामा सामेल भएर बढी झन्झट र चिन्ता लिनुपर्ने देखेर तिमीहरू तर्सनेछौ । साँचो कुरा त्यो होइन, बरु देशको मानवीय र प्राकृतिक स्रोतलाई नियालेर हेर्दा उज्ज्वल भविष्य वा भोलिको राम्रो नेपालको चित्र तिमीहरूले देख्नेछौ ।

ठूलो सम्पत्तिको ढुकुटीको साँचो हराएको व्यक्तिको दशाजस्तै नेपालको आजको अवस्था छ । साँचो भनेको आर्थिक नीति हो । राम्रो अर्थनीति भएको देश उँभो लाग्न लामो समय चाहिँदैन । आर्थिक विकासका सिद्धान्त, पुँजीवादी र समाजवादी अर्थशास्त्रीका रचनाहरूको अध्ययन, आलोचना र सही मूल्याङ्कन एवम् त्यस विषयको ज्ञानले देशलाई छिट्टै आर्थिक उन्नतिमा पुर्‍याएर बेरोजगारी, गरिबी, आर्थिक असमानता आदि सबैबाट मुक्त गर्न सकिनेछ ।

तिमीहरू प्रश्न गर्नेछौ, "समाजवादी व्यवस्था नअँगाले पनि संरा अमेरिका, बेलायत, जर्मनी, फ्रान्स, जापानजस्ता देशहरू कसरी सम्पन्न भए ?" तिमीहरूको जिज्ञासा राम्रो हो । तर, ती देशहरूको २-३ सय वर्षको इतिहास हेर्दा आफै प्रस्ट हुन्छ । तिनीहरूले आआफ्ना उपनिवेशहरू अर्थात् एसिया, अफ्रिका र ल्याटिन अमेरिकी महादेशका विभिन्न मुलुकका प्राकृतिक स्रोत र साधनहरू २-३ सय वर्षसम्म लुटे तथा जनताको श्रमको चर्को शोषण गरिरहे । साम्राज्यवादी देशहरूको सम्पन्नताको कण-कणमा ती देशका श्रमिक र उपनिवेश देशका जनताको रगत र पसिना लत्पतिएको छ । तिनीहरूको सम्पन्नताको रहस्य नै लुट, हिंसा र शोषण हो ।

समाजवादी अर्थतन्त्रले 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' को सिद्धान्त लागु गर्छ र त्यस व्यवस्थामा कसैले कसैलाई शोषण गर्दैन । अरू देशमाथि आक्रमण र लुटपाट गर्दैन बरु कामदार जनताको सामूहिक श्रमले सम्पन्नता हासिल हुन्छ ।

# अस्पताल र विद्यालयमा आक्रमण गर्नु अन्तर्राष्ट्रिय मान्यताविपरीत




भक्तपुर। नेपाल क्रान्तिकारी किसान सङ्घ सूर्यविनायक ७ नं. वडा एकाइ समितिको आयोजनामा प्यालेस्टिन र इजरायलबिचको लडाइँसम्बन्धी प्रशिक्षण कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगरले मान्छे र पशुबिच भेद भएकोले मानिसले अरूलाई मर्का पर्दा सहयोग गर्नुपर्छ भन्नुभयो। कम्युनिस्ट पार्टी भएर विश्वका काम गरी खाने जनतालाई समस्या पर्दा नबोल्ने र सहयोग नगर्ने पार्टी कम्युनिस्ट पार्टी हुनै सक्दैन भन्दै उहाँले प्यालेस्टिनमा विशेषगरी महिला र बालबच्चालाई ताकी ताकी आक्रमण गर्नु न्यायोचित छैन, देशबिचको लडाइँ सेना-सेनाको बिचमा हुन्छ, जनतासँग होइन, लडाइँ हुँदा अस्पताल, विद्यालयजस्ता सार्वजनिक संस्थामा आक्रमण गर्नु हुन्न, यो अन्तर्राष्ट्रिय मान्यता हो भन्नुभयो।

"युक्रेन देशमा धेरै उत्पादन हुन्छ, शिक्षा र स्वास्थ्य राम्रो छ र तेलको भण्डार ठुलो छ। त्यस्तो देशमा जेलेन्स्की भन्ने व्यक्तिलाई राष्ट्रपतिमा जिताएर युक्रेनको तेल भण्डार कब्जामा लिनको लागि अमेरिकाले युक्रेनमार्फत रुसमाथि आक्रमण गराएको हो," उहाँले भन्नुभयो।

एमसीसीमार्फत अमेरिका र नागरिकता विधेयकमार्फत भारतले नेपालमाथि आक्रमण गर्न सक्ने खतरा बढ्दै गएकोले नेपाली जनता सचेत हुनु आवश्यक भएको बताउँदै उहाँले जनता सचेत नभएमा नेपाली जनताले पनि कालान्तरमा प्यालेस्टिनको जस्तो दुःख भोग्नुपर्ने अवस्था आउनेछ भन्नुभयो।

नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले अमेरिकाको सहयोगमा इजरायलले प्यालेस्टिनमाथि आक्रमण गरेको अन्तर्राष्ट्रिय कानुनविपरीत भएको बताउनुभयो।

कार्यक्रमका सभापति काजीबहादुर पञ्चले इजरायलले प्यालेस्टिनीमाथि आक्रमण गरी प्यालेस्टिनको धेरै जनधनको क्षति पुऱ्याएको छ; खानालाउन धौ धौ पारेको छ; मानिसलाई बिचल्ली बनाएको छ; त्यसकारण, न्यायप्रेमी मानिसले प्यालेस्टिनमाथि गरेको हमलाको विरुद्धमा आवाज उठाउनुपर्छ भन्नुभयो।

पुँजीवादी व्यवस्थामा मजदुर र किसानमाथि अन्याय र शोषण हुन्छ। कम्युनिस्ट व्यवस्थामा योग्यताअनुसारको काम र कामअनुसारको ज्याला वा तलबको बन्दोबस्त हुन्छ। शिक्षा, स्वास्थ्य निःशुल्क हुन्छ। वृद्धवृद्धाहरूको लागि आदर निकेतन र बालबालिकाको लागि बालोद्यानको व्यवस्था पनि सरकारले गर्छ, उहाँले भन्नुभयो।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका प्रतिनिधि दिनेश खड्गी, नेपाल क्रान्तिकारी किसान सङ्घ, सूर्यविनायक नगर समितिका अध्यक्ष राजेन्द्र बखुन्छेँ र न्हुछेभक्त पञ्चले पनि बोल्नुभएको थियो।

# प्यालेस्टिनविरुद्धको मानवताविरोधी युद्ध तत्काल रोक्न नेपाल बारको जोड

चितवन। 'मानव अधिकार संस्कृतिको प्रवर्द्धन : स्वतन्त्र न्यायपालिकाको संवर्द्धन' भन्ने मूल नाराका साथ नेपाल बार एसोसियसनले सर्वोच्च अदालतका न्यायाधीश डा. आनन्दमोहन भट्टराईको प्रमुख आतिथ्यमा सौराहा, चितवनमा ७५ औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसर पारेर आयोजित एक दिवसीय मानव अधिकारसम्बन्धी गोष्ठी १६ बुँदे चितवन घोषणापत्र जारी गर्दै आइतबार सम्पन्न भएको छ।

सर्वोच्च अदालतका न्यायाधीश डा. भट्टराईले न्यायिक विकृति विसङ्गति हटाई न्यायपालिकाको स्वतन्त्रता संवर्द्धन गर्न सबै लाग्नुपर्ने र मानव अधिकार संस्कृतिको विकास गर्न आह्वान गर्नुभयो।

वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले ज्येष्ठ नागरिकहरूमा निराशा छाएको, सन्तान विदेश पलायन हुनुपर्ने बाध्यताले ज्येष्ठ नागरिकहरूको बाँच्न पाउने अधिकारको हनन भएको बताउँदै मानव अधिकारको रक्षाका लागि आफूहरू आजीवन लागेको चर्चा गर्नुभयो।

वरिष्ठ अधिवक्ता एवं पूर्वसभामुख दमननाथ ढुङ्गाना, नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेलगायतले बोल्नुभएको उद्घाटन कार्यक्रम मानव अधिकार तथा जनसरोकार समितिका सहसंयोजक लक्ष्मी रावलको सभापतित्वमा सम्पन्न भएको थियो।

गोष्ठीले वरिष्ठ अधिवक्ता धर्मराज आचार्यको संयोजकत्वमा १७ सदस्यीय घोषणापत्र तयारी समिति गठन गरी आइतबार मानव अधिकारसम्बन्धी चितवन घोषणापत्र जारी गऱ्यो।

घोषणापत्रमा हालै चलिरहेको इजरायल प्यालेस्टिन युद्धको क्रममा अस्पताल, विद्यालय, गैरसैनिक नागरिकका निजी आवासमा भए गरेको आक्रमण, अपहरण, बन्धकलगायत मानव अधिकार उल्लङ्घनका घटना, गैरन्यायिक हत्या, युद्धका कारण भोकमरी, चरम आर्थिक अभाव लगायतका मानवताविरोधी गतिविधि तुरुन्त रोक्न तथा इजरायल प्यालेस्टिन युद्धमा बेपत्ता पारिएका नेपाली विद्यार्थीलगायतका व्यक्तिहरूको अविलम्ब स्थिति सार्वजनिक गरी स्वदेश फिर्ताको उचित वातावरण तयार गर्न नेपाल सरकारलगायत सरोकारवाला निकायसँग कानुन व्यवसायीहरूको गोष्ठीले जोडदार माग गऱ्यो।

त्यस्तै न्यायिक निकायमा विद्यमान विकृति, विसङ्गति, भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, मनोमालिन्यतालगायतका विकृतिको समाधानको लागि सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा अध्ययन भई सार्वजनिक भएको प्रतिवेदन सर्वोच्च अदालतको पूर्ण बैठकबाट तत्काल कार्यान्वयन गरी नागरिकको न्यायिक अधिकारको सुनिश्चित गर्न पनि गोष्ठीले जोडदार माग गऱ्यो।

# कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रवादी हुनुपर्ने

भक्तपुर। भक्तपुर सिकर्मी सङ्घको आयोजनामा नेपाल क्रान्तिकारी मजदुर सङ्घको ५२ औँ स्थापना दिवस तथा विश्व सर्वहारावर्गका महान् गुरु फ्रेडरिक एङ्गेल्सको २०३ औँ जन्म दिवसको अवसरमा सोमबार प्रवचन कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराम गोसाईले ठूला दलहरूले सत्ता र भोटको राजनीति गर्दा देशको स्वाधीनतामा असर परेको चर्चा गर्दै अमेरिकाले आफ्नो स्वार्थ पूर्ति गर्न विध्वंस मच्चाइरहेको बताउनुभयो। जनतामा राजनीतिक चेतना भए कुनै पनि शक्ति राष्ट्रले सानो स्वाधीन देशमाथि गरिरहेको हैकम र दमनको विरोध गर्ने उल्लेख गर्दै उहाँले कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रवादी हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय अध्यक्ष राजेन्द्र चवालले इजरायली सेनाले प्यालेस्टिनीहरूमाथि बर्बर दमन गरेर आफ्नो घर बनाउन अर्काको घर उजाडेको बताउनुभयो।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्लाका अध्यक्ष उपेन्द्र सुवालले शासकहरूले नेपाली कामदार जनता 'गाँस, बाँस र कपास' को लागि विदेसिन बाध्य पारेको विचार राख्दै सङ्घले स्थापना कालदेखि बहुमत कामदार जनताको हितमा काम गर्दै आइरहेको बताउनुभयो।

सङ्घका अध्यक्ष विक्रम दुकुछुको सभापतित्वमा भएको उक्त कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल र पुण्यराम न्हुछेले पनि बोल्नुभएको थियो।

# नगाउँ कीर्तिपुरमा साहित्य त:मुंज्या सफल पार्न विभिन्न समिति गठन

काठमाडौँ। नेपालभाषा साहित्य त:मुंज्या पाँगा कीर्तिपुरको आयोजनामा दसौँ नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रम कीर्तिपुर नगरपालिका वडा नं. ९ नगाउँमा गर्ने कार्यक्रम सफल पार्न विभिन्न समितिहरू गठन गरिएका छन्।

त:मुंज्याका उपाध्यक्ष प्रशान्त महर्जनको अध्यक्षतामा बुधबार बसेको बैठकले अतिथि व्यवस्थापन समितिमा श्रीकृष्ण महर्जन, अतिथि सत्कार समितिमा प्रशान्त महर्जन, लेख, रचना सङ्कलन र प्रचारप्रसार समितिमा नारायण महर्जन, मञ्च व्यवस्थापन समितिमा अविरमान महर्जन र किशोर महर्जनलाई चयन गरेको छ।

कार्यक्रममा नेमकिपा कीर्तिपुरका कविता महर्जन, नेक्रामहिला सङ्घका अष्टमाया महर्जन, चन्द्रशोभा महर्जनले प्यालेस्टिनमाथि इजरायलको आक्रमणको विरोधमा हुने सभा तथा जुलुसहरूमा सहभागी भई प्यालेस्टिनी जनताप्रति ऐक्यबद्धता जनाउनुपर्छ भन्नुभयो।

**कैलालीमा...**

इजरायललाई हातमा लिएर प्यालेस्टिनमाथि बर्बर हमला गरेकोमा घोर विरोध गर्नुभयो।

नेमकिपा कैलाली सचिव गगन थापा मगरले किसानले समयमा मल, बीउ बिजन नपाउँदा र उत्पादन भएको कृषि वस्तुको उचित बजार नपाउँदा सधैँ मारमा परेको विचार व्यक्त गर्नुभयो।

नेक्रायुसङ्घ कैलाली सचिव सबिन पण्डितले गत ६ महिनामा २४ लाख युवा विदेश पलायन हुनु भनेको नेपालको लागि दुःखद खबर रहेको बताउँदै सरकार रेमिट्यान्सको मुख हेरी खुसी मनाइरहेको बताउनुभयो।

कार्यक्रममा नेक्राविसङ्घ कैलाली अध्यक्ष हिक्मत भण्डारीले स्थापना दिवसको शुभकामना दिँदै मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मुख्य मार्गनिर्देशक सिद्धान्तको रूपमा आत्मसात गरी उत्पादन श्रमसँग जोडिएको शिक्षाको निम्ति सधैँ सङ्घर्ष गरिरहेको बताउनुभयो। उहाँले नेक्राविसङ्घको स्थापना भारतीय पुँजीवादले सुस्ताको भूमि अतिक्रमण गरेको विरोधमा भएको बताउनुभयो।

**इजरायली...**

अवस्थालाई पुँजीवादी व्यवस्थाले ठाउँमा ल्याउन नसक्ने बताउँदै उहाँले समाजवादी क्रान्तिको तयारी गर्नु नै नेपाली जनताको कार्यभार भएको औँल्याउनुभयो। उहाँले प्यालेस्टिनी जनतालाई न्याय दिलाउनको




लागि सङ्घर्ष नगर्ने राजनीतिक दल कम्युनिस्ट हुन नसक्ने बताउनुभयो।

कार्यक्रममा वरिष्ठ इन्जिनियर राजदास श्रेष्ठले २०४६ सालमा नेवारी भाषाका जनकवि दुर्गालाल श्रेष्ठले भक्तपुरका जनता जागेर जनआन्दोलनलाई हाँकिरहेको बेला आफूलाई देशको मुटु भन्ने काठमाडौँ कुम्भकर्णको निद्रा सुतिरहेको कविताँशको स्मरण गर्नुभयो। प्यालेस्टिनी जनताको पीडाले सडकमा आएको नेपाल मजदुर किसान पार्टीले ०४६ सालको त्यो गरिमा अझै बोकिरहेको उहाँको भनाइ थियो। उहाँले साँखु आलुको लागि प्रख्यात भए पनि आलुमा भ्याट लगाउनाले किसानले आलुसमेत बिक्री गर्न नपाएको गुनासो पोख्नुभयो। एक समय तराईका किसानहरू उखुको रकम नपाउँदा प्रताडित भएजस्तै आज देशभरका किसान सरकारको किसानविरोधी नीतिबाट प्रताडित भइरहेको उहाँले औँल्याउनुभयो। उत्पादनमा जोड नदिँदा देश वृद्धाश्रममा परिणत हुने चिन्ता पनि उहाँले व्यक्त गर्नुभयो।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घकी सुजी ह्यङ्गोजुले पनि बोल्नुभएको विरोधसभामा फिगु ख्वप दे पुचः' को तर्फबाट प्यालेस्टिनी जनताप्रति ऐक्यबद्धतास्वरूप गीत प्रस्तुत गरिएको थियो। शिक्षिका मीरा महर्जनले एक अनुदित कविता वाचन गर्नुभएको थियो।

भौ ध्वाका (पुरानो बसपार्क) बाट सुरु भएको ऱ्याली धुलाँ टोल, साल्खा, महादेवस्थान, सालीनदी रोड, धलंको, चलाखु हुँदै साल्खा टोलमा गएर सभामा परिणत भएको थियो। विरोध जुलुसमा 'प्यालेस्टिनी जनतालाई बाँच्न दे !', 'युद्धविरोधी जनता एक हौं !', 'स्थायी युद्धविराम सम्झौता गर !', 'जातीय सफाया बन्द गर !' जस्ता नारा लगाइएको थियो।

**सरकारहरू...**

मेलम्ची खानेपानी स्रोतको भौगोलिक अवस्थितिअनुसार वर्षाको बेला पहिरो जाने खतरा छ। यसकारण काठमाडौँ उपत्यकावासीलाई मेलम्ची खानेपानीको भरमा राख्नु हुँदैन। पच्चीस वर्षअघि एडीबी र विश्व बैङ्कबिच मेलम्ची खानेपानी योजनालाई ऋण दिनेबारे प्रतिस्पर्धा भएको थियो। विदेशीसँग ऋण लिनु देशलाई नवउपनिवेश बनाउनु हो। मेलम्ची खानेपानी आयोजनासँग जोडिएका तत्कालीन एक सचिवले आत्महत्या गरेको समाचार थियो। त्यसबेला तीन अर्ब रुपैयाँ भुक्तानीमा ३ प्रतिशत कमिसनको विवाद भएको पनि बाहिरियो। यसकारण खानेपानी आयोजनाभित्रका गोमन सर्पदेखि सचेत हुनु आवश्यक छ।

पुन:भरणको व्यवस्था नगरी एकोहोरो भूमिगत पानी तान्नेमात्र काम भए भूकम्प आउने खतरा बढ्छ। खानेपानीको मुख्य स्रोत हिउँ पग्लिएर आउने पानी र वर्षाको पानी हो। जलवायु परिवर्तनसँगै हिमालयहरू काला पत्थरमा परिणत भइरहेका छन्। यसतर्फ सरकारहरू सचेत भएनन्। निजी खानेपानी कम्पनीहरूले अर्बौं रुपैयाँको मेसिन आयात गर्दै छन्; भरपर्दो बिजुली नहुँदा अर्बौं रुपैयाँको इन्भर्टर आयात भइरहेको छ। खानेपानीको आपूर्ति व्यवस्थित नहुँदा पानी तान्ने पम्प र बिजुलीमा पनि अर्बौं रुपैयाँ खर्च भइरहेको छ। यसतर्फ पनि सरकारहरू सचेत भएनन्।

चिनियाँ राष्ट्रपति सि चिनफिङले आफ्नो आठ वर्षको नेतृत्वमा चिनिया जनतालाई गरिबीबाट माथि उठाएको गर्वसाथ बताउनुभयो। नेपालका प्रम र मन्त्रीहरूसँग देश र जनताको समस्या समाधान गर्ने उपाए नभएको पुष्टि भयो।

स्थानीय तहलाई दिइसकेको शिक्षासम्बन्धी अधिकार जिल्ला शिक्षा शाखाको व्यवस्था गरी केन्द्रले तान्ने विधेयक पेस भयो। केन्द्र सरकारले स्थानीय तहमार्फत जनताको सेवा गर्नु आवश्यक छ।

*(काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयको पुन: संरचनासम्बन्धी तथा मेलम्ची आयोजनाको दिगो समाधान' विषयक अन्तरक्रिया कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले मङ्सिर २० गते व्यक्त विचारको सार सङ्क्षेप- सं.)*

**कुत्सित...**

अमेरिकाको सामान बहिष्कार गरेर युद्ध अपराधी अमेरिकालाई जवाफ दिनु जरुरी छ" गोसाईले भन्नुभयो।

अमेरिकी साम्राज्यवादको दबाबमा नेपालमा हिन्द-प्रशान्तीय रणनीतिअन्तर्गतको एमसीसी सम्झौता पारित भइसकेपछि एसपीपी साझेदारीलाई पनि अगाडि बढाउने प्रयास भइरहेको उल्लेख गर्दै प्रदेश सांसद गोसाईले नेपाल अमेरिकी सेनाको क्रीडास्थल बन्न सक्नेतर्फ नेपाली जनता सजग हुनु जरुरी रहेको बताउनुभयो।

नेपाल क्रान्तिकारी युवा सङ्घ भजिसका सहसचिव रमेश वैद्यले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु अमेरिकाको कठपुतली बनेर बालबालिकाको नरसंहार गरेको उल्लेख गर्दै इजरायली आक्रमणको कारण प्यालेस्टिनमा मानव बस्ती उजाड हुनुका साथै उद्योगधन्दा, खेतीपाती ध्वस्त भई प्यालेस्टिनी जनता भोकभोकै परेको बताउनुभयो।

"इजरायलमा १८ वर्ष उमेर पुगेकालाई अनिवार्य सैनिक तालिमको बन्दोबस्त छ। तर, इजरायलले अनिवार्य सैनिक तालिम आफूभन्दा कमजोर छिमेकीमाथि आक्रमण गर्न दुरुपयोग गऱ्यो। नेपाल मजदुर किसान पार्टीले पनि आफ्नो देशको सार्वभौमिकता रक्षाको निम्ति अनिवार्य सैनिक तालिमको विषय उठाएको हो, इजरायली फासीवादले जस्तै अरू देशलाई आक्रमण गर्न होइन" सहसचिव वैद्यले भन्नुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका वीरकृष्ण प्रजापति, रुकेश कर्माचार्य र सुरोज प्रजापतिले पनि प्यालेस्टिनी जनताको पक्षमा बोल्नुभएको थियो।

बोडे खोपालाबाट सुरु भएको प्रदर्शन बोडे परिक्रमा गर्दै भीमसेन चोक, चपाचो, दुईपोखरी हुँदै बालकुमारीमा पुगेर सभामा परिणत भएको थियो। प्रदर्शनमा 'प्यालेस्टिनी जनतालाई बाँच्न दे !, प्यालेस्टिनमा जातीय सफाया बन्द गर !, अमेरिकी दलाल नेतन्याहु मुर्दावाद !, युद्ध सरदार बाइडेन मुर्दावाद !, इजरायली फासीवाद मुर्दावाद !, प्यालेस्टिनी स्वतन्त्रता जिन्दावाद !' नारा लगाइएको थियो।





# "शरणार्थीलाई शरण दिनु प्यालेस्टिनी जनताको अपराध होइन"

काभ्रे । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य कृष्णकुमार वैद्यले इजरायली फासीवादको बर्बर आक्रमणको सामना गरिरहेका प्यालेस्टिनी जनताप्रति ऐक्यबद्धता जनाउनुभएको छ ।

प्यालेस्टिनको गाजा क्षेत्रमा इजरायलले पुन:सञ्चालन गरेको नरसंहारविरुद्ध नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको संयुक्त आयोजनामा शुक्रबार भएको जनसभापछि आयोजित सभामा वैद्यले इतिहासमा प्यालेस्टिनी जनताले युरोपमा दु:ख पाएका यहुदी शरणार्थीलाई दयावश शरण दिएको तर गुण बिर्सेर जातिवादी इजरायली शासकहरूले प्यालेस्टिनी निहत्था महिला र बालबालिकाको निर्मम हत्या गरिरहेको बताउनुभयो । नेपालका कम्युनिस्ट नामधारी शासक दलका नेताहरूले प्यालेस्टिनी जनताको पक्षमा एक शब्द नबोल्नुले उनीहरूमा अन्तर्राष्ट्रवादी भावना हराइसकेको बरु विदेशी डलरले मुखमा बुजो लगाएको केन्द्रीय सदस्य वैद्यले जिकिर गर्नुभयो ।

प्यालेस्टिनी जनताको निर्मम हत्या हुँदा पनि चुपचाप बस्नु र उल्टै आक्रमणकारी इजरायलको पक्ष लिनुले अमेरिकी प्रजातन्त्र र मानवअधिकारको पक्षधरता भूटो प्रमाणित भएको उहाँले तर्क गर्नुभयो । प्यालेस्टिनी जनताको जीवन रक्षार्थ तत्काल स्थायी युद्धविराम सम्भौता गर्नुको विकल्प नभएकोमा उहाँले जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटाले शासक दलहरूले समृद्धि र सुशासनजस्ता राम्रा शब्द प्रयोग गरी नेपाली जनतालाई धोका दिएको बताउनुभयो ।

सरकार एनसेल बिक्री प्रकरणमा अर्बौं रुपियाँ बराबरको भ्रष्टाचारमा लिप्त भएको तथा अर्कोतिर किसानको आलु र प्याजमा कर लगाएर एवम् कमिसन खाएर नेपाली उखु किसानलाई डुबाइरहेको उहाँले चर्चा गर्नुभयो ।

देश आर्थिक विपत्तिमा फस्दै गएकोमा चिन्ता व्यक्त गर्दै उहाँले देशको सन्तुलित विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले नेपाली युवालाई विदेश पठाएर रेमिट्यान्स भित्र्याउने नेपाल सरकारको रवैयाकै कारण विपिन जोशीजस्ता युवा इजरायलमा हराएको बताउँदै अध्यक्ष बाटाले सरकारले गोर्खा भर्ती तुरुन्तै खारेज गर्नुपर्ने तर्क गर्नुभयो । जाजरकोटका भूकम्प पीडितहरूलाई चीन सरकारले राहत दिँदा पनि असहयोग गर्ने नेपाल सरकारको नीति जनताको पक्षमा नभएको बरु भारतलाई पोस्न नेपालका नदीनाला सुम्पिने गरी देशघाती एमसीसी र एसपीपीजस्ता सम्भौतामा हस्ताक्षर गरेको उहाँले उल्लेख गर्नुभयो ।

२३ लाख प्यालेस्टिनी जनतामध्ये १९ लाख विस्थापित हुनु चिन्ताजनक दृश्य भएको चर्चा गर्दै अध्यक्ष बाटाले संयुक्त राष्ट्र सङ्घको बडापत्रको धारा ९९ लागू गरेर अन्तर्राष्ट्रिय शान्ति र सुरक्षालाई नै खतरामा पारेको इजरायल-प्यालेस्टिनको विषयलाई महासचिव एन्टोनियो गुटेर्रेसले सुरक्षा परिषद्को ध्यानाकर्षण गराउनुपर्ने जिकिर गर्नुभयो । समस्याको तत्कालीन समाधान स्थायी युद्धविराम हुने र प्यालेस्टिनी जनतालाई उनीहरूको भूमि फिर्ता दिनु नै दीर्घकालीन समाधान हुने उहाँले बताउनुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरुङले प्यालेस्टिनविरुद्ध इजरायली युद्धबारे विश्वमा अनेक प्रचारयुद्ध भइरहेको बताउनुभयो । प्यालेस्टिनी जनता वास्तविक पीडित हुनाले उनीहरूलाई प्रतिकारको अधिकार भएको तर इजरायलले निर्दोष प्यालेस्टिनी जनतालाई सामूहिक सजाय दिइरहेको र ठुला आकारमा नरसंहार मच्चाइरहेको विचार राख्नुभयो ।

सुस्तामा भारतीय विस्तारवादले अतिक्रमण गर्दा त्यसको विरोधमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको स्थापना भएको स्मरण गर्दै उहाँले अमेरिकी साम्राज्यवादको विरोध र प्यालेस्टिनी जनताप्रतिको ऐक्यबद्धता नेक्राविसङ्घको सोही गौरवपूर्ण इतिहासको कडी भएको उल्लेख गर्नुभयो ।

विरोधसभामा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घकी सुजी ह्यङ्गोजुले पनि बोल्नुभएको थियो । अड्डा बजारबाट सुरु भएको ऱ्याली सरस्वती बजार, पुरानो बजार, बसपार्क हुँदै सरस्वती बजारमै गएर सभामा परिणत भएको थियो । विरोध जुलुसमा 'प्यालेस्टिनी जनतालाई बाँच्न दे' !, 'युद्धविरोधी जनता एक हौँ' !, 'स्थायी युद्धविराम सम्भौता गर' !, 'जातीय सफाया बन्द गर' !, 'अमेरिकी दलाल नेतन्याहु' !, 'युद्ध सरदार बाइडेन' ! 'इजरायली फासीवाद मुर्दावाद' !, 'प्यालेस्टिनी स्वतन्त्रता जिन्दावाद' ! जस्ता नारा लगाइएको थियो ।




---

**नेपाली...**

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सोबिता गौतमले खानेपानी अभावका कारण स्थानीयहरू समस्यामा परिरहेको बताउँदै सरकार जवाफदेही ढङ्गले उपत्यकाको खानेपानी समस्या समाधानमा अग्रसर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा काठमाडौँ उपत्यकाका सङ्घीय सांसदहरूले उपत्यकाभित्रका खानेपानी तथा सरसफाइ सेवा प्रदायक पुनर्संरचनामाथि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

त्यस्तै ललितपुर महानपाका उपप्रमुख मन्जली शाक्य, चन्द्रागिरी नपाका प्रमुख घनश्याम गिरी, बुढानीलकण्ठ नपाका प्रमुख, कागेश्वरी मनोहरा नपाका प्रमुख उपेन्द्र कार्की, कीर्तिपुर नपाका उपप्रमुख शुभलक्ष्मी शाक्य, हेलम्बु गा.पा.का अध्यक्ष निमा ग्याल्जेन ह्योल्मोलगायतले मेलम्ची खानेपानी आयोजना परिणाममुखी बनाउनुपर्ने, खानेपानीका नयाँ स्रोतहरूको सम्भावना अध्ययन गर्नुपर्ने, खानेपानीको प्राकृतिक मुहान संरक्षण गर्नुपर्नेलगायतका धारणा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा खानेपानी मन्त्रालयका सचिव रामआधार शाहले कार्यक्रमको उद्देश्यमाथि प्रस्ट पार्नुभएको थियो भने सहसचिव तिरेशप्रसाद खत्रीले काठमाडौँ उपत्यका खानेपानी लि. र आयोजना कार्यान्वयन निर्देशनालयको पुनर्संरचनासम्बन्धी र मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जङ्की अहमद् अन्सारीले मेलम्ची खानेपानी आयोजनाको दिगो समाधानको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार/ सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ।

| बैंकको नाम | खाता नं (चल्ती खाता) |
| --- | --- |
| राष्ट्रिय वाणिज्य बैंक,पुतलीसडक | ११३०१०००३७६२००१ |
| कृषि विकास बैंक, रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| नेपाल बैंक लिमिटेड, काठमाडौं | ००२००१००५१००३९००००० १ |
| एभरेष्ट बैंक लिमिटेड,नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्टान्डर्ड चार्टड बैंक नेपाल लिमिटेड, लाजिम्पाट | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड, बानेश्वर | ००४०१०१०००००५७ |
| हिमालयन बैंक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| नाबिल बैंक लिमिटेड, दरबारमार्ग | १७१००१७५०५२८५ |
| हिमालयन बैंक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण** | **क्रिश्चिना**

# कार्यकर्ताहरूको प्राथमिकता केमा हुन्छ ?

*२० मङ्सिर २०८०*
*राजविराज*
*मधेश प्रदेश*

**प्रिय अम्बर दाइ,**
**शुभ-प्रभात !**

मैले हजुरकै सल्लाहमा स्नातक गरेपछि एक विद्यालयमा काम थालेँ र अर्थशास्त्रको एम.ए. कक्षामा पनि दाखिल भएँ । एम.ए. गरेपछि खुसीले म दाइकहाँ आउँदा मेरो दुवै कुम समातेर भन्नुभयो, 'अब विवाहबारे पनि सोचे भयो ।' मलाई त्यो सल्लाहले खुसी बनाएन बरु चित्त दुख्यो र त्यो कुरो आमालाई बताएँ । आमाले मलाई माया गर्नुभएको र हप्काउने शैली मिश्रित भावमा भन्नुभयो, "कस्तो लाटी तिमी शान्ता ! म भर्खर २३ वर्ष नाघेँ, दाजु ३० वर्ष लाग्नुभयो, बरु दाइले पो पहिले विवाहको उदाहरण दिनुपर्ने होइन र भनी उत्तर दिएनौ त ?" म निरुत्तर भएँ । आमा हाँसिरहनुभएको थियो । यसको जवाफ मलाई होइन आमालाई दाजुले 'के दिनुहुन्छ-भन्नुस त ?!' यसको उत्तर मसँग नभएकै कारण धेरै दिनसम्म मलाई पत्र लेख्ने आँट आएन । के लेखूँ र के नलेखूँ भएर !

अम्बर दाजु, अहिले हामी सपरिवार जाडो छल्न राजविराजमा छौँ । दाजुको चिट्ठी आमा र बुबालाई समेत देखाउन हुने गरी उत्तर लेख्नुहोला, त्यसले मेरो मन र आमाबुबाको अचम्मको जिज्ञासालाई पनि शान्त पार्नेछ ।

यसबारे शब्द र वाक्यहरूको कन्जुसी नगरी दाजुको नाम 'अम्बर' वा 'आकाश' जस्तै विषयवस्तु प्रस्ट होस् । म आशा र विश्वास गर्छु - अम्बर दाजुले हाम्रो परिवारकै जिज्ञासालाई शान्त गरिदिनुहुनेछ ।

***दाजुलाई आदर गर्ने***
***शान्ता***

*xxx xxx xxx*

***२० मङ्सिर २०८०***

**प्रिय शान्ता,**
**दिन दिनको सम्भना !**

चिठ्ठी नलेख्नु र विषयको गम्भीरतालाई म बुझ्दै छु । शान्ता, तिमीलाई र बुबा-आमालाई एक राजनैतिक कार्यकर्ता भन्ने मलाई राम्रो थाहा छ । स्वतन्त्र युवा र राजनैतिक कार्यकर्ताको बिचमा के फरक छ भन्नेबारे सबैलाई थाहा हुन पनि सक्छ, नहुन पनि सक्छ ! यसबारे प्रस्ट पार्ने कोसिस गर्छु ।

हाम्रो देश वा समाजमा विडम्बना के छ भने राजनैतिक नेता र कार्यकर्ताहरू आफैँ पार्टीको या दलको उद्देश्य, गन्तव्य र व्यवहारबारे राम्रो जानकारी नै नगरी वा जानेर पनि बेवास्ता गर्नेहरू कम छैनन् । एउटै उद्देश्य, गन्तव्य र व्यावहारिक उपायलाई जानाजान उल्लङ्घन गरी व्यक्ति र दुई-चार जनाको हितको निम्ति दलको अनुशासन भङ्ग गर्दै छन् - देशको ऐन-कानुन बनाउने सांसदहरू नै हाकाहाकी आफूले बनाएका ऐन-कानुनलाई कुल्चेर सिद्धान्त, उद्देश्य र गन्तव्यविपरीत बोल्छन् र अपराध गर्छन् । उदाहरणको निम्ति जुन व्यक्तिले एउटा दलको घोषणापत्र, कार्यक्रम लेख्छ र घोषणा गर्छ वा बैठकहरूबाट पारित गराउँछ, के त्यही व्यक्तिले दलको कार्यक्रम र घोषणापत्रको विरोध गरेर तुरुन्तै अर्को दलमा जानु राजनैतिक नैतिकताले दिन्छ ? के एक प्रहरीले चोरसँग मिलेर अपराधीसँग चोरीबाट प्राप्त रकमको भाग माग्न मिल्छ ? एक व्यक्तिले चोरी गर्नु एउटा अपराध हो । त्यसको सजाय ऐन कानुनअनुसार हुन्छ । तर, प्रहरीले चोरसँग चोरीको रकमको भाग माग्नु र लिनु एउटा अपराध मात्रै होइन बरु प्रहरीको आफ्नो कर्तव्य र शपथको समेत घात गरेको हुँदा चोरलाई एउटा सजाय हुन्छ भने सो प्रहरीलाई चोरी र कर्तव्यच्युतको अपराधको पनि दण्ड सजाय हुन्छ ।

त्यस्तै साधारण जनताले ऐन कानुन उल्लङ्घन गर्छ भने कानुनबमोजिम निश्चित अपराधको उसलाई सजाय हुन्छ । तर, सांसदले चोरी वा कुनै कानुनविरोधी अपराध गर्छ भने उसले चोरीको र सांसदको कर्तव्यच्युत ऐन कानुन मुताबिक सजाय हुनु आवश्यक हुन्छ ।

पहिले सामाजिक अपराधीले प्रतिनिधिसभा वा अन्य राजनैतिक पदको निर्वाचनमा उम्मेदवार हुन पाउँदैनथ्यो । तर, अहिले अपराधीले ऐनले तोकेको कैद सजाय भुक्तान गरेको वा जरिवाना तिरेपछि उसले राजनैतिक पदको उम्मेदवारी हुन पाउने बनाइयो । यसबाट राजनीतिक गतिविधि र राज्यका ऐन-कानुन बनाउने वा काम कारबाहीमा पूर्व अपराधीले पनि भाग लिन पाउने भयो । त्यसले समाजमा र राजनैतिक क्षेत्रमा अपराधीहरूको सङ्ख्या बढ्दै जाने स्वत: सिद्ध छ । निर्वाचनमा पैसा खर्च गर्ने, भोजभतेर वा उपहार दिने र अन्य निर्वाचन नियमावली र आचारसंहिताविपरीत काम गर्ने उम्मेदवारको उम्मेदवारी खारेज हुने तथा अन्य सजायको पनि बन्दोबस्त ऐनमा छ । तर, त्यसबारे कडाइ नगर्दा निर्वाचन आचारसंहिता उल्लङ्घनका धेरै अपराधहरू व्यवहारमा बढ्दै गएको व्यापक चर्चा र चिन्ताको विषय बन्दै छ ।

**बहिनी शान्ता,**

राजनैतिक क्षेत्रमा यस्तो राजनैतिक अनैतिकता र बढ्दै गएको राजनैतिक अन्योलको बेला एक राजनैतिक कार्यकर्ताले कसरी आफ्नो घरको र व्यक्तिगत कार्यको निम्ति प्राथमिकता दिनु उपयुक्त होला ? राजनीतिक दलहरूभित्र यस्ता राजनैतिक दृष्टिले कर्तव्यच्युत सामाजिक ऐन कानुनविरोधी अपराध र आर्थिक अपराधहरूको पहाडको उचाइ बढ्दै गएको बेला हरेक राजनीतिक दलको प्रारम्भिक समितिदेखि माथिल्ला समितिहरूसम्मै सैद्धान्तिक, राजनीतिक र सदाचारको विषयमा समेत छलफल, आलोचना र आत्मालोचनाको आन्दोलनको आवश्यकता बढ्दै छ ।

ती राष्ट्रिय अर्थात् देशको सम्पूर्ण राजनीतिक परिस्थितिमा जगैदेखि नयाँ जागरण जगाउनुपर्ने हुँदा दुई चार वर्ष सैद्धान्तिक र राजनीतिकरूपले इमानदार र समर्पित कार्यकर्ताहरूले घर छोडेर पहाड-तराई, पूर्व-पश्चिम गएर शुद्धीकरण आन्दोलन चलाउन जरुरी छ र देशको राजनीति एक निश्चित राजमार्गमा पुगेपछि विवाह गर्ने विषय आइहाल्छ नि ! त्याग र तपस्याको अर्थ शब्द फलाक्नु होइन बरु कार्यकर्ताहरूले व्यक्तिगत सुख सुविधालाई लाखापाखा लगाएर निरन्तर एउटै उद्देश्यमा चिन्तनमनन गर्नु, अध्ययन गर्नु र कार्यरत रहनु नै तपस्या हो । एउटै व्यक्ति कहिले खेलाडी, कहिले गायक, कहिले सिने कलाकार र कहिले व्यापारमा आफूखुसी लाग्नु कार्यकर्ताको समयको अपव्यय हो । तर, देशको परिस्थितिलाई नीतिगतरूपले एक क्षेत्रको चेतनाको स्तर उठाउन वा राष्ट्रिय स्तरमै कृषि वा उद्योगधन्धाको विकास गर्न अनेक उत्पादनमूलक श्रमशक्तिको विकासको निम्ति प्राविधिक कार्यकर्ता बन्न पनि तयार हुनु कार्यकर्ताको आफ्नो कर्तव्य हुनेछ ।

शान्ता, तिमीले प्रश्न गर्नेछौ - क्रान्तिकारी पार्टी भन्दैमा व्यक्तिको इच्छा र आकाङ्क्षा, व्यक्तिगत स्वार्थ र व्यक्तित्व विकासलाई कुण्ठित पार्नु के उचित होला ? त्यस्तो कडाइ गरेर देश अगाडि बढाउने हो भने निश्चय पनि एक पुस्ताका युवाहरू सबै एउटै विषयका मात्र विशेषज्ञ बन्नेछन् । शान्ता, संसारका सबै विकसित भनिएका देशहरूमा पनि आआफ्ना देशको स्वतन्त्रता र मुक्ति युद्ध, सामन्तवादविरोधी सङ्घर्षमा स्वतन्त्रता, समानता र भ्रातृत्वको निम्ति राज्य क्रान्ति र समाजवादको निम्ति पहिलो कम्युनिस्ट क्रान्तिमा होमिने पेरिस कम्युन (१८७०-७१) का युवाहरू, बेलायती क्रान्ति (१६४०) र एसिया, अफ्रिका र ल्याटिन अमेरिका (दक्षिण अमेरिकी) देशहरूका मुक्ति युद्ध र क्रान्तिहरूमा युवाहरूकै त्याग, तपस्या र बलिदानले विजय प्राप्त गरेका थिए । ती क्रान्तिकारीहरूमा सहभागी युवाहरू सबै देशभक्ति र क्रान्तिप्रति समर्पित व्यक्तित्वहरू साबित भए, विभिन्न विषयहरूमा पनि युवाहरूले विशेषज्ञता प्राप्त गरेका थिए ।

शान्ता, सुनार वा कलाकारहरूले गहना र मूर्ति बनाउँदा आगोसँग खेल्छन् र आआफ्ना सीप प्रयोग गर्छन् । मूर्तिकार र चित्रकारहरूले धेरै वर्षको मेहनतपछि मात्रै तिनीहरूले सीप प्राप्त गर्छन् वा सिद्ध कलाकारहरू हुन्छन् । शिलाकारहरूले मूर्ति वा अन्य कलाकृति बनाउँदा तिनीहरूको छिनोमाथिको हरेक हनाइमा आगाका फिलिङ्गाहरूको दर्शन हुन्छ । त्यस्तै हरेक युवा कार्यकर्ताहरू पनि अनुशासन, अध्ययन, त्याग र समर्पणले नै तिनीहरूमा व्यावहारिक ज्ञान जनताबाट प्राप्त हुन्छ, जसलाई जनताको भाषामा सिद्धि वा सिद्धहरू भन्नु उपयुक्त होला ।

शान्ता हामीले चिनेजानेका युवाहरूको समर्पण, त्याग र मेहनतको मात्रै मूल्याङ्कन गर्ने होइन हामीले नचिनेका अनेकौँ युवाहरूको त्याग र बलिदानबाट हामीले सिक्नु जरुरी छ । दोस्रो विश्वयुद्धमा रुसी क्रान्तिकारीहरूको बहादुरी, चिनियाँ कम्युनिस्ट पार्टीको 'लामो हिँडाइ' को कष्टकर सङ्घर्ष, कोरियाली र भियतनामी (लाओस र कम्बोडियाली) जनताको कष्टसाध्य बलिदानको अध्ययनले मात्रै देशभक्त र क्रान्तिकारीहरूको विश्वरूप वा सुन्दर रूपलाई हामीले देख्नेछौँ । यसकारण, शान्ता ! हामीले माथि उल्लिखित देशका देशभक्तिपूर्ण सङ्घर्ष र क्रान्तिका युवा-युवतीहरूको बहादुरी र समर्पणबाट सिक्नु अत्यन्त फलदायी हुनेछ ।

शान्ता, सामूहिक जीवनमा नगई एकलकाँटे र अरूले कोरेको बाटोमा हिँड्दा अर्कै बाटोमा पुग्ने निश्चित छ । जसरी एमाले, एमाओवादी र अनेक नामका समाजवादी दलहरू सत्ताको बन्द गल्लीमा फस्दै गए । हाम्रा केही व्यक्तिगत महत्त्वाकाङ्क्षी युवाहरूको कमी कमजोरीहरूबाट फाइदा उठाई गलत बाटोमा जानबाट रोक्नु जरुरी छ । नत्र तिनीहरू पनि कहिल्यै गन्तव्यमा नपुग्ने इतिहासको गलत बाटोमा पुग्नेछन् । यसकारण तिनीहरूलाई पछि अनावश्यक बलिदानबाट रोक्नु जरुरी छ ।

शान्ता कलमलाई म यही आराम दिन्छु । अरू पछि... ।

***सदा सम्भिरहने दाजु***
***अम्बर***

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३